सामाजिकशिक्षा

पंचायत

कक्षा ९

सामाजिक शिक्षा

पञ्चायत

कक्षा ९

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

पहिलो संस्करण २०२९
संशोधित दोस्रो संस्करण २०३०
तेस्रो संस्करण २०३१
नेपालको संविधान (दोस्रो संशोधन)
२०३२ अनुसार संशोधित चौथो संस्करण २०३२
पाँचौं संस्करण २०३३
छैटौं संस्करण २०३४
सातौं संस्करण २०३५
आठौं संस्करण २०३६
नवौं संस्करण २०३७
संशोधित दशौं संस्करण २०३८

मूल्य ३।९७

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

"राष्ट्रिय प्रतिभालाई फुलाउने, फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

– श्री ५ वीरेन्द्र



हाम्रो भनाइ

शिक्षालाई जीवन अपेक्षित गराई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता र नैतिकता जस्ता गुणहरूको विकास गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालय स्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको हो । यिनमा देखिएका कतिपय कमीहरू हटाउने र विषय वस्तुलाई समय सापेक्ष गराउने प्रयासमा बेला बेलामा संशोधन पनि भई आएका छन् ।

वि. सं. २०३६ साल ज्येष्ठ १० गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रका नाममा एक अभूतपूर्व ऐतिहासिक घोषणा गरिबक्सँदै नेपाली मात्रले सुधार सहितको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था अथवा बहुदलीय प्रजातान्त्रिक व्यवस्था मध्ये कुन मन पराउँदा रहेछन् यस बारे जनमत संग्रह गर्न घोषणा गरिबक्स्यो । लगभग एक वर्षको तयारीपछि नेपालका बहुसंख्यक जनताले सुधारसहितको पञ्चायत व्यवस्थाको पक्षमा स्पष्ट मत प्रदान गरेपछि तदनुसार २०३७ साल पौष १ गते श्री ५ महाराजाधिराजबाट सुधार सहितको संविधान बक्सियो । यसबाट स्पष्टतः पाठ्य पुस्तकहरूमा पनि सुधार, परिवर्तन र संशोधन गर्नुपर्ने भएकोले तदनुरूप कक्षा ९ को पञ्चायतको पाठ्य पुस्तक संशोधन गरिएको छ।

यो पाठ्य पुस्तकका मूल लेखक श्री भगवान रत्न तुलाधर हुनुहुन्छ र यसको पहिलो प्रकाशन २०२९ मा भएको थियो । संशोधित रूपमा तयार पारिएको यो पुस्तकका संशोधनकर्ता श्रीमती माया सिटौला हुनुहुन्छ ।

यस पाठ्य पुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयतग र शैलीगत त्रुटिहरू अझ हट्न नसकेका होलान् । तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझाव यो केन्द्र सदैव स्वागत गर्दछ।

श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
हरिहर भवन, पुलचोक
ललितपुर, नेपाल।

दुई शब्द

हाम्रो देशमा शैक्षिक विकास तर्फ यस केन्द्रले महत्त्वपूर्ण जिम्मेवारी वहन गर्दै आएको कुरा सर्वविदितै छ । यसै क्रममा विद्यालय स्तरका सबै पाठ्यपुस्तकको पाण्डुलिपि सम्पादन, चित्र-हरूको संयोजन, डिजाइन, मुद्रण, प्रकाशन तथा अधिराज्यभरि कक्षा १ देखि कक्षा १० सम्मका पाठ्यपुस्तकहरू प्राथमिक स्तरको कक्षा ३ सम्म निःशुल्क तथा अन्य कक्षाहरूको निमित्त बिक्री-वितरणको व्यवस्था गर्ने गहनतम उत्तरदायित्व पनि यस केन्द्रको काँधमा छ । साथै अध्ययन-अध्यापनको स्तर विकासमा सहयोग पुऱ्याउन पाठ्यपुस्तकका अतिरिक्त यस केन्द्रले अभ्यास पुस्तिका, विज्ञानका सरल सामग्रीहरू, शैक्षिक नक्शा, रमाइला बाल-साहित्य आदि शैक्षिक सामग्रीहरूको रचना, विकास तथा उत्पादन गरी उचित मूल्यमा उपलब्ध गराउने लक्ष्य पनि राखेको छ ।

पञ्चायत कक्षा ६ को पहिलो प्रकाशन २०२६ मा भएको हो । पाठ्यपुस्तकहरूको विकास गराउने क्रममा विषयवस्तुलाई समय सापेक्ष तुल्याउन २०३८ को यस संस्करणमा आवश्यक संशोधन गरी यो पुस्तक प्रकाशित गरिएको छ । स्तर अनुकूल यस पुस्तकलाई रुचिपूर्ण बनाउने तर्फ केन्द्रले यथाशक्ति प्रयत्न गरेको छ ।

पुस्तक प्रकाशन सम्बन्धी त्रुटि हुन नदिन केन्द्र प्रयत्नशील छ तैपनि कतै त्यस्तै त्रुटि देखिन आएमा शिक्षक, अभिभावक, विद्यार्थी तथा प्रबुद्ध पाठकवर्गको उचित रायसल्लाह अनुसार आगामी संस्करणदेखि सुधार गर्दै लैजान यो केन्द्र सधैं सचेष्ट रहने छ ।

यस पुस्तकको प्रकाशनमा केन्द्रभित्र तथा बाहिरका समस्त सहयोगीहरूप्रति यो केन्द्र विनम्र धन्यवाद ज्ञापन गर्दछ ।

माघ, २०३८

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

विषय सूची

खण्ड एक : हाम्रो संविधान

१. हाम्रो संविधानका प्रमुख विशेषताहरू १
२. नागरिकता ८
३. निर्वाचन आयोग १२
४. लोकसेवा आयोग १६
५. महालेखा परीक्षक २०

खण्ड दुई : राजनीतिक पक्ष

१. राजा र राजमुकुट २४
२. स्व. श्री ५ महेन्द्र र पञ्चायती प्रजातन्त्र २८
३. निर्दलीय पञ्चायती प्रजातन्त्र ३३
४. पञ्चायती प्रजातन्त्र र शोषणरहित समाज ३७
५. विकेन्द्रीकरण ४०

खण्ड तीन : आर्थिक पक्ष

१. नेपालको अर्थतन्त्रका प्रमुख विशेषता ४६
२. योजनाबद्ध अर्थतन्त्र ५१
३. छैटौं योजना(२०३७–२०४२) ५६
४. शोषणरहित समाज ६१
५. घरेलु उद्योग ६७
६. ठूला उद्योग ७२

खण्ड चार: सामाजिक पक्ष

१. नयाँ मुलुकी ऐन ७७

खण्ड एक

हाम्रो संविधान

हाम्रो संविधानका प्रमुख विशेषताहरू

कुनै पनि राज्यको निमित्त संविधानको आवश्यकता हुन्छ । सरकार र जनता दुवैले समान रूपले पालन गर्ने राज्यको मूल कानून संविधान हो । हाम्रो देशमा प्रजातन्त्र हुनुभन्दा पहिले हुकुमी शासन थियो । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि मात्र संविधान अनुसार शासन सञ्चालन गर्ने प्रथा चल्यो । हाल "नेपालको संविधान २०१९" अनुसार हाम्रो देशको शासन व्यवस्था सञ्चालन भैरहेको छ । २०१७ सालको राजनीतिक परिवर्तन पछि स्वर्गीय श्री ५ महेन्द्रबाट यो संविधान जारी गरिबक्सेको हो । हरेक संविधानमा आफ्नो देशको परिस्थिति अनुकूल विशेष व्यवस्थाहरू गरिएका हुन्छन् । हाम्रो संविधानमा पनि समय र परिस्थिति अनुकूल संशोधन गरिने व्यवस्था छ । "नेपालको संविधान २०१९" लाई २०२३ सालमा पहिलो पटक, २०३२ सालमा दोस्रो पटक र २०३७ सालमा तेस्रो पटक संशोधन गरियो । तर यसो भएतापनि हाम्रो संविधानमा पञ्चायती व्यवस्थाको आधारभूत कुराहरू भने परिवर्तन हुँदैनन् । हाम्रो पञ्चायती व्यवस्थाका विशेषताहरू तल बयान गरिन्छन् ।

१. हाम्रो संविधान राजप्रदत्त संविधान हो

नेपाल र नेपालीका संरक्षक श्री ५ महाराजाधिराज सम्पूर्ण शक्तिका स्रोत होइबक्सिन्छ । हाम्रो ऐतिहासिक परम्परा, रीति एवं कानून अनुसार संविधान जारी गर्ने सर्वाधिकार **श्री ५** मा निहित छ । देशको परिस्थिति तथा वातावरण अनुसार समयसमयमा संविधानहरू **श्री ५** बाट जारी गरिबक्सन्छ । स्वर्गीय श्री ५ त्रिभुवनबाट "अन्तरिम शासन विधान २००७" प्रदान गरिबक्सेको थियो । त्यसपछि "नेपाल अधिराज्यको संविधान, २०१५" स्वर्गीय श्री ५ महेन्द्रबाट जारी गरिबक्सेको थियो । तर संसदीय प्रणालीको उक्त संविधान नेपालको परिस्थिति प्रतिकूल सिद्ध भयो । तसर्थ मौसूफबाट माटो सुहाउँदो "नेपालको संविधान २०१९" जारी गरिबक्स्यो । यसरी हाम्रो संविधान **श्री ५** बाट जारी गरिबक्सेको राजप्रदत्त संविधान हो ।

२. संविधान मूल कानून हो

हाम्रो संविधान लिखित संविधान हो । यसमा ९४ धारा र ४ ओटा अनुसूचीहरू छन् । पूरा संविधानलाई २० भागमा विभाजन गरिएको छ । यो संविधान नेपालको मूल कानून हो । तसर्थ संविधानमा लेखिएका कुराहरूसँग बाझिने अरू कानूनहरू स्वतः रद्द हुन्छन् ।

नयाँ कानूनहरू संविधानमा लेखिएका कुराहरूको अधीनमा रही बनाउनुपर्दछ ।

३. हाम्रो संविधानमा प्रस्तावनाको विशेष महत्त्व छ

प्रस्तावना संविधानको प्रवेशद्वार हो । संविधानदाताले आफ्नो उद्देश्य, मनसाय र लक्ष्य इत्यादि प्रस्तावनामा प्रकट गरेको हुन्छ । हाम्रो संविधानको प्रस्तावना यसबाहेक अरू कुराले पनि विशेष महत्त्वपूर्ण छ । महान् राजनीतिज्ञ स्व. श्री ५ महेन्द्रले विकेन्द्रीकरणको सिद्धान्तमा आधारित दलविहीन प्रजातान्त्रिक सिद्धान्त प्रतिपादन गरी संविधानको प्रस्तावनालाई एक राजनीतिक दर्शनको रूपमा प्रस्तुत गरिबक्सेको छ । पञ्चायती व्यवस्थाले मात्र नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नति सम्भव छ तथा त्यसको आधार लोक सम्मति अनुकूल शासन व्यवस्था हुने भन्ने कुरामा संविधानदाताको दृढ विश्वास रहेको कुरा प्रस्तावनाबाट ज्ञात हुन्छ ।

४. हाम्रो संविधानमा श्री ५ को सर्वोच्च स्थान

नेपालको सार्वभौमिकता श्री ५ मा निहित रहेको छ । कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार मौसूफमा निहित छन् । मन्त्री-परिषद्, राष्ट्रिय पञ्चायत र सर्वोच्च अदालतले प्रयोग गर्ने अधिकारहरू मौसूफबाट निःसृत हुन्छन् । राजमुकुटको नेतृत्व देशको एक मात्र उज्ज्वल भविष्यको आधार हो । "राजा सबैको साझा" भन्ने कथन हाम्रो देशमा व्याप्त छ । प्रजाको सुख नै राजाको सुख हो भन्ने सिद्धान्तमा हाम्रो राज्य व्यवस्था आधारित छ ।

५. हाम्रो संविधान निर्दलीय प्रजातान्त्रिक सिद्धान्तमा आधारित

नेपालमा संसदीय प्रणाली असफलसिद्ध भयो । त्यति मात्र होइन, राजनीतिक दलहरूको राष्ट्रघातक चालबाजीले गर्दा सर्वसाधारण जनता विचलित हुन थाले । त्यसकारण पञ्चायती संविधानले बहुमत होइन, सर्वमतलाई आधार मानेको छ। पञ्चायती व्यवस्था लोकसम्मतिमा आधारित व्यवस्था हो । हाम्रो पञ्चायती व्यवस्थामा राजनीतिक दलहरूको आवश्यकता छैन । राष्ट्रिय परम्परामा आधारित सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने व्यवस्थाले मात्र देश विकास सम्भव हुने भएकोले स्वर्गीय श्री ५ महेन्द्रबाट पञ्चायती व्यवस्था ल्याइबक्सेको हो । तसर्थ हाम्रो संविधानले निर्दलीय प्रजातान्त्रिक सिद्धान्त अँगालेको छ ।

६. हाम्रो संविधानमा राजतन्त्रात्मक हिन्दू अधिराज्यको घोषणा

नेपाल एक स्वतन्त्र हिन्दू अधिराज्य र सार्वभौमसत्ता सम्पन्न राज्य हो भनी संविधानमा घोषणा गरिएको छ । विश्वमा एक मात्र हिन्दू अधिराज्य नेपाल हो । हाम्रो देश हिन्दू अधिराज्य भएतापनि यहाँ हिन्दू, बौद्ध, मुस्लिम आदि धर्मावलम्बीहरू समान रूपले मिलेर बसेका छन् ।

नेपालमा परापूर्व कालदेखि धार्मिक सहिष्णुता रहँदै आएको छ। यो परम्परा आज-सम्म विद्यमान छ। यसरी हाम्रो परम्परागत रीति र गौरवलाई संविधानमा विधिवत् घोषणा गरिएको छ ।

७. हाम्रो संविधानमा जनताको मौलिक कर्तव्य र हकको सुरक्षा

हाम्रो संविधानमा स्वतन्त्रता, समानता लगायत सबै प्रमुख हकहरू अन्य प्रजातान्त्रिक संविधानमा सरह प्रदान गरिएका छन्। ती हकहरू प्रयोग गर्न बाधा दिन नपाउने व्यवस्था गरिएको छ । मौलिक हक हनन भएमा त्यसको संरक्षण गर्न सर्वोच्च अदालतमा रिट निवेदन दिन पाउने संवैधानिक व्यवस्था छ । साथै नागरिकहरूका कर्तव्यहरू पनि तोकिएका छन् । राष्ट्रप्रति आस्था राख्नु र अधिराज्यप्रति वफादार रहनु हाम्रा मौलिक कर्तव्यहरू हुन् । यिनीहरूको अभावमा अधिकारको उपयोग सम्भव हुँदैन । यसरी हाम्रो संविधानमा सबै नागरिकहरूलाई कर्तव्यनिष्ठ बनाउने व्यवस्था छ । त्यस्तै सबै नागरिकहरूका मौलिक हकहरू पनि सुरक्षित गरिएका छन् ।

८. हाम्रो संविधान अनुसार मन्त्रिपरिषद् राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी

श्री ५ महाराजाधिराजमा सबै कार्यकारिणी अधिकार निहित छ। **श्री ५** बाट मौसूफको कार्यकारिणी अधिकारहरू मन्त्री–परिषद् मार्फत प्रयोग गरिबक्सने व्यवस्था छ। कार्यकारिणी काममा **श्री ५** लाई सहायता दिन एक मन्त्री-परिषद् रहन्छ। **श्री ५** बाट प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्री–परिषद्को गठन गरिबक्सन्छ। राष्ट्रिय पञ्चायतका निर्वाचित तथा मनोनीत सदस्यहरू मध्येबाट मन्त्री–परिषद्को गठन हुन्छ। प्रधानमन्त्री पदमा उठ्ने व्यक्तिलाई राष्ट्रिय पञ्चायतको संपूर्ण सदस्य संख्याको पच्चीस प्रतिशत सदस्यहरूले प्रस्ताव र समर्थन गरेको हुनु पर्छ। त्यस्तो व्यक्ति एक जना मात्र उम्मेदवार भए वा एकभन्दा बढी उम्मेदवार भएमा साठी प्रतिशत वा सोभन्दा बढी बहुमतद्वारा निर्वाचित हुनु पर्छ। बहुमतद्वारा निर्वाचित व्यक्तिलाई **श्री ५** को हजूरमा प्रधानमन्त्री पदको लागि सिफारिश चढाउनु पर्नेछ । सो व्यक्तिलाई **श्री ५** बाट प्रधान मन्त्री पदमा नियुक्ति गरिबक्सन्छ। प्रधानमन्त्री, उप–प्रधानमन्त्री तथा अरू मन्त्रीहरू राष्ट्रिय पञ्चायत प्रति सामूहिक तथा व्यक्तिगत रूपमा आफनो मन्त्रालयको कामको लागि उत्तरदायी हुन्छन् ।

९. हाम्रो संविधान अनुसार राष्ट्रिय पञ्चायत एक मात्र व्यवस्थापिका

हाम्रो पञ्चायती व्यवस्था तीन तहमा विभाजित छ । तीमध्ये सबैभन्दा माथिल्लो तह राष्ट्रिय पञ्चायत हो । राष्ट्रिय पञ्चायत मुलुकको एक मात्र एक सदनात्मक व्यवस्थापिका हो । संविधानको तेस्रो संशोधन अनुसार संपूर्ण नेपाल अधिराज्यभरि पाँच

पाँच वर्षमा बालिग मताधिकार अनुसार ग्राम जनतावाट राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचन हुन्छ । अतः हाम्रो राष्ट्रिय पञ्चायत एक स्थायी व्यवस्थापिका हो ।

राष्ट्रका प्रमुख समस्या ऐन तथा कानूनमाथि यहाँ विचार, छलफल र निर्णय गरिन्छ । श्री ५ को सरकार वा राष्ट्रिय पञ्चायतका सदस्यहरूद्वारा विधेयकहरू पारित गर्नको लागि सम्बन्धित समितिमा प्रस्तुत गरिन्छन् र समितिबाट राष्ट्रिय पञ्चायतमा प्रस्तुत गरिन्छन् । राष्ट्रिय पञ्चायतबाट पारित भएका विधेयकहरूमा श्री ५ बाट स्वीकृति बक्सेपछि ऐन बन्दछन् । विधेयकमा सदस्यहरूले स्वतन्त्रतापूर्वक छलफल गर्दछन् । राष्ट्रिय पञ्चायतको बैठक सम्बन्धी कार्यवाही खुला हुन्छ । श्री ५ बाट ऐन कानून जारी गरिबक्सँदा सामान्यतः राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मति लिइबक्सन्छ । यसरी राष्ट्रिय पञ्चायतलाई विधि निर्माण गर्ने पूर्ण अधिकार प्राप्त छ ।

१०. हाम्रो संविधानमा राजसभाको व्यवस्था

श्री ५ लाई राजकाज सम्बन्धी काममा राय सल्लाह दिन एक राजसभा रहने व्यवस्था छ । राजसभाको प्रमुख काम राजगद्दीको उत्तराधिकारीको सम्बन्धमा घोषणा गर्नु हो । यसमा श्री ५ बाट तोकिबक्सेका राजपरिवारका सदस्यहरू प्रधानमन्त्री, मूल पुरोहित बडा गुरुज्यू इत्यादि व्यक्ति पदेन सदस्य हुन्छन् । विशिष्ट काम गरेका ख्यातिप्राप्त केही व्यक्तिहरूलाई पनि श्री ५ बाट सदस्य मनोनीत गरिबक्सने व्यवस्था छ । देशमा विशिष्ट बुद्धिमान र अनुभवी व्यक्तिहरू रहेको राजसभाको सल्लाह महत्त्वपूर्ण हुन्छ । संविधानमा उल्लिखित खास–खास कुरामा श्री ५ बाट राजसभाको परामर्श गरिबक्सन्छ । अन्य कुराहरूमा पनि श्री ५ बाट चाहिबक्सेमा राजसभासँग परामर्श गर्न सकिबक्सन्छ । राजसभाको राय सल्लाह मान्न श्री ५ बाध्य होइबक्सन्न ।

११. हाम्रो संविधानमा स्वतन्त्र न्यायपालिकाको व्यवस्था

सर्वोच्च अदालत नेपालको सबभन्दा माथिल्लो तहको अदालत हो । सर्वोच्च अदालतका न्यायाधीशहरू श्री ५ बाट नियुक्त गरिबक्सन्छ । त्यसमाथि राष्ट्रिय पञ्चायत वा मन्त्री-परिषद्को कुनै विशेष नियन्त्रण हुँदैन । यो स्वतन्त्र न्यायपालिका हो । हाम्रो संविधान अनुसार जनताका मौलिक हकहरूको रक्षा गर्नु यसको एक प्रमुख काम हो । सर्वोच्च अदालतलाई शुरू तहको मुद्दा हेर्ने, पुनरावेदन सुन्ने इत्यादि अधिकार प्राप्त छ ।

१२. हाम्रो संविधानमा विकेन्द्रीकरणको सिद्धान्त

प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई शरीक गराई देशको प्रतिभा र साधनलाई बढी भन्दा बढी परिचालन गर्ने पञ्चायती व्यवस्थाको लक्ष्य हो । यसै अनुरूप विकेन्द्रीकरणको

सिद्धान्तलाई हाम्रो संविधानमा एक अङ्गको रूपमा उल्लेख गरिएको छ । गाउँलेको समस्या गाउँलेद्वारा नै समाधान गरी विकासको मल फुटाउने हाम्रो लक्ष्य अनुसार विकेन्द्रीकरणको सिद्धान्त अपनाइएको छ ।

१३. हाम्रो संविधानमा निर्देशक सिद्धान्तहरूको उल्लेख

पञ्चायती व्यवस्था नेपालीहरूको चौतर्फी विकास गर्ने व्यवस्था हो । साथै वर्तमान पञ्चायती व्यवस्था नौलो व्यवस्था पनि हो । यस व्यवस्थाको आदर्श उद्देश्य र लक्ष्यहरू प्राप्त गर्न अपनाइने मार्गहरूको दिग्दर्शन "पञ्चायती प्रणालीका निर्देशक सिद्धान्त" मा गरिएको छ । यस भागमा लेखिएका कुराहरू सामान्य मार्गदर्शन मात्र हुन् । विकासोन्मुख देशमा यस्तो मार्ग-दर्शन आवश्यक मानिएको छ । पञ्चायती व्यवस्थाको उद्देश्य प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना गरी जनकल्याणको अभिवृद्धि गर्नु हो । यो उद्देश्य प्राप्त गर्न राजनीतिक, आर्थिक र सामाजिक लक्ष्यहरू यस भागमा उल्लेख गरिएका छन् । यी निर्देशक सिद्धान्तहरू व्यवहारमा ल्याउन्, श्री ५ को सरकारको कर्तव्य हो । भूमिसुधार कार्यक्रम, नयाँ मुलुकी ऐन इत्यादि यिनै सिद्धान्तको प्रभावका परिणामहरू हुन् ।

१४. हाम्रो संविधानमा वर्गीय सङ्गठनहरूलाई मान्यता

हाम्रो संविधानमा वर्गीय सङ्गठनहरू गठन गर्ने व्यवस्था छ। यी सङ्गठनहरूले विभिन्न वर्गहरूको हितमा सामञ्जस्य ल्याउँदछन् । यी सङ्गठनहरूले आफ्नो आफ्नो वर्गको प्रतिनिधित्व गर्दछन्। स्थानीय पञ्चायतहरूलाई जनशक्तिको परिचालनमा सघाउ पुऱ्याउन स्थानीयस्तर-देखि केन्द्रीयस्तरसम्म वर्गीय सङ्गठनहरूको व्यवस्था गरिएको छ ।

१५. हाम्रो संविधानमा संशोधन गर्ने प्रणाली

संविधानमा संशोधन गर्ने प्रणाली पनि यस संविधानमा उल्लेख भएको छ । संविधानमा समयानुकूल संशोधनहरू हुनु वाञ्छनीय छ । विधान परिवर्तनशील भएन भने समयानुसार शासन व्यवस्था चल्न सक्तैन । तसर्थ हाम्रो संविधान परिवर्तनशील छ । **श्री ५** बाट संशोधन गर्न उचित ठानिबक्सेका बखत विशेष समितिको सभा बोलाइबक्सन्छ । त्यस विशेष समितिमा राष्ट्रिय पञ्चायतको निर्देशक समिति र राजसभाको स्थायी समितिका सदस्यहरू हुन्छन् । **श्री ५** बाट उक्त समितिसँग परामर्श लिइबक्सेपछि शाही घोषणाद्वारा हाम्रो संविधानमा संशोधन हुन सक्तछ । यसरी समय र आवश्यकता अनुकूल परिवर्तन ल्याउने व्यवस्था अनुसार हालै तेस्रो संशोधन २०३७ **श्री ५** बाट जारी गरिबक्सेको छ ।

१६. अख्तियार दुरुपयोग निवारण आयोग

नेपालको संविधान २०१९ को दोस्रो संशोधन २०३२ ले अख्तियार दुरुपयोग निवारण

आयोगको गठन गर्नाको साथै यसलाई संवैधानिक मान्यता प्रदान गरेको छ । यस आयोगले अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा आयोगका प्रमुख आयुक्तद्वारा वा आयोगले नेपालको राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सरकारी सेवामा रहेका पदाधिकारीद्वारा हेरी किनारा गर्नेछ ।

अभ्यास

१. "हाम्रो संविधानमा पञ्चायती व्यवस्थाका आधारभूत कुराहरू उल्लेख भएका छन्" व्याख्या गर्नुहोस् ।

अथवा

हाम्रो संविधानका प्रमुख विशेषताहरू मध्ये कुनै तीन ओटाको उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस् ।

२. हाम्रो संविधानका विशेषताहरू मध्ये तलका कुनै चार ओटाको उपयुक्त उदाहरणसहित व्याख्या गर्नुहोस् ।

१. राजप्रदत्त संविधान २. हाम्रो संविधान मूल कानून हो ३. श्री ५ को सर्वोच्च स्थान ४. प्रस्तावनाको विशेष महत्त्व ५. निर्देशक सिद्धान्तको उल्लेख ६. वर्गीय सङ्गठनहरूलाई मान्यता ।

३. हाम्रो संविधानका प्रमुख विशेषताहरू के के हुन् ? कुनै ६ ओटाको छोटकरीमा बयान गर्नुहोस् ।

४. तलका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उत्तरमा अगाडि यस्तो (√) चिन्ह लगाउनु होस् ।

(क) हाम्रो संविधानमा श्री ५ को सर्वोच्च स्थान छ, किनभने–

( ) कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार मौसूफमा निहित छन् ।
( ) नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित छ ।
( ) उपर्युक्त दुवै उत्तरहरू ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तरहरू ठीक छैनन् ।

(ख) हाम्रो संविधानका विशेषताहरू मध्ये एक प्रमुख विशेषता–

( ) राजप्रदत्त संविधान हुनु हो ।
( ) संविधान २०१९ सालमा जारी हुनु हो ।
( ) पूरा संविधान २० भागमा विभाजन हुनु हो ।
( ) संविधानमा ९४ धाराहरू हुनु हो ।

५. खाली ठाउँमा तल दिइएका मध्ये उपयुक्त जवाफ भर्नुहोस्

(क) हाम्रो संविधानमा.....ओटा अनुसूचीहरू छन् ।

(१) २० धाराहरू र ४ (२) ९४ धाराहरू र ४ (३) ६ धाराहरू र ९७ (४) १५ धाराहरू र ५

(ख) स्वर्गीय श्री ५ महेन्द्रले .....गते नेपालको संविधान जारी गरिबक्स्यो ।

(१) २०१९ साल पुस १ (२) २०१७ साल पुस १ (३) २००७ साल फागुन ७ (४) २०२० साल माघ १

(ग) श्री ५ लाई राजकाजसम्बन्धी काममा राय सल्लाह दिन एक.....रहनेछ ।

१. मन्त्री-परिषद् २. राजसभा ३. न्यायपालिका ४. राष्ट्रिय पञ्चायत ।

(घ) हाम्रो देशको अरू धर्मावलम्बीहरूले पनि सनातन कालदेखि चलिआएको आफ्नो धर्म पालन गर्न पाउँछन् । अतः हाम्रो देश हिन्दू राज्य भएतापनि.....गुणले परिपूर्ण छ ।

१. धार्मिक २. हिन्दूधर्मको ३. नेपाली धर्मको ४. धर्मनिरपेक्षताको

नागरिकता

प्राचीन कालमा नगर निवासीलाई नागरिक भन्दथे । त्यस बखत नगर राज्यहरूको चलन थियो । प्राचीन ग्रीस, रोम, इत्यादि नगर राज्यहरूका उदाहरण हुन् । नगरभित्रका बासिन्दाहरूमध्ये पनि सीमित व्यक्तिलाई मात्र नागरिक भनिन्थ्यो । विदेशी तथा दास इत्यादिलाई नागरिकताबाट वञ्चित गरिएको थियो । तर कालान्तरमा धेरै परिवर्तन भयो । वैज्ञानिक उपलब्धि, सामूहिक सुरक्षाको भावना इत्यादि कारणहरूले गर्दा नगर राज्यहरू विलीन भए तथा राष्ट्र राज्यहरू स्थापित भए। नगर निवासीहरूलाई मात्र नागरिक भन्ने विचारधारामा पनि साथसाथै परिवर्तन भयो ।

आधुनिक परिभाषा अनुसार कुनै राज्यको सिमानाभित्र नगर, गाउँ, जहाँसुकै बस्ने बासिन्दा पनि त्यस राज्यको नागरिक मानिन्छ । धनी, गरीब, स्त्री, पुरुष, कालो, गोरो, जुनसुकै वर्णको व्यक्ति पनि नागरिकताबाट वञ्चित हुँदैन । नागरिक नै कुनै पनि देशको मेरुदण्ड हो ।

१. नागरिकताका सामान्य शर्तहरू

नागरिकता शब्दले नागरिकको आफ्नो राज्यसँगको सम्बन्ध बोध गराउँछ । हामी नेपालका नागरिक हौं, तसर्थ हाम्रो नागरिकता नेपाली हो । हामी अरू कुनै देशका नागरिक भयौं भने नेपालको नागरिकता छोड्नुपर्छ । नागरिकताको आफ्नो राज्यसँगको सम्बन्ध साधारणतया तीन शर्तहरूमा आधारित हुन्छ । ती शर्त हुन् —

(क) नागरिकता आफ्नो राज्यप्रतिको भक्ति, भावना र आस्था हो। हाम्रो संविधान अनुसार नागरिकहरूका मूल कर्तव्यहरू नेपाल अधिराज्यप्रति आस्था र वफादारी राख्नु, कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरुको हकको हनन नहुने गरी गर्नु, संविधान बमोजिमको व्यवस्था पालन गर्नु, नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल नपर्ने तथा सार्वजनिक र व्यक्तिगत सम्पत्तिको हानीनोक्सानी हुने कार्य नगर्ने आदि छन्। तसर्थ नागरिकता एक प्रकारको नैतिक उत्तरदायित्व हो । आफ्नो देशको भलो सोच्नु र काम गर्नु प्रत्येक सच्चा नागरिकको कर्तव्य हो ।

(ख) आफ्नो राज्यको राजनीतिक, सामाजिक र आर्थिक कार्यकलापमा भागलिन पाउने अधिकार नागरिकता हो । नागरिकलाई आफ्नो देशको सम्पूर्ण राजनीतिक अधिकार प्राप्त हुन्छ । अनागरिक छुट्टयाउने कसी पनि यही हो ।

(ग) नागरिक राज्यको सदस्य हो । कुनै राज्यको सिमानाभित्रको स्थायी बासिन्दा साधारणतः त्यस राज्यको नागरिक हुन्छ । केही समय बाहिर मुलुकमा बसे तापनि नागरिकको

आफ्नो देशसँग सम्बन्ध कायम नै रहन्छ । सदस्यको नाताले नागरिकले आफ्नो राज्यको कानून पालन गर्दछ । यसरी सच्चा नागरिकले देशलाई खाँचो परेको बखत आफ्नो ज्यू–ज्यान दिन पनि कम्मर कस्नुपर्छ ।

२. नेपालको संविधानमा नागरिकताको किसिम

हाम्रो संविधानको भाग २ मा नागरिकताको बारेमा लेखिएको छ । नेपालमा जन्म भएको मानिस र नेपाली नागरिकको सन्तान नेपालको जन्मसिद्ध नागरिक हुन्छ । नेपाली नागरिकको विदेशमा जन्मेको सन्तानको जन्म रजिष्ट्रेशन यस देशको शाही राजदूतावास वा कानूनले तोकिएको अन्य कुनै कार्यालयमा एक वर्षभित्र गराइएको हुनुपर्दछ । यसरी दर्ता गरिएको व्यक्ति पनि नेपालको जन्मसिद्ध नागरिक हुनेछ । विदेशी मुलुकको जस्तैः– चीन, भारत इत्यादिको नागरिकले पनि नेपालको नागरिकता लिन सक्तछ । यस्तो किसिमको नागरिकतालाई अङ्गीकृत नागरिकता भनिन्छ । यसरी नागरिकता जन्मसिद्ध वा अङ्गीकृत दुई किसिमका हुन सक्दछन् ।

३. संविधानको प्रारम्भको समयको नागरिकता

हाम्रो संविधान प्रारम्भ हुँदा (अर्थात् २०१९ साल पुस १ गते) नेपालमा स्थायी वासस्थान भएका देहायका प्रत्येक व्यक्ति नेपालका नागरिक ठहर्दछन्–

१. जो नेपालमा जन्मेको हो ।
२. जसको आमाबाबुमध्ये एकजना नेपालमा जन्मेको हो ।
३. नेपालको नागरिकसँग वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस ।
४. नेपालको कानून बमोजिम जसले नागरिकताको प्रमाण-पत्र लिइसकेको छ । यति व्यक्तिहरू हाम्रो संविधानको धारा ७ अनुसार नेपालको नागरिक ठहरिन्छन् ।

४. नागरिकता प्राप्ति

अरू देशमा जन्मेका वा अरू देशको नागरिकले नेपालको नागरिकता लिन सक्दछ । यसको निम्ति देहायमा लेखिएका शर्तहरू पूरा गरेको हुनुपर्दछ । त्यसको निमित्त दरखास्त परेपछि नागरिकता दिने वा नदिने अधिकार श्री ५ को सरकारमा सुरक्षित रहन्छ ।

१. नेपालको राष्ट्रभाषा लेख्न र बोल्न जानेको हुनुपर्दछ ।
२. जीवन निर्वाहको साधन अर्थात् खान, लाउन पुग्ने कमाइ भएको हुनुपर्छ ।
३. आफ्नो पहिलेको नागरिकता छोड्ने कारवाई रीतपूर्वक ल्याएको हुनुपर्दछ ।
४. नेपाली उत्पत्तिको व्यक्ति (अर्थात् प्रवासी नेपाली) भएमा दुई वर्ष र अरू भएमा १५ वर्ष नेपालमा बसोबास गरेको हुनुपर्दछ ।
५. असल चालचलन भएको हुनुपर्दछ ।

६. प्रचलित कानून बमोजिम नागरिकता दिन बाधा नपर्ने हुनुपर्दछ वा नेपालमा नागरिकता दिन बाधा नपर्ने विदेशी मुलुकको नागरिक हुनुपर्दछ ।

७. नेपाली नागरिकसँग रीतपूर्वक विवाह गर्ने विदेशी स्वास्नी मानिसको हकमा निजले सो विदेशको नागरिकता त्यागेमा तुरुन्त नेपालको नागरिकता प्राप्त गर्न सक्छिन् ।

८. तर विज्ञान, कला, दर्शन, साहित्य र विश्व शान्तिको निम्ति विशिष्ट योगदान दिएको मानिसको हकमा उपर्युक्त प्रतिबन्ध लाग्ने छैन ।

५. नागरिकता समाप्ति

नागरिकहरूलाई नागरिकताबाट वञ्चित गर्न पनि सकिन्छ । जन्मसिद्ध वा अङ्गीकृत नागरिक दुवैले देशको विरुद्ध निम्न लिखित काम गरेमा श्री ५ को सरकारको आदेशबाट उनीहरूलाई नेपालको नागरिकताबाट वञ्चित गर्न सकिन्छ ।

१. नेपालको विरुद्ध हात हतियार उठाएमा, उठाउने कुचेष्टा गरेमा वा राज्यको विरुद्ध कुनै अपराध गरेमा ।

२. लडाईंको समयमा र अरू सङ्कटकालीन अवस्थामा राज्यको सेवा नगरेको वा गर्न नखोजेमा ।

३. नेपालको विरुद्ध कुनै शत्रु राज्यको कुनै प्रकारबाट सहायता गरेमा ।

६. नागरिकता त्याग

अरू देशको नागरिक हुन स्वेच्छाले चाहेमा नेपालको नागरिकले त्यस देशको नागरिकता लिन सक्तछ । तर त्यसो गर्न श्री ५ को सरकारमा दरखास्त दिएर नेपालको नागरिकता त्याग गर्नुपर्दछ ।

७. नागरिकताको लोप

आफ्नो इच्छाले विदेशी मुलुकको नागरिकता प्राप्त गर्ने मानिसको नेपाली नागरिकता लोप हुन्छ । एकैजना मानिस दुई देशको नागरिक हुन पाउँदैन । तर वंश र जन्मेको नाताले कुनै मानिस नेपालको र अरू विदेशी मुलुकको समेत नागरिक हुनसक्छ । त्यस्तो मानिसले १६ वर्ष उमेर पुगेको ५ वर्षभित्र कुनै एक मुलुकको नागरिकता रोज्नु पर्दछ । त्यसरी नागरिकता रोजेन भने त्यस्तो मानिसको नेपाली नागरिकता स्वतः लोप भएर जान्छ ।

अभ्यास

१. नागरिकताको परिभाषा गर्नुहोस् र नागरिकताका सामान्य शर्तहरू के के हुन् ? लेख्नुहोस् ।

२. के कस्तो काम गरेमा नागरिकताबाट वञ्चित गरिन्छ ? नागरिकताबाट वञ्चित हुनु र नागरिकता लोप हुनुमा के फरक छ ? स्पष्ट लेख्नुहोस् ।

३. विदेशीहरूले नेपालको नागरिकता पाउन के के शर्त पूरा गर्नुपर्दछ ?

वा

संविधान प्रारम्भको समयमा कस्ता व्यक्तिहरू नेपालको नागरिक ठहर्दछन् ? लेख्नुहोस् ।

४. ठीक उत्तर अगाडि यस्तो √ चिन्ह लगाउनुहोस्

(क) नागरिकता दुई प्रकारका हुन्छन्

( ) स्वदेशी र विदेशी

( ) नेपाली र परदेशी

( ) साधारण र असाधारण

( ) जन्मसिद्ध र अङ्गीकृत

(ख) नागरिकलाई श्री ५ को सरकारले नागरिकताबाट वञ्चित गर्न सक्दछ, यदि-

( ) नेपाल छोडी बाहिर गएमा ।

( ) नेपालको विरुद्ध हातहतियार उठाएमा ।

( ) माथिका दुवै भनाइ ठीक छन् ।

( ) उपर्युक्त कुनै पनि उत्तर ठीक छैनन् ।

५. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएका खाली कोठाभित्र ठीक भनाइको निम्ति यस्तो √ चिन्ह र बेठीक भनाइको निम्ति यस्तो × चिन्ह दिनुहोस्

(क) विदेशी नागरिकले नागरिकता लिन १५ वर्ष नेपालमा बसोबास गरेको हुनुपर्दछ ।

(ख) संविधान प्रारम्भ हुँदाको समयमा नेपालको नागरिकसँग कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नी मानिस नेपालको नागरिक हुन्छे ।

(ग) आफ्नो राज्यको राजनीतिक, सामाजिक र आर्थिक कार्यकलापमा भाग लिन पाउने अधिकार नागरिकता होइन ।

(घ) विदेशी नागरिकले श्री ५ को सरकारमा निवेदन दिएर नागरिकता प्राप्त गर्न सक्दछ । यस्तो किसिमको नागरिकतालाई जन्मसिद्ध नागरिक भनिन्छ ।

निर्वाचन आयोग



हाम्रो पञ्चायती व्यवस्था लोक सम्मतिमा आधारित व्यवस्था भएकोले यसमा जन-प्रतिनिधित्वको ठूलो महत्त्व छ। देश, समाज र सर्वसाधारण जनताको हितका निम्ति मरि-मेट्न सक्ने योग्य मानिसलाई आफ्नो प्रतिनिधित्व छानेर पठाउने कार्यलाई निर्वाचन भनिन्छ। निष्पक्ष निर्वाचनद्वारा मात्र वास्तविक जनप्रतिनिधित्व हुनसक्छ । तसर्थ निर्वाचन निष्पक्ष र स्वतन्त्ररूपले सम्पन्न गर्ने कामको निम्ति निर्वाचन आयोग गठन गरिएको छ । हाम्रो संविधानको भाग १३ (क) मा निर्वाचन आयोगको व्यवस्था भएको छ । पञ्चायतका विभिन्न तहको निर्वाचन यस आयोगबाट सम्पन्न गरिन्छ ।

१. गठन

निर्वाचन आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू रहन्छन् । निजहरूको नियुक्ति **श्री ५** ले चाहिवक्सेमा राजसभासँग परामर्श लिई गरिवक्सिन्छ । निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्तहरू पनि नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्त अध्यक्ष हुन्छ ।

२. आयुक्तको पदावधि

प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पदावधि बहाल भएको मितिले ६ वर्षसम्म रहन्छ । अवधि समाप्त भएपछि **श्री ५** बाट फेरि नियुक्ति गरिवक्सेमा तिनीहरू सो पदमा बहाल रहन सक्तछन् ।

३. निर्वाचन आयुक्तको पदरिक्तता

प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तले **श्री ५** मा लिखित राजीनामा चढाएर मौसूफबाट स्वीकृति वक्सेपछि आफ्नो पदबाट हट्न सक्नेछन् । कार्यक्षमताको अभाव वा खराब आचरणले गर्दा निज आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने कुरा **श्री ५** बाट नियुक्त गरिवक्सेको आयोगले हटाउन मनासिव छ भनी प्रतिवेदन पेश गरेमा मौसूफबाट हटाउन सकिवक्सनेछ । तर त्यसरी आरोप लागेका प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तलाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको समय दिइन्छ ।

४. निर्वाचन आयोगको कर्तव्य र अधिकार

हाम्रो संविधान र कानूनबमोजिम सम्पन्न हुन देहायका निर्वाचन सुचारुरूपले सञ्चालन गर्नु निर्वाचन आयोगको एक प्रमुख काम हो ।

राष्ट्रिय पञ्चायतको सदस्यताको निम्ति हुने निर्वाचन, जिल्ला पञ्चायत, नगर वा गाउँ पञ्चायत इत्यादिको सदस्यता पदाधिकारीहरूको निर्वाचन ।

उपर्युक्त निर्वाचनहरू सम्पन्न गर्न मतदाताहरूको नामावली प्रकाशित गर्ने, उम्मेदवारहरूको नाम दर्ता गर्ने र नाम फिर्ता लिने समय तोक्ने, मतदान स्थलको प्रबन्ध गर्ने, निर्वाचन सम्पन्न भैसकेपछि परिणाम घोषणा गर्ने काम निर्वाचन आयोगले गर्दछ । निर्वाचन सम्पन्न गर्न निर्वाचन अधिकृत र अन्य आवश्यक कर्मचारीहरू खटाउने काम यसले गर्दछ । यसरी निर्वाचन आयोगको काम निर्वाचनको रेखदेख, नियन्त्रण र निर्देशन गर्नु हो ।

निर्वाचन निष्पक्ष एवं स्वच्छ वातावरणमा सम्पन्न गर्नको निमित्त निर्वाचन आयोगलाई अधिकारहरू पनि दिइएका छन् । मतदान केन्द्रमा शान्ति भंग गर्नेहरूलाई ऐन बमोजिम सजायँ गर्ने अधिकार निर्वाचन आयोगमा निहित छ । साथै निष्पक्ष तरीकाले निर्वाचन सम्पन्न गर्न बाधा दिनेहरूमाथि कानूनी कारवाई पनि गर्न सक्दछ ।

अभ्यास

१. निर्वाचन आयोगको महत्त्व र आवश्यकताबारे छोटकरीमा लेख्नुहोस् ।

२. निर्वाचन आयोगको कर्तव्य र अधिकार के के हुन् ? लेख्नुहोस् ।

३. निर्वाचन आयोगको गठन कसरी हुन्छ ? निर्वाचन आयुक्तहरूको पद कसरी रिक्त हुन्छ ? स्पष्ट लेख्नुहोस् ।

४. तलका दुई समूहहरूको सुहाउँदो जोडा बनाउनुहोस् ।

(क) ..निर्वाचन आयोगको काम हो ।	(१) निर्वाचन आयुक्तको नियुक्ति
(ख) ..श्री ५ बाट गरिबक्सिन्छ ।	(२) निर्वाचनको रेखदेख, नियन्त्रण र निर्देशन गर्नु ।
(ग) ..निर्वाचन आयोगले कानूनी कारवाई गर्न सक्तछ ।	(३) निर्वाचन परिणाम घोषणा गर्नु
(घ) ..निर्वाचन आयोगको व्यवस्था भएको छ ।	(४) निर्वाचन आयुक्तहरूले बर्खास्ती निष्पक्ष तरीकाले निर्वाचन सम्पन्न गर्न बाधा दिनेहरू माथि
	(५) हाम्रो संविधानको भाग ३१ (क) मा

५. ठीक उत्तरमा यस्तो √ चिन्ह लगाउनुहोस्

(क) निर्वाचन आयोगको काम निर्वाचन सुचारुरूपले सञ्चालन गर्नु हो, तसर्थ निर्वाचन आयोगले–

( ) मतदाताहरूको नामावली प्रकाशित गर्दछ ।
( ) उम्मेदवारहरूको नाम दर्ता गर्दछ ।
( ) निर्वाचन परिणाम घोषणा गर्दछ ।
( ) उपर्युक्त सबै कामहरू गर्दछ ।

(ख) निर्वाचन आयोगको सदस्यहरू आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि सोही पदमा नियुक्ति पाउन –

( ) ग्राह्य हुनेछन् ।
( ) ग्राह्य हुने छैनन् ।
( ) उपर्युक्त दुवै उत्तर ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तर ठीक छैनन् ।

लोकसेवा आयोग

पञ्चायती प्रजातन्त्रमा निष्पक्ष छानबीनद्वारा योग्यताको आधारमा सरकारी र सार्वजनिक सेवामा नियुक्ति पाउने अधिकार हामीले पाएका छौं । देशको विकास गर्ने र सुव्यवस्था कायम गर्ने काममा सरकारी कर्मचारीहरूको ठूलो हात हुन्छ । यस्तो जिम्मेदारीपूर्ण काम गर्ने कर्मचारीहरूको नियुक्ति नातागोताको, साइनोको आधारमा हुनुहुँदैन । चाकरीको भरमा अयोग्य मानिसहरूलाई नियुक्ति गरचो भने देशलाई ठूलो हानि हुन जान्छ । उपर्युक्त दुवै कारणहरूले गर्दा श्री ५ को सरकारको विभिन्न सेवाको निम्ति आवश्यक कर्मचारीहरू निष्पक्ष तरीकाबाट योग्यताको आधारमा नियुक्ति दिने काम व्यवस्थित गर्न हाम्रो संविधानको भाग १३ मा लोकसेवा आयोगको व्यवस्था भएको छ । यो एक स्वतन्त्र संवैधानिक निकाय हो । प्रशासनलाई जनशक्तिको मुख्य स्रोत बनाई सही दिशामा लैजाने श्री ५ को सदिच्छा पूरा गर्न यस आयोगको काम, कर्तव्य महत्त्वपूर्ण छ।

१. गठन

लोकसेवा आयोगको एक जना अध्यक्ष र श्री ५ बाट तोकिबक्सेजति संख्यामा अन्य सदस्यहरू रहन्छन् । निजहरूलाई श्री ५ बाट नियुक्ति गरिबक्सिन्छ । सो नियुक्ति दिन श्री ५ बाट चाहिबक्सेमा राजसभाका सदस्यहरूसँग परामर्श गरिबक्सिन्छ । लोकसेवा आयोगमा कम्तीमा तीन खण्डको एक खण्ड सदस्यहरू सो पदमा नियुक्ति पाउनुभन्दा ठीक पाँच वर्ष अघिसम्म सरकारी सेवामा बहाल नरहेका व्यक्तिहरू हुनेछन् ।

२. अध्यक्ष र सदस्यहरूको पदावधि

लोकसेवा आयोगको अध्यक्ष र अन्य सदस्यहरूको पदावधि नियुक्ति पाएको मितिदेखि ६ वर्ष सम्म हुनेछ । अवधि समाप्त भएपछि निजहरूलाई श्री ५ बाट पुनः नियुक्ति गरिबक्सेमा सो पदमा बहाल रहन सक्दछन् । तर लोकसेवा आयोगको अध्यक्ष वा सदस्य भैसकेको व्यक्ति सो पदबाट अवकाश पाएपछि अन्य सरकारी सेवामा नियुक्ति पाउनको निम्ति ग्राह्य हुँदैन । निजहरूको निम्ति यो एउटा बन्देज रहन्छ, तर श्री ५ बाट नियुक्ति गर्ने पदमा भने पुनः नियुक्ति हुन सक्नेछन् ।

३. अध्यक्ष र सदस्यहरूको पदरिक्तता

लोकसेवा आयोगको अध्यक्ष वा सदस्य श्री ५ मा लिखित राजीनामा चढाएर मौसूफबाट स्वीकृति बक्सेपछि पदबाट हट्न सक्नेछ । कार्यक्षमताको अभावले वा खराब आचरणले गर्दा निज आफ्नो पदको कर्तव्य पालन गर्न असमर्थ छ भन्ने कुरा श्री ५ बाट नियुक्त गरिबक्सेको आयोगले हटाउन मनासिब छ भनी प्रतिवेदन पेश गरेमा मौसूफबाट हटाउन सकिबक्सनेछ । तर त्यस्तो आरोप लागेका सदस्यहरूलाई आफ्नो सफाइ दिन मनासिब माफिकको मौका दिइन्छ ।

४. लोकसेवा अयोगको कर्तव्य र अधिकार

लोकसेवा आयोगको मुख्य काम श्री ५ को सरकारको निजामती सेवासम्बन्धी शर्तहरू, नयाँ भर्ना, सरुवा इत्यादि तथा उम्मेदवारको उपयुक्ततावारे परामर्श दिनु हो । निजामती सेवा वा पद भन्नाले सैनिक सेवा, प्रहरी कर्मचारी र **श्री ५** बाट निजामती पद होइन भनी आदेशद्वारा तोकिबक्सेको पदबाहेक अन्य सबै पद वा सेवा मानिन्छ । तसर्थ ती सेवा वा पदलाई छोडी प्रशासन सेवा र अन्य सेवा इत्यादिमा लोकसेवा आयोगको परामर्श लिनुपर्दछ । साथै श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको कानूनद्वारा निर्धारित सेवा वा पदको विषयमा नियुक्तिमा अधिकारीले लोकसेवा आयोगको परामर्श लिनुपर्दछ । न्याय सेवामा नियुक्तिका निमित्त पनि लोकसेवा आयोगको परामर्श लिनुपर्दछ ।

जुनसुकै सरकारी सेवा वा पदको विषयमा **श्री ५** बाट लोकसेवा आयोगको परामर्श लिन सकिबक्सिन्छ ।

देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्दछः–

(क) निजामती सेवाका शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) निजामती सेवा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा ६ महीनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाबाट अर्को प्रकारको सेवा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा, बढुवा गर्दा उम्मेदवारहरूको उपयुक्तताको विषयमा,

(ङ) राजपत्राङ्कित निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा, तर उपयुक्त कुराले न्यायसेवा आयोगको अधिकार र कर्तव्यको विषयमा केही प्रतिकूल असर पार्ने हुनुहुँदैन ।

(च) सामान्य अस्थायी निजामती पदलाई लोकसेवा आयोगले परामर्श लिनुपर्ने अवस्थाको मानिन्छ, तर त्यस्तो पदबाट लोकसेवा आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी, सरुवा, बढुवा गर्दा लोकसेवा आयोगको परामर्श लिनुपर्दछ ।

हाम्रो संविधान अनुसार निजामती पदमा लोकसेवा आयोगको परामर्शविना नयाँ भर्नाद्वारा स्थायी, नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृत्तिभरण पाउन सक्ने छैन । लोकसेवा आयोगको परामर्शविना भर्ना हुने कर्मचारीको निम्ति यो बन्देज हो ।

लोकसेवा आयोगले उम्मेदवारको उपयुक्तता जाँच्न देहायका कुनै तरीका अपनाउन सक्तछ :-

(क) सार्वजनिक खुला प्रतियोगिताको लिखित परीक्षा,
(ख) सार्वजनिक खुला प्रतियोगिताको प्रयोगात्मक परीक्षा,
(ग) छानबीन,
(घ) अन्तर्वार्ता,

लोकसेवा आयोग एक संवैधानिक निकाय हो । प्रत्येक वर्ष लोकसेवा आयोगले आफूले गरेको प्रतिवेदन श्री ५ मा चढाउनुपर्दछ । मौसूफबाट त्यस्तो प्रतिवेदन राष्ट्रिय पञ्चायतमा पेश गर्न लगाइबक्सिन्छ । लोकसेवा आयोगको परामर्श स्वीकार गरिएको कुनै कुरा भए त्यसको कारणसमेत खोलिएको ज्ञापनपत्र पनि प्रतिवेदन साथै राष्ट्रिय पञ्चायतमा पेश गर्न लगाइबक्सन्छ ।

अभ्यास

१. के कस्तो विषयमा लोकसेवाको परामर्श लिनुपर्दछ ? लेख्नुहोस् ।

२. "लोकसेवा आयोगको काम कर्तव्य महत्त्वपूर्ण छ" स्पष्ट पार्नुहोस्

अथवा

पञ्चायती प्रजातन्त्रमा लोकसेवा आयोग किन महत्त्वपूर्ण छ र यसको गठन कसरी हुन्छ ? लेख्नुहोस् ।

३. लोकसेवा आयोगले उम्मेदवारको उपयुक्तता जाँच्न के कस्ता तरीकाहरू अपनाउँछन् ? यसका मुख्यमुख्य कामहरू वर्णन गर्नुहोस् ।

४. **ठीक उत्तरको अगाडि खाली कोष्ठमा यस्तो (√) चिन्ह लगाउनुहोस्**

(क) हाम्रो संविधान अनुसार निजामती पदमा लोकसेवा आयोगको परामर्शविना नयाँ भर्नाद्वारा स्थायी नियुक्ति पाएको कुनै पनि व्यक्तिले–
( ) निवृत्तिभरण पाउन सक्नेछैन ।
( ) श्रमणभत्ता पाउन सक्नेछैन ।
( ) बढुवा हुन पाउने छैन ।
( ) सरुवा हुन पाउने छैन ।

(ख) लोकसेवा आयोगले उम्मेदवारको उपयुक्तता जाँच्न -
( ) सामाजिक परीक्षा गर्दछ ।
( ) आर्थिक परीक्षा गर्दछ ।

( ) उपर्युक्त दुवै उत्तर ठीक छन् ।

( ) उपर्युक्त सबै उत्तरहरू ठीक छैनन् ।

५. **तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको खाली कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्**

(क) लोकसेवा आयोगमा कम्तीमा तीन खण्डको दुई खण्ड सदस्यहरू सो पदमा नियुक्ति पाउनुभन्दा पाँच वर्ष अघिसम्म सरकारी सेवामा बहाल नरहेका व्यक्तिहरू हुनेछन् ।

(ख) निजामती पद वा सेवा भन्नाले सैनिक कर्मचारी र श्री ५ बाट निजामती पद होइन भनी आदेशद्वारा तोकिबक्सेको पदबाहेक अन्य सबै पद वा सेवा मानिनेछ।

(ग) लोकसेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति सो पदबाट हटेपछि अन्य सरकारी सेवामा नियुक्ति हुनको निम्ति योग्य हुनेछ।

(घ) राजपत्राङ्कित निजामती कर्मचारीहरूलाई दिइने विभागीय सजायको विषयमा लोकसेवा आयोगको परामर्श लिनुपर्छ ।

महालेखा परीक्षक

विकास कार्य, प्रशासन व्यवस्था, राज्य सञ्चालनको लागि आवश्यक कार्यालयहरू जस्तैः– सर्वोच्च अदालत, निर्वाचन आयोग इत्यादि सञ्चालन गर्न अन्य कुराको साथसाथै धनको पनि आवश्यकता पर्दछ । प्रत्येक वर्ष ती कार्यालयहरू वा योजनाहरूलाई आवश्यक रकम राष्ट्रिय धनबाट व्यहोरिन्छ । हाम्रो संविधान अनुसार श्री ५ को सरकारले विनियोजन ऐन राष्ट्रिय पञ्चायतमा वर्षेनी पारित गराई ती रकमहरू खर्च गर्ने अधिकार प्राप्त गर्दछ । त्यस्ता रकमहरू जुन कामको निम्ति भनी छुट्टचाइएको छ, त्यही काममा खर्च गरियो, गरिएन भन्ने कुरा जाँच्नु आवश्यक छ । त्यसको अतिरिक्त कसैले राष्ट्रिय धनको दुरुपयोग वा हिनामिना पनि गर्नसक्तछ । यी सबै कुरा जाँची करदाता जनताका प्रतिनिधिहरूलाई जानकारी गराउन हाम्रो संविधानको भाग १२ मा महालेखा परीक्षकको व्यवस्था भएको छ । महालेखा परीक्षक संवैधानिक अङ्ग हो । यसले हिसाबकिताब जाँच गरी रुजू बेरुजू भएको सूचना दिएपछि हरहिसाब अन्तिम रूपमा तय भएको मानिन्छ । तसर्थ महालेखा परीक्षकको उत्तरदायित्व अति महत्त्वपूर्ण छ ।

१. नियुक्ति

महालेखा परीक्षकको नियुक्ति **श्री ५** बाट गरिबक्सिन्छ । निजलाई नियुक्ति गर्न **श्री ५** बाट चाहिबक्सेमा राजसभाका सदस्यहरूसँग परामर्श लिइबक्सिन्छ । राजसभाका सदस्यहरूको परामर्श मान्ने नमान्ने अधिकार **श्री ५** मा निहित रहन्छ ।

२. पदावधि

महालेखा परीक्षकको पदावधि नियुक्ति पाएको मितिले ६ वर्षसम्म रहन्छ । सो अवधि पछि **श्री ५** बाट चाहिबक्सेमा निजलाई फेरि नियुक्ति गरिबक्सिन्छ । तर महालेखा परीक्षक भैसकेको व्यक्ति सो पदबाट हटेपछि अन्य सरकारी सेवामा नियुक्ति पाउनको निमित्त ग्राह्य हुँदैन । महालेखा परीक्षकको निम्ति यो एउटा बन्देज रहन्छ । तर **श्री ५** बाट नियुक्ति गरी बक्सने पदमा भने पुनः नियुक्त हुन सक्ने व्यवस्था संविधानको तेस्रो संशोधनमा छ ।

३. पदरिक्तता

महालेखा परीक्षक **श्री ५** मा राजीनामा चढाएर मौसूफबाट स्वीकृति बक्सेपछि आफ्नो पदबाट हट्न सक्दछ । राष्ट्रिय पञ्चायतले महालेखा परीक्षक खराब आचारण वा कार्यक्षमताको अभावले गर्दा पदको कर्तव्य र काम गर्न असमर्थ छ भनी **श्री ५** मा सम्बोधन चढाउन पाउँदछ । यस अवस्थामा **श्री ५** बाट नियुक्ति गरिबक्सेको आयोगले हटाउन मनासिब छ भनी प्रतिवेदन पेश गरेमा मौसूफबाट हटाउन सकिबक्सिनेछ । तर यस्तो आरोप लागेको

महालेखा परीक्षकलाई आफ्नो सफाइ दिनको निम्ति मनासिब माफिकको समय दिइन्छ । यसरी महालेखा परीक्षकको पद निजको राजीनामा वा बरखास्तबाट रिक्त हुन सक्तछ ।

४. काम, कर्तव्य र अधिकार

महालेखा परीक्षकको प्रमुख काम लेखा परीक्षण गर्नु हो । यसले सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा , लोकसेवा आयोग, निर्वाचन आयोगको कार्यालय लगायत सबै सरकारी विभाग, अड्डा र अदालतहरूको आय व्ययको वार्षिक लेखा परीक्षण गर्दछ । यसको अतिरिक्त श्री ५ को सरकारको स्वामित्व भएको सङगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीकाले महालेखा परीक्षकबाट परीक्षण हुन्छ ।

सबै सरकारी विभाग, अड्डा र अदालतको लेखा, महालेखा परीक्षकको लेखा परीक्षण सम्बन्धी ऐनका अधीनमा रही तोकेको ढाँचामा राख्नुपर्दछ । ढाँचा नतोकिएसम्म साविक बमोजिमको ढाँचा नै कायम रहन सक्तछ । तसर्थ महालेखा परीक्षकले लेखा राख्ने ढाँचाको पनि सम्बन्धित कार्यालयहरूलाई निर्देशन दिनुपर्दछ ।

महालेखा परीक्षकले जाँच्ने लेखासँग सम्बन्धित अरू काम कानूनद्वारा निर्धारित भए बमोजिम हुन्छन् । निजले सम्बन्धित कानूनद्वारा प्राप्त अधिकार प्रयोग गर्न सक्दछन् । महालेखा परीक्षक र निजका सहायकहरूलाई लेखासम्बन्धी सबै कागतपत्र जुनसुकै बखतमा हेर्न पाउने अधिकार हुन्छ ।

लेखा परीक्षण गर्दा महालेखा परीक्षकले खासगरी देहायका कुराहरू केलाएर हेर्ने गर्दछ–

(क) विनियोजन ऐन बमोजिम विभिन्न शीर्षकहरू अन्तर्गत सबै खर्च गर्न स्वीकृति भएका रकमहरू सोही शीर्षक अन्तर्गत सोही प्रयोजनको निमित्त खर्च गरिएको छ, छैन ।

(ख) खर्च गर्न स्वीकृत भएको रकमभन्दा बढी भएको छ, छैन ।

(ग) खर्च गर्न स्वीकृति भएको शीर्षक अन्तर्गत खर्च भएका कलमहरू विनियोजन ऐनमा तोकिएको अवधिभित्र सोही ऐन वा बजेटबाट स्वीकृत भए बमोजिम छ, छैन ।

(घ) खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त आर्थिक व्यवस्था गरिएको छ, छैन आर्थिक नियम तथा नियन्त्रण पर्याप्त छ, छैन र ती कुराहरू को अनुसरण गरिएको छ, छैन ।

(ङ) राजस्व तथा अरू समस्त आम्दानी, उज्राती, धरौटी समेतको लेखा छ वा छैन र मूल्याङ्कन गर्ने असूल तहसिल गर्ने र लेखा राख्ने तरीकाहरूको सम्बन्धमा सुप्रबन्ध र पर्याप्त नियमहरू छन्, छैनन्, भए तिनीहरूको पालन गरिएको छ, छैन ।

(च) सरकारी ऋण, धरौटी, पेश्की, उज्राती तथा ब्याज र ऋण निवारण कोषको लेखा वा ब्याज र ऋण विमोचनको निमित्त पर सारिएको रकम ब्याज र ऋण विमोचन गरिएको रकमहरूको लेखा र श्री ५ को सरकारको निर्णयानुसार गरिएको खरीद, बिक्री, औद्योगिक तथा व्यावसायिक सेवाका कामहरूको आम्दानी खर्चको लेखा, जिन्सी, नगदीको मौज्दात तथा आर्थिक व्यवहारको निमित्त पर्याप्त व्यवस्था र नियमहरू छन्, छैनन्, भए तिनीहरूको पालन गरिएको छ, छैन ।

(छ) सरकारी भण्डार, गोदाम र तहबीलको मौज्दात ठीक छ, छैन ।

उपर्युक्त बमोजिम लेखा परीक्षण गर्दा केही बेरूजू भएको वा रकम हिनामिना इत्यादि भएको देखिएमा महालेखा परीक्षकले ऐन बमोजिम तुरुन्त कारवाही किनारा गर्न सक्नेछ । महालेखा परीक्षकले कुनै पनि कार्यालयको परीक्षण गर्न पाउँछ । महालेखा परीक्षकले खोजेको हिसाबकिताब पेश गर्नु पर्ने कार्यालयको कर्तव्य हुन्छ । श्री ५ को सरकारको स्वामित्व भएको कुनै पनि सङ्गठित संस्था वा कार्यालयहरूमा अरू लेखा परीक्षकहरू (अडिटर्स) ले लेखा परीक्षण गरेको भए तापनि अन्तिम लेखा परीक्षण गरी **श्री ५ महाराजाधिराजमा** प्रतिवेदन चढाउने कर्तव्य र अधिकार महालेखा परीक्षकको हुन्छ । प्रत्येक वर्ष महालेखा परीक्षकको लेखा परीक्षण गर्दा देखिएका त्रुटिहरूको कैफियत जनाई **श्री ५** मा प्रतिवेदन चढाउनु पर्दछ । तर तत्काले कारवाई गर्नुपर्ने चलअचल राष्ट्रिय धनको हानिनोक्सानी भएको देखिए तत्सम्बन्धमा निजले जुनसुकै बेलामा पनि **श्री ५** मा प्रतिवेदन चढाउन सक्दछन् । **श्री ५** बाट महालेखा परीक्षकले पेश गरेको वार्षिक प्रतिवेदन राष्ट्रिय पञ्चायतमा जानकारी र छलफलको निमित्त पेश गर्न लगाइबक्सिन्छ ।

अभ्यास

१. महालेखा परीक्षक किन महत्त्वपूर्ण छ ? यसका मुख्य कामहरू के के हुन् ? लेख्नुहोस् ।
२. महालेखा परीक्षकले लेखा परीक्षण खास गरी के कस्तो कुरा केलाएर हेर्दछन् ? छोटकरीमा लेख्नुहोस् ।
३. "महालेखा परीक्षकको उत्तरदायित्व अति महत्त्वपूर्ण छ ।" यस कथनलाई महालेखा परीक्षकको काम कर्तव्यको दृष्टान्त दिई व्याख्या गर्नुहोस् ।

४. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएका खालो कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठिक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्

(क) श्री ५ को सरकारको स्वामित्व भएको सङ्गठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीकाले महालेखा परीक्षकबाट परीक्षण हुन्छ । ( )

(ख) लेखापरीक्षण गर्दा केही बेरूजु भएको वा रकम हिनामिना भएको देखिएमा महालेखा परीक्षकले ऐनबमोजिम तुरून्त कारवाई किनारा गर्न सक्तछ । ( )

(ग) महालेखा परीक्षक र निजका सहायकहरूलाई लेखा सम्बन्धी सबै कागतपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार छैन । ( )

(घ) प्रत्येक वर्ष महालेखा परीक्षकले लेखा परीक्षण गर्दा देखिएका त्रुटिहरूको कैफियत जनाइ श्री ५ मा प्रतिवेदन चढाउनुपर्दछ । तर तत्काले कारवाई गर्नुपर्ने चल-अचल राष्ट्रिय धनको हानिनोक्सानी भएको देखिएमा तत्सम्बन्धमा निजले जुनसुकै बेलामा पनि श्री ५ मा प्रतिवेदन चढाउन पाउँदछ ।( )

(५) खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुराहरू भर्नुहोस्

(क) .....महालेखा परीक्षक खराब आचरण वा कार्यक्षमताको अभावले गर्दा पदको कर्तव्य र काम गर्न असमर्थ छ भन्ने सम्बोधन श्री ५ मा चढाउन पाउँदछ ।

(१) लोकसेवा आयोगले (२) प्रहरी प्रमुखले (३) राष्ट्रिय पञ्चायतले (४) मन्त्री-परिषद्ले ।

(ख) हाम्रो संविधान अनुसार श्री ५ को सरकारले.....राष्ट्रिय पञ्चायतमा वर्षेनी पारित गराई रकमहरू खर्च गर्ने अधिकार प्राप्त गर्दछ ।

(१) लेखा परीक्षण (२) विनियोजन ऐन (३) मुलुकी ऐन (४) कानून

(ग) महालेखा परीक्षकले पदावधि नियुक्ति पाएको मितिले.....सम्म रहन्छ ।

(१) ४ वर्ष (२) ५ वर्ष (३) ६ वर्ष (४) श्री ५ बाट चाहिंबक्से

(घ) महालेखा परीक्षक पद निजको राजीनामा वा.....रिक्त हुन सक्तछ ।

(१) बढुवाबाट (२) सरुवाबाट (३) बिरामीबाट (४) बर्खास्तीबाट

राजनीतिक पक्ष

राजा र राजमुकुट

प्राचीन कालमा धेरैजसो देशहरूमा राजाहरूले राज्य गरेको पाइन्छ । कालान्तरमा राजनीतिक परिवर्तन हुँदै गए । कुनैकुनै मुलुकमा राजालाई राष्ट्रिय सम्मानको रूपमा स्थापना गरी जन–प्रतिनिधिहरूले शासन गर्ने चलन निस्क्यो । यस्तो शासन प्रणाली बेलायतमा छ । विकासको मूल फुटाउन र देशवासीको शान्तिसुरक्षाको राम्रो प्रबन्ध गर्ने राजाहरूको सम्मान बढ्दै गयो । राजाको सबल नेतृत्त्वमा ठूलाठूला उपलब्धि हासिल गर्ने धेरै मुलुकहरू छन् । ती मध्येकै हाम्रो देश पनि एक हो । हाम्रो देशमा राजतन्त्रको संरक्षणमा प्रजातन्त्रको विकास प्राचीन समयदेखि हुँदै आएको छ । राजमुकुट नै हाम्रो राष्ट्रिय एकताको प्रतीक हो ।

१. राजा र राजमुकुटमा भेद

राजतन्त्रात्मक शासन पद्धतिमा राजालाई दुई रूपमा सम्मान गरिन्छ । एक गद्दीनशीन व्यक्तिको रूपमा र दोस्रो संस्थाको रूपमा ।

साधारणतयाः गद्दीनशीन राजाले पहिरिबक्सने श्रीपेचलाई राजमुकुट भनिन्छ । राजनीति शास्त्र अनुसार राजमुकुट राज्यको सर्वोच्च शासन शक्तिको चिह्न हो । राजकाज चलाउने एकमात्र अधिकार राजमुकुटबाट निःसृत हुन्छ । तसर्थ शासनारूढ राजाको स्वर्गारोहण भएपछि राजगद्दीका उत्तराधिकारीले राजमुकुट पहिरिबक्सिन्छ । राजमुकुट पहिरिबक्सेपछि मात्र नयाँ राजालाई शासन गर्ने अधिकार प्राप्त हुन्छ । राजा मरणशील शरीर भएको व्यक्ति हो, तसर्थ राजाको स्वर्गारोहण हुन्छ । तर राजमुकुट अमर र स्थायी रहन्छ । राजा र राजमुकुटमा यही फरक छ ।

हाम्रो राजतन्त्र हिन्दू परम्परामा आधारित छ । राजमुकुटलाई शासन शक्तिको सर्वोच्च स्रोतको रूपमा मानिन्छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज, आर्य संस्कृतिका अनुयायी, हिन्दू धर्मावलम्बी गद्दीनशीन महाराजाधिराजलाई **श्री ५** भनिन्छ । राजमुकुट पहिरिबक्सी **श्री ५** बाट नेपालमा शासन गरिबक्सिन्छ । नेपालको सार्वभौमसत्ता मौसूफमा नै निहित छ ।

२. श्री ५ को अधिकार

राजमुकुट पहिरिबक्सने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज **श्री ५** राज्य प्रमुख र सरकार प्रमुख दुवै होइबक्सिन्छ ।

हाम्रो संविधानको धारा २० अनुसार नेपालको सार्वभौमिकता **श्री ५** मा निहित छ । तसर्थ मौसूफमा राजकाजको सबै शक्ति निहित छ। सरकारका तीनै अङ्ग, अर्थात्- कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन् ।

सरकार प्रमुख **श्री ५** होइबक्सन्छ । कार्यकारिणी सम्बन्धी सबै काम मौसूफको निर्देशन बमोजिम मन्त्री–परिषद्ले गर्दछ ।

सरकार प्रमुख **श्री ५** होइबक्सेकोले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन्। राष्ट्रिय पञ्चायतमा पारित भएको विधेयक **श्री ५** बाट स्वीकृत भएपछि मात्र कानून बन्दछ । विधेयकमा स्वीकृति बक्सने नबक्सने सबै अधिकार मौसूफमा निहित हुन्छ । सर्वोच्च अदालतको न्याय दिने अधिकार पनि **श्री ५** बाट निःसृत हुन्छ । सर्वोच्च अदालत वा कुनै अदालतले तोकेको दण्ड, जरिवानालाई **श्री ५** बाट माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सकिबक्सन्छ ।

हाम्रो संविधानको धारा ८१ अनुसार संकटकालीन अवस्था घोषणा गर्ने अधिकार मौसूफमा निहित छ । बाहिरबाट आक्रमण वा देशभित्र उपद्रव हुन लागेको छ भन्ने कुरा **श्री ५** मा लागेमा मौसूफबाट संकटकालीन अवस्थाको घोषणा गरिबक्सन्छ । संकटकालीन अवस्था छैन भन्ने कुरा **श्री ५** लाई महसूस नभएसम्म सो घोषणा जारी रहन सक्तछ ।

हाम्रो संविधानको धारा ९० अनुसार **श्री ५** मा अवशिष्ट अधिकार पनि निहित छ । संविधानमा लेखिएदेखि बाहेक अन्य सबै अधिकार मौसूफमा रहन्छन् । संविधानको संशोधन **श्री ५** को शाही घोषणाबाट हुन्छ ।

श्री ५ शाही सेनाको परमाधिपति होइबक्सन्छ । उपाधि, सम्मान र विभूषण प्रदान गर्ने अधिकार मौसूफमा निहित छ । राज्य प्रमुखको हैसियतले शाही राजदूतहरू मौसूफबाट नियुक्ति गरिबक्सिन्छ। नेपालमा आएका अन्य देशका राजदूतहरूले मौसूफको जुनाफमा प्रमाणपत्र पेश गर्दछन् । अदालतमा मौसूफको विरुद्ध मुद्दा चलाउन पाइँदैन ।

३. श्री ५ को महत्त्वपूर्ण भूमिका

नेपालको रक्षा र उत्थानको निम्ति **श्री ५** को योगदान महत्त्वपूर्ण छ । **श्री ५** सधैं प्रजावत्सल हुने र प्रजा सधैं राजभक्त रहने हाम्रो देशको परम्परा हो । यहाँ **श्री ५** को र प्रजाको बीचमा कुनै मतभेद छैन । राष्ट्रको स्वतन्त्रता खतरामा परेको वेलामा राष्ट्रको रक्षा गर्न

र शान्तिको बखत देशको विकास गर्न **श्री ५** को नेतृत्वमा समस्त प्रजाले काम गर्ने हाम्रो परम्परा हो । तसर्थ **श्री ५** हाम्रो राष्ट्रिय जीवनमा अभिन्न अङ्ग होइबक्सिन्छ ।

आजको गौरवमय नेपालको सृजना **श्री ५** बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट भएको हो । मौसूफबाट सानासाना राष्ट्रहरूमा विभाजित नेपाललाई एक राष्ट्र बनाइबक्स्यो । साथै अनेक जाति तथा भाषा भएको नेपालमा सबैलाई समान संरक्षण प्रदान गरिबक्स्यो । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यो राज्य"चार जात छत्तीस वर्णको फूलबारी" भनी दिव्य उपदेश बक्सेको थियो । यसरी हाम्रो एकताको प्रतीक एवं प्रेरणाको स्रोत राजमुकुट नै हो ।

संवत् १९०३ सालमा जङ्गबहादुरले कोतपर्वको हत्याकाण्ड रचेर शासनको बागडोर आफ्नो हातमा लिए । त्यसपछि नेपालमा राणा परिवारको शासनको प्रारम्भ भयो । राणा परिवारको हुकुमीशासनबाट नेपाली जनतालाई श्री ५ त्रिभुवनबाट मुक्त गरिबक्स्यो । हाम्रो देश त्यही हो, जहाँ राजाबाट प्रजातन्त्रको निम्ति क्रान्ति भएको छ । विश्वको आज-सम्मको इतिहासको यस्तो उदाहरण कहीं पाइँदैन । राजनीतिक दलहरूको अवाञ्छनीय चाल-बाजीबाट देशको रक्षा राजाबाट नै भएको छ । पञ्चायती प्रजातन्त्र बक्सेर स्व. श्री ५ महेन्द्रबाट नेपालीहरूको आफ्नो माटो सुहाउँदो प्रजातन्त्रको सपना साकार गरिबक्सेको हो ।

आर्थिक विकास नै मुख्य विकास हो । हाम्रो आर्थिक विकासको निम्ति **श्री ५** को भूमिका महत्त्वपूर्ण छ । १०४ वर्षसम्म राणा शासकले कङ्गाल पारेको नेपालीहरूको आर्थिक अवस्था सोचनीय थियो । तसर्थ "रोग, भोक र गरीबीले पीडित जनताप्रति मेरो जिम्मेवारी छ" भनी श्री ५ वीरेन्द्रबाट हुकुम बक्सेको छ । साथै विकासको मूल फुटाउने आह्वान पनि मौसूफबाट भएको छ ।

नेपालको सामाजिक जागरण, आर्थिक विकास, प्रजातन्त्रको विकास र स्वतन्त्रताको रक्षा गर्ने काममा **श्री ५** को भूमिका अति महत्त्वपूर्ण रहँदै आएको छ ।

अभ्यास

१. राजा र राजमुकुटको व्याख्या गर्नुहोस् ।
२. **श्री ५** को महत्त्वपूर्ण भूमिकाहरू दृष्टान्तसहित वर्णन गर्नुहोस् ।
३. "विश्वका शक्तिशाली राष्ट्राध्यक्ष वा राजाहरूमध्ये हाम्रा **श्री ५** पनि होइबक्सिन्छ ।" यो भनाइ स्पष्ट पार्नुहोस् र **श्री ५** को अधिकार र महत्वबारे बयान गर्नुहोस् ।
४. **पेज नं. २७ का प्रत्येक भनाइअघि रहेका खाली कोठाका ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्**

(क) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले यो "चार जात छत्तीस वर्णको फूलबारी हो" भन्ने दिव्य उपदेश बक्सेको थियो । सो दिव्य उपदेशले तलकामध्ये कुन कुराको संकेत गर्छ ?

( ) हाम्रो एकताको प्रतीक राजमुकुट हो ।
( ) हाम्रो स्वतन्त्रताको रक्षक **श्री ५** होइबक्सिन्छ ।
( ) **श्री ५** हाम्रो जनजीवनको अभिन्न अङ्ग होइबक्सिन्छ ।
( ) राजमुकुट हाम्रो गौरव हो ।

(ख) राजतन्त्रात्मक शासन पद्धतिमा राजालाई दुई रूपमा सम्मान गरिन्छ ।

( ) राजा र राज्यको रूपमा । ( ) गद्दीनशीन व्यक्ति र संस्थाको रूपमा ।
( ) सत्ता र सरकारको रूपमा । ( ) राजमुकुट र राजदण्डको रूपमा ।

५. **तलका दुई समूहहरूको उपयुक्त जोडा मिलाएर सार्नुहोस्**

(क) हाम्रो देश त्यही हो.....	१. **श्री ५** मा निहीत छ ।
(ख) "रोग, भोक र गरीबीले पीडित जनताप्रति मेरो जिम्मेवारी छ" भनी	२. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट हुकुम बक्सेको थियो ।
(ग) पञ्चायती प्रजातन्त्र बक्सेर स्व. श्री ५ महेन्द्र.....	३. जहाँ राजाबाट प्रजातन्त्रको निम्ति क्रान्ति भएको छ ।
(घ) **श्री ५** सधैं प्रजावत्सल हुने र प्रजा सधैं राजभक्त रहने....	४. श्री ५ वीरेन्द्रबाट हुकुम बक्सेको छ।
(ङ) हाम्रो संविधानको धारा २० अनुसार नेपाली सार्वभौमिकता छ ।	५. देश नेपाल हो ।
	६. नेपालीहरूको प्रजातन्त्रको सपना साकार गरिबक्सेको छ ।
	७. प्रजातन्त्रको रक्षा गरिबक्स्यो ।
	८. स्व. श्री ५ महेन्द्रबाट हुकुम बक्सेको थियो ।

स्व. श्री ५ महेन्द्र र पञ्चायती प्रजातन्त्र

स्वर्गीय राष्ट्रनायक श्री ५ त्रिभुवनबाट २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना गरिबक्स्यो । १९०३ सालदेखि राणा शासनको बन्धनमा परेका समस्त नेपाली मुक्त भए । तर प्रजातन्त्रको जग बसाली देशवासीहरूलाई सुखी बनाउने मौसूफको संकल्प अपूरो रह्यो । २०११ साल फागुन ३० गते मौसूफको स्वर्गारोहण भयो । यसैले प्रजातन्त्रको विकास गर्ने अभिभारा श्री ५ महेन्द्रको काँधमा आइपर्‍यो । श्री ५ महेन्द्र अति ओजस्वी, प्रतिभाशाली 'र विचारवान् होइबक्सन्थ्यो । मौसूफबाट त्यस अपूरो कार्य सम्पन्न गर्ने निश्चिय गरिबक्स्यो ।

१. स्व. श्री ५ महेन्द्रको राज्यारोहण समयमा नेपालको अवस्था

श्री ५ महेन्द्रको राज्यारोहण २०११ साल चैत्र १ गते (मार्च १४ सन् १९५५) मा भयो। त्यस समयमा हाम्रो देशको परिस्थिति राजनीतिक अनिश्चितताले भरिपूर्ण थियो । प्रजातन्त्रको जग बसाल्नु बाँकी नै थियो । राणा शासनको बन्धनबाट मुक्त भएका जनताहरू आफ्नो सर्वाङ्गीण उन्नतिको आशामा बसेका थिए । तर राजनीतिक दलहरू नारा लगाउने, भाषण गर्ने र निजी स्वार्थ पूरा गर्ने दाउपेचमा व्यस्त थिए । देशको वास्तविक समस्याको समाधान गर्ने तिर कसैलाई वास्ता थिएन । राणा शासनको नीतिबाट कङ्गाल भएका जनता गरीबै थिए ।

अशिक्षा, गरीबी आदि हटाउने नारा मात्र चल्यो, तर काम केही हुन सकेन। राजनीतिक अस्थिरताले गर्दा आर्थिक विकासमा बाधा परिरहेको थियो।

२. प्रजातन्त्रको विकासको निम्ति स्व. श्री ५ महेन्द्रको प्रयास

अस्थिरताको परिस्थितिबाट देश र जनतालाई मुक्त गरी मार्गदर्शन गर्ने अभिभारा स्व. श्री ५ महेन्द्रमा निहित थियो। मौसूफबाट देशमा सुव्यवस्था कायम गर्न मन्त्री–मण्डल गठन गरी बक्स्यो। २०१४ सालमा राजनीतिक दलहरूको सम्मेलन गरिबक्स्यो। तर कुनै पनि राजनीतिक दल यस काममा सफल हुन सकेन। अन्त्यमा आम निर्वाचनद्वारा जनप्रतिनिधि-हरूको हातमा शासन व्यवस्था सुम्पेर अस्थिरताको वातावरण समाप्त गर्ने निर्णय गरिबक्स्यो। तसर्थ २०१५ साल फागुन ७ गते प्रथम आम निर्वाचनको तिथि तोकिबक्स्यो। संसदीय प्रणालीद्वारा देश विकास गर्ने मौसूफबाट गरिबक्सेको यो एउटा प्रयोग थियो।

३. संसदीय सरकारको असफलता

आम निर्वाचनद्वारा संसदीय सरकार गठन भयो। स्व. श्री ५ महेन्द्रबाट "नेपाल अधि-राज्यको संविधान २०१५" जारी गरिबक्स्यो। त्यस संविधान बमोजिम बहुमत प्राप्त "नेपाली काङ्ग्रेसको मन्त्री–मण्डलले देश र जनताको हितको निम्ति केही गर्न सकेन उक्त मन्त्री–मण्डलले देश र जनताको हितको निम्ति काम गर्न सकेन। उक्त मन्त्री–मण्डलले देशमा शान्ति सुरक्षा कायम गर्न सकेन। ठाउँठाउँमा हुलदङ्गा तथा विद्रोह मच्चिए। जनताको पीरमर्का जस्ताको तस्तै रह्यो। भ्रष्टाचार, नातावाद, कृपावाद बढ्न थाले। देशको उत्थान कार्यलाई पन्छाएर दलको स्वार्थ पूरा गर्ने तर्खर भयो। देशको स्वतन्त्रता समेत गुम्ने खतरा पैदा भयो। यसरी संसदीय सरकारले सीधासाधा नेपाली जनताको प्रजातान्त्रिक भावनालाई थिच्ने प्रयास गरेको। आफ्ना प्यारा प्रजा र देशको भविष्य बारेमा स्व. श्री ५ महेन्द्रबाट गम्भीरता-पूर्वक सोचिबक्स्यो।

४. पञ्चायती प्रजातन्त्रको जन्म

दूरदर्शी स्व. श्री ५ महेन्द्रबाट संसदीय मन्त्री–मण्डलका कुप्रयासहरू समयमै चाल पाइ-बक्स्यो। तसर्थ २०१७ साल पुस १ गते उक्त मन्त्री–मण्डल र संसदीय प्रणाली भङ्ग गरिबक्स्यो। संविधान अनुसार शासनभार मौसूफबाट स्वयं ग्रहण गरिबक्सियो।

देशको वास्तविक परिस्थिति र जन आकांक्षासँग संसदीय प्रजातन्त्र व्यवस्थाको मेल हुन नसकेकोले मौसूफबाट सो व्यवस्थाको अन्त्य गरी पञ्चायती प्रजातन्त्र व्यवस्थाको सूत्रपात गरिबक्स्यो।

२०१९ साल पुस १ गते यस व्यवस्था अनुरूपको "नेपालको संविधान" जारी गरिबक्स्यो। संसदीय प्रणाली र राजनीतिक दलहरूले धमिल्याएको वातावरणलाई स्वच्छ पार्न दलविहीन पञ्चायती प्रजातन्त्रको श्रीगणेश गरिबक्स्यो।

५. पञ्चायती प्रजातन्त्रको मौलिकता

पञ्चायती प्रजातन्त्र ल्याउन प्रजाको दैलोदैलोमा सवारी भई समस्या बुझिबक्सने स्व. श्री ५ महेन्द्रको नेपालीहरूको लागि महान् देन हो। हाम्रो यस समयको आवश्यकताअनुरूप पञ्चायती प्रजातन्त्रले तलदेखि उठी सम्पूर्ण जनताको सहयोग पाउन खोज्दछ । राजनैतिक दलहरूको देश भाँड्ने अवाञ्छनीय कार्यबाट यो व्यवस्था मुक्त रहन्छ । यो दलविहीन प्रजातन्त्र हो । पञ्चायती प्रजातन्त्र अरूको नक्कल गर्ने प्रवृत्ति राख्दैन । यो राष्ट्रिय परम्परामा आधारित व्यवस्था हो । दलविहीन पञ्चायती प्रजातन्त्रमा धेरै मौलिक गुणहरू छन् । यो गाउँ, पहाड, तराईका साधारण जनताले पनि पूर्णरूपमा भाग लिन पाउने व्यवस्था हो । हाम्रो देशको परम्परा र राष्ट्रिय प्रतिभालाई उत्थान गराउनपट्टि यो व्यवस्था लाग्दछ । यो व्यवस्थाको मुख्य मौलिकताहरू यिनै हुन् ।

६. पञ्चायती प्रजातन्त्रको विकासमा स्व. श्री ५ महेन्द्रको योगदान

पञ्चायती प्रजातन्त्रको जन्मदाता स्व. श्री ५ महेन्द्र होइबक्सन्छ । यो व्यवस्थालाई फलाउन फुलाउन मौसूफबाट गरिबक्सेको योगदान अत्यन्त महत्त्वपूर्ण छ ।

२०१७ साल पुस १ गतेको मौसूफको ऐतिहासिक कदमलाई सम्पूर्ण जनताले स्वागत गरे । तर राजनीतिक चालबाजीलाई फाइदा उठाउन पल्केका अवाञ्छनीय तत्त्वहरूलाई भने चोट परेको । २०१८ सालमा जनकपुर, वीरगञ्ज सवारी हुँदा गाथमा प्रहार गर्ने कुचेष्टा पनि उनीहरूले गरे । तर मौसूफको दृढ संकल्पमा त्यस्ता निन्दनीय कार्यले कुनै असर पारेन । यो मौसूफको व्यवस्थाप्रतिको दृढ संकल्पको ठूलो उदाहरण हो ।

पञ्चायती प्रजातन्त्र नेपाली राष्ट्रिय भावनामा आधारित छ । नेपाली जनतामा राष्ट्रियता जगाउन श्री ५ महेन्द्रबाट ठूलो प्रेरणा दिइबक्स्यो । "नेपालको अस्तित्त्व मेटियो भने नेपालीको अस्तित्त्व मेटिनेछ" भन्ने महान् वाणी बक्सी राष्ट्रियताको महत्त्व जनतालाई बोध गराई-बक्स्यो । "सदैव राष्ट्रिय हितलाई निजी स्वार्थलाईभन्दा माथि राख" भनी मन्त्री–परीषद्लाई मौसूफबाट निर्देशन बक्सेको थियो । "नबिराउनु नडराउनु" भनी पञ्चहरूलाई निर्देशन बक्स्यो । "गाउँफर्क राष्ट्रिय अभियान" प्रारम्भ गरी नेपालीहरूमा जनचेतनाको विकास गरिबक्स्यो । तर यस अभियानलाई संवैधानिकरूपबाट नेपालको संविधान तेस्रो संशोधन २०३७ ले खारेज गरेको छ। यसरी निर्देशन एवं प्रेरणा बक्सी मौसूफबाट पञ्चायती व्यवस्थालाई हुर्काउन महत्त्वपूर्ण योगदान गरिबक्स्यो ।

पञ्चायती व्यवस्था हाम्रो चौतर्फी विकास गर्ने व्यवस्था हो । हाम्रो समाजमा बहुविवाह, बालविवाह, जातपातको भेदभाव इत्यादि कुरीतिहरू थिए । ती कुराहरू निर्मूल नभएसम्म पञ्चायती प्रजातन्त्रको विकास हुन सक्तैन । तसर्थ ती कुरीतिहरू निर्मूल पार्न २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरिबक्सियो । सम्पूर्ण जनतामा आर्थिक जागरण ल्याउन २०२१

जालमा भूमिसुधार ऐन लागू गरिबक्सियो । पूर्व पश्चिम राजमार्ग, महेन्द्र राजमार्ग निर्माण गरी यातायातको विकास गर्ने योजना बनाइबक्सियो । देशमा शिक्षा, स्वास्थ्य आदिको निकै विकास गराइबक्सियो । कृषि र उद्योगको विकासमा पनि निकै द्रुतगति आयो ।

स्वर्गीय श्री ५ महेन्द्रको उपर्युक्त योगदानहरूले गर्दा पञ्चायती व्यवस्था नेपालीहरूको अत्यन्त लोकप्रिय भैसकेको छ ।

अभ्यास

१. पञ्चायती प्रजातन्त्र प्रादुर्भाव हुनुभन्दा पहिलेको स्थिति वर्णन गर्नुहोस् ।

२. संसदीय व्यवस्थाको असफलताको कारणसहित पञ्चायती प्रजातन्त्रका मौलिक गुणहरू वर्णन गर्नुहोस् ।

३. पञ्चायती प्रजातन्त्रको विकासमा श्री ५ महेन्द्रको योगदानहरूबारे निबन्ध लेख्नुहोस् ।

४. **खाली ठाउँमा कोठाभित्रमध्येका उपयुक्त कुरा भर्नुहोस्**

(क) स्व. श्री ५ महेन्द्रको राज्यारोहण समयमा देशको परिस्थिति . . . . . भरिपूर्ण थियो ।
१. राजनीतिक चालबाजीले २. राजनीतिक अनिश्चितताले ३. राजनीतिक दलहरूले ४. राजनैतिक प्रचारले ।

(ख) पञ्चायती प्रजातन्त्र अरूको नक्कल गर्न प्रवृत्ति छोडी . . . . चल्ने व्यवस्था हो ।
१. निर्दलीय परम्परामा २. प्राचीन परम्परामा ३. संवैधानिक परम्परामा ४. राष्ट्रिय परम्परामा ।

(ग) . . . . . देशको परिस्थितिसँग नमिल्ने भएकोले अन्त्य गरिबक्सियो र पञ्चायती प्रजातन्त्रलाई जन्म दिइबक्सियो ।

१. संसदीय प्रजातन्त्र २. राणाशासन ३. राजनीतिक दल ४. राजनीतिक अस्थिरता

५. **तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको खाली कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्**

(क) राष्ट्रपिता श्री ५ त्रिभुवनले २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना गरिबक्स्यो । तर प्रजातन्त्रको जग बसाली देशबासीहरूलाई सुखी बनाउने मौसूफको संकल्प अपूरो रह्यो । ( )

(ख) आम निर्वाचनद्वारा जनप्रतिनिधिहरूको हातमा शासन व्यवस्था सुम्पेर अस्थिरताको वातावरण समाप्त गर्ने निर्णय गरिबक्सियो । तसर्थ २००७ साल फागुन ७ गते प्रथम आम निर्वाचनको तिथि तोकिबक्स्यो । ( )

(ग) संसदीय प्रणाली र राजनीतिक दलहरूको वातावरणलाई स्वच्छ पार्न दल विहीन पञ्चायती प्रजातन्त्रको श्रीगणेश गरिबक्सियो । २०१९ साल पुस १ गते यस व्यवस्था अनुरूप संविधान जारिगरिबक्स्यो। ( )

(घ) दूरदर्शी स्व. श्री ५ महेन्द्रबाट संसदीय मन्त्री–मण्डलका कुप्रयासहरू समयमै चाल पाइबक्स्यो । तसर्थ २०१७ साल पौष १ गते उक्त मन्त्री–मण्डल र संसदीय प्रणाली भङ्ग गरिबक्स्यो ।

निर्दलीय पञ्चायती प्रजातन्त्र

हाम्रो पञ्चायती व्यवस्था निर्दलीय व्यवस्था हो । यस व्यवस्थामा ठूलो सानोको भेदभाव रहँदैन । सबै नागरिकहरूलाई समान स्थान प्राप्त हुन्छ । महान राजनीतिज्ञ स्वर्गीय श्री ५ महेन्द्रबाट बक्सेको निर्दलीय प्रणालीले विश्व राजनीतिक क्षेत्रमा एउटा नयाँ अध्याय शुरू गरेको छ ।

१. प्रजातन्त्रको परिभाषा

सबैले समान अवसर पाउने, समान न्याय पाउने शासन व्यवस्था प्रजातन्त्र हो । प्रजातन्त्रमा प्रत्येक व्यक्तिले आफनो भाग्य निर्णय गर्ने उचित अधिकार पाउँदछ । कुनै राजनीतिक दल वा सामाजिक दलबाट कसैको पनि शोषण हुन नदिनु प्रजातान्त्रिक प्रणाली हो । युगौंदेखि समस्त मानव जातिले चाहना गरेका कुराहरू यी नै हुन् । यस परिभाषाबाट प्रजातन्त्रको निम्ति राजनीतिक दलहरूको भन्दा पनि सर्वसाधारण जनताको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

२. बहुदलीय प्रणाली र प्रजातन्त्र

प्रजातन्त्रको लागि राजनीतिक दलहरू आवश्यक छन् भन्ने एक समयमा राजनीतिज्ञहरूको विचार थियो । राजनीतिक दलहरू जनता र सरकारको सम्बन्ध जोड्ने माध्यम मानिन्थे । तर बीसौं शताब्दीसम्ममा यस प्रणालीमा निकै परिवर्तनहरू हुँदै यसले अर्कै रूप धारण गरेको । दलीय प्रणाली प्रजातन्त्रको मूलभूत सिद्धान्तमा बाधा पुऱ्याउने दोषहरू देखापर्न थाले । यसले गर्दा दलीय प्रणाली प्रजातन्त्रको भावना विपरीत हुनगयो ।

दलीय प्रणालीमा निर्वाचनद्वारा बहुमत प्राप्त राजनीतिक दलले सरकार गठन गर्दछ । यसैले राजनीतिक दलहरूमा जसरी भए पनि निर्वाचन जित्ने मनोवृत्ति आउन थाल्यो । दलहरू जनतालाई झूठो आश्वासन दिएर निर्वाचन जित्ने दाउपेचमा लाग्न थाले । यसरी सत्तामा जान सङ्घर्षरत दलहरूले देशको स्वार्थभन्दा दलको स्वार्थलाई प्राथमिकता दिए । तसर्थ राजनीतिक दलहरूले जनसेवाको भावना परित्याग गर्न थाले ।

प्रजातन्त्रमा सर्वसाधारण जनतालाई व्यक्तिगत स्वतन्त्रता र सरकारमा जाने अधिकार प्राप्त हुन्छ । तर दलीय प्रणालीमा अधिकार र स्वतन्त्रताको नाउँमा चार पाँच वर्षमा एक पटक हुने आम निर्वाचनमा भोट दिने अधिकार दिएर सर्वसाधारण जनतालाई सन्तोष पारेको हुन्छ । जनताको समानता र स्वाधीनतालाई एक भोट मात्रको अधिकारले सङ्कुचित पार्दछ । वास्तवमा राजनीतिक दलहरूमा नियन्त्रण गर्ने साधन ठूलाठूला धनी मानिसको हातमा रहन्छ । राजनीतिक दलहरूले पनि स्वार्थको निम्ति काम गर्दछन् । यसप्रकार दलीय प्रणालीले गरीब र साधारण व्यक्तिहरूलाई राजनीतिक शोषण गरेको हुन्छ । तसर्थ दलीय प्रणाली प्रजातान्त्रिक भावनाको प्रतिकूल हुन्छ ।

दलीय प्रणालीमा नेताको कुरामा समर्थन गर्नै बाध्य गराइन्छ । विपक्षले गरेको ठीक कामलाई पनि विरोध गर्ने गरिन्थ्यो । दलीय अनुशासनको नाउँमा यस्ता अविवेकपूर्ण काम हुने हुँदा निष्पक्ष विचारको निम्ति दलीय व्यवस्थामा कुनै स्थान रहेन । निर्दलीय व्यवस्थामा यस्तो अविवेकपूर्ण गर्नुपर्ने खण्ड आइपर्दैनन् ।

राजनीतिक दलहरू खास गरी वर्गीय, क्षेत्रीय वा जातीय आधारमा सङ्गठन भएका हुन्छन् । तसर्थ यिनीहरू सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्तैनन् ।

उपर्युक्त कुराहरूले गर्दा दलीय प्रणाली प्रजातान्त्रिक सिद्धान्त विपरीत हुन गएको स्वत: सिद्ध छ । यसकारण यी अवगुणलाई हटाई स्वच्छ प्रजातन्त्रको विकास गर्न निर्दलीय प्रणाली आवश्यक हुन्छ ।

३. एक दलीय प्रणाली र प्रजातन्त्र

बीसौं शताब्दीमा एक दलीय प्रणालीको जन्म भयो । एक सिद्धान्त, एक उद्देश्य र एक दल भन्ने नाराले यस प्रणालीको सूत्रपात भएको थियो ।

यस प्रणालीमा एक वर्गको अरू सबैमाथि आधिपत्य रहन्छ । सबैको समान अधिकार र न्यायजस्ता प्रजातान्त्रिक विचारधारा यस प्रणालीले मान्दैन । साथै व्यक्तिगत स्वतन्त्रता सिद्धान्तलाई पनि एक दलीय प्रणालीमा कुनै मान्यता हुँदैन । समस्त जनतालाई यन्त्र सरी काम गराउने, विचार र नियन्त्रण राख्ने प्रयत्न गरिन्छ । तसर्थ यो प्रणाली वास्तवमा प्रजातान्त्रिक प्रणाली होइन, किनभने यस प्रणालीले व्यक्तिको अस्तित्वलाई स्वीकार गर्दैन ।

४. निर्दलीय पञ्चायती प्रजातन्त्रको विशेषता

बहुदलीय वा एक दलीय प्रणाली प्रजातन्त्रको सिद्धान्त र आदर्श प्रतिकूल हुन गएको कुरामाथि चर्चा गरियो । तसर्थ बीसौं शताब्दीमा पूर्वार्द्धदेखि राजनीतिज्ञहरू प्रजातान्त्रलाई वास्तविक रूपमा सबै व्यक्तिको निमित्त उपयोगी बनाउने प्रयत्नमा लागे । यस अन्तरराष्ट्रिय समस्या र विचारधाराबाट हामी अलग रहन सक्तैनौं । तसर्थ हामीले निर्दलीय प्रणालीद्वारा पूर्ण प्रजातन्त्र प्राप्त गर्न नयाँ सिद्धान्त अपनायौं ।

हाम्रो जस्तो विकासोन्मुख देशमा सबभन्दा ठूलो समस्या गरीबी हो । छिटोछरितो विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उठाउनु नै विकासोन्मुख देशहरूको मुख्य लक्ष्य हो । यसको निम्ति सबै जनतामा भिन्नता होइन, एकता चाहिन्छ । तर दलीय प्रणालीले जनशक्तिलाई अनावश्यक दलगत राजनीतिमा अल्झाएको हुन्छ । निर्दलीय प्रणालीले सबैलाई सार्वजनिक हितको निमित्त एक भै काम गर्ने प्रेरणा दिन्छ । यही प्रणालीले जनताको वास्तविक इच्छालाई पनि पूरा गर्दछ । धेरैजसो विकासोन्मुख देशहरूले दलीय प्रणाली असफल भएको अनुभव गरेका छन् ।

कुनै पनि देशको राजनीतिक प्रणाली त्यस देशको सामाजिक, आर्थिक र राजनीतिक बनोट-मा आधारित हुनु आवश्यक छ। सबै देशहरूमा दलीय प्रणाली नै बेस हुन्छ भन्नु बुद्धिमानी होइन। दलीय प्रणालीबाट विगत दश वर्षमा भएको तीतो अनुभव हामीले बिर्सेका छैनौं। सीधासाधा जनतालाई राजनीतिक वा सामाजिक शोषणबाट मुक्त गरी सबैलाई आफ्नो व्यक्ति-त्त्वको विकास गर्ने समान अवसर दिने निर्दलीय प्रणाली आवश्यक हुन्छ ।

निर्दलीय पञ्चायती व्यवस्थामा सबैलाई आफ्नो भाग्य निर्णय गर्ने आवश्यक अधिकारहरू प्रदान गरिएका छन् । विकेन्द्रीकरणको सिद्धान्तलाई निर्दलीय प्रणालीको अभिन्न अङ्ग मानि-एको छ। आफ्नो गाउँ वा क्षेत्रको अवस्थामा सुधार ल्याउन स्थानीय जनतालाई नै अधि सारिएको छ र आवश्यक अधिकार प्रत्यायोजन गरिएको छ। पञ्चायतका विभिन्न तहका प्रतिनिधिहरूको निर्वाचन जनताहरूले नै गर्दछन् ।

यसरी राजनीतिक दलहरूको दलगत स्वार्थमा नलागी सबैलाई आफ्नो र देशको उज्ज्वल भविष्यको निर्माण गर्न निर्दलीय पञ्चायती व्यवस्था सुहाउँदो र अनुकूल छ भन्ने कुरा प्रमाणित हुन आएको छ ।

निर्दलीय पञ्चायती व्यवस्थामा स्वतन्त्र र निष्पक्ष विचार प्रकट गर्ने अवसर सबैलाई प्राप्त छ । स्वतन्त्र र निष्पक्ष विचार नै प्रजातन्त्रको प्राण हो । तसर्थ निर्दलीय प्रणाली अरू प्रणाली-भन्दा प्रजातान्त्रिक सिद्ध भएको छ । राष्ट्रिय पञ्चायत र अरू तहका पञ्चायतहरूमा सबै सदस्यहरूले आफ्नो भित्री मनले देखेका कुराहरू प्रकट गर्न पाउँदछन् । दलीय प्रणालीमा झैं विपक्षको विरोध गर्नुपर्ने आवश्यकता हुँदैन ।

पञ्चायती व्यवस्थामा वर्गीय सङ्गठनहरू हुन्छन्। ती सङ्गठनले आफ्नो आफ्नो वर्गको प्रबन्ध र समन्वय गर्दछन् । निर्दलीय प्रणालीको यो एक प्रमुख गुण हो । दलीय प्रणालीमा यस्तो व्यवस्था हुँदैन ।

साथै निर्दलीयतामा एकता हुन्छ । दलहरूको आपसी फूट तथा झगडाले सम्पूर्ण जनता-लाई विभाजन गर्ने मौका पाउँदैनन् । निर्दलीय प्रजातन्त्रमा दलीय प्रणालीमा झैं दलको निर्देशन अनुसार मत दिनु आवश्यक छैन । तसर्थ प्रजातन्त्रको मौलिक रूप तथा जनताको व्यक्तित्त्वको कदर हुन्छ ।

अभ्यास

१. निर्दलीय पञ्चायती प्रजातन्त्रका विशेषताहरू लेख्नुहोस् ।
२. "तर बीसौं शताब्दीमा दलीय प्रणालीमा प्रजातन्त्रको मूलभूत सिद्धान्तमा बाधा पुऱ्याने दोषहरू देखापर्न थाले ।" यस सन्दर्भमा दलीय प्रणालीका दोषहरूको विवेचना गर्नुहोस्।
३. "निर्दलीय प्रणाली नै पूर्ण प्रजातन्त्र हो" भन्ने तथ्यलाई प्रजातन्त्रको परिभाषासहित स्पष्ट व्याख्या गर्नुहोस् ।

४· तलका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्

(क) हाम्रो पञ्चायती व्यवस्थाले अपनाएको प्रजातन्त्रमा कुनै राजनीतिक दलहरूको आवश्यकता छैन, किनभने –

( ) पञ्चायती व्यवस्था विकेन्द्रीकरणको सिद्धान्तमा आधारित छ ।
( ) पञ्चायती प्रजातन्त्र तलैबाट उठेको व्यवस्था हो ।
( ) हाम्रो व्यवस्था बहुमत होइन, सर्वमतको सिद्धान्तमा आधारित छ ।
( ) संसदीय व्यवस्था अफापसिद्ध भएको छ।

(ख) बीसौं शताब्दीमा दलीय प्रणालीमा प्रजातन्त्रको मूलभूत सिद्धान्तमा बाधा पुऱ्याउने दोषहरू देखापर्न थाले । ती दोषहरूले गर्दा –

( ) जनताको समानता र स्वाधीनतालाई एक भोटको अधिकारले सङ्कुचित पारिदिएको छ।
( ) राजनीतिक दलहरूमा जसरी भए पनि निर्वाचन जित्ने मनोवृत्ति आउन थाल्यो ।
( ) उपर्युक्त दुवै उत्तरहरू ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तरहरू ठीक छैनन् ।

५. खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुरा भर्नुहोस्

(क) प्रजातन्त्रमा प्रत्येक व्यक्तिले आफ्नो.....उचित अधिकार पाउँदछ ।
१. भाग्य निर्णय गर्ने २. भोट दिने ३ उम्मेदवार हुने ४ धन उपार्जन गर्ने ।

(ख) १९ औं शताब्दीमा एक दलीय प्रणालीको जन्म र विकास भयो । यस प्रणालीमा एक वर्गको अरू सबै वर्गमाथि.....रहन्छ ।
१. समानता २. भ्रातृत्व ३. आधिपत्य ४. उत्तरदायित्व

(ग) छिटोछरितो विकास गरी सर्वसाधारण जनताको जीवनस्तर उठाउनु नै विकासोन्मुख देशहरूको मुख्य लक्ष्य हो । यसको निम्ति सबै जनतामा भिन्नता होइन, एकता चाहिन्छ । तर दलीय प्रणालीले जनशक्तिलाई अनावश्यक...अल्झाएको हुन्छ ।
१. दलगत राजनीतिमा २. मतदानमा ३. नाराबाजीमा ४. चालबाजीमा

(घ) सीधासाधा जनतालाई राजनीतिक वा सामाजिक शोषणबाट मुक्त गरी सबैलाई आफ्नो व्यक्तित्त्व विकास गर्ने समान अवसर दिन...प्रणालीको आवश्यकता हुन्छ ।
१. बहुदलीय २. एक दलीय ३. राजनीतिक ४. निर्दलीय

पञ्चायती प्रजातन्त्र र शोषणरहित समाज

अर्काको परिश्रम र पसीनाबाट आफ्नो निजी लाभ उठाउनु शोषण गर्नु हो। आफ्नो सुखको निम्ति अरूलाई दुःखदिने, सताउने र थिचमोचो गर्नेलाई शोषण भनिन्छ । जसलाई शोषण गरिएको छ, त्यसलाई शोषित भनिन्छ । शोषणहरू धेरै प्रकारका हुन्छन् । जस्तैः– सामाजिक, राजनीतिक, आर्थिक र धार्मिक शोषणहरू । मानिसले मानिसमाथि गर्ने सबभन्दा जघन्य अत्याचार शोषण नै हो ।

१. पञ्चायती प्रजातन्त्रको शोषणरहित समाज स्थापना गर्ने लक्ष्य

शोषणलाई अन्त्य नगरेसम्म समाजमा सुख शान्ति कायम हुँदैन । शोषण गर्ने प्रवृत्ति सरुवा रोग झैं फैलिएर जान सक्तछ । शोषणको अन्त्य नगरेसम्म प्रजातन्त्र फल्न फुल्न पाउँदैन। तसर्थ हाम्रो पञ्चायत प्रजातान्त्रिक व्यवस्थामा सबै प्रकारको शोषणको अन्त्य गर्ने लक्ष्य राखिएको छ । हाम्रो संविधानमा "प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायती प्रणालीको उद्देश्य हुनेछ" भनी लेखिएको छ ।

२. पञ्चायती प्रजातन्त्रको शोषण अन्त्य गर्ने मौलिक तरीका

शोषकहरूलाई निर्मूल गर्दैमा शोषणको अन्त्य हुँदैन । हाम्रो पञ्चायती व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो । यो व्यवस्था विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याउने व्यवस्था हो । तसर्थ पञ्चायती व्यवस्थाले शोषकलाई होइन, शोषणलाई अन्त्य गर्ने प्रमुख उद्देश्य राखेको छ । यो हाम्रो मौलिक विचारधारा हो । कसैले अरू कसैलाई शोषण गर्नुबाट रोकी शोषणरहित समाज स्थापना गर्ने हाम्रो लक्ष्य हो ।

हाम्रो समाजमा आर्थिक शोषण मात्र होइन, सामाजिक तथा राजनीतिक शोषणहरू पनि प्रशस्त छन् । तिनीहरूलाई अन्त्य गर्न पुरानो कानूनमा संशोधन गरिएको छ । साथै कानूनहरू पनि तर्जुमा गरिएका छन् । राणाहरू शक्तिमा रहेका वेलामा बनेको पुरानो मुलुकी ऐन सामाजिक शोषणको उदाहरण हो । जातपातको आधारमा घटीबढी सजाय दिनेजस्ता शोषणपूर्ण कानूनहरू थिए । नारीहरूलाई अधिकारबाट वञ्चित गरेर पुरुषको दासी बनाउने प्रथा थियो । पुरानो मुलुकी ऐनले नारीमाथि पुरुषको शोषणलाई मान्यता दिएको थियो । तसर्थ स्वर्गीय श्री ५ महेन्द्रबाट पञ्चायती प्रजातन्त्रको प्रादुर्भावका साथै सो ऐनमा क्रान्तिकारी परिवर्तन गरिबक्स्यो । नयाँ मुलुकी ऐनले बहुविवाह, बालविवाह, अनमेल विवाह आदि सामाजिक कुरीति निर्मूल पार्ने कदम चालेको छ । मोही किसानहरूलाई जमिन्दारको आर्थिक शोषणबाट मुक्तगर्न भूमिसुधार लागू गरिएको छ । निम्न स्तरका जनताको न्यूनतम आवश्यकताको पूर्ति गर्न र

उनीहरूको न्यूनतम बचतको सञ्चालन गराई प्रतिव्यक्तिका आयमा वृद्धि गर्ने साझा सहकारिताको कदम चालिएको छ। यसरी हाम्रो संविधानले शोषणमुक्त समाज निर्माण गर्ने उद्देश्य राखेको छ।

३. शोषण गर्ने प्रवृत्तिको अन्त्य

हाम्रो समाजमा चलिरहेको शोषणलाई अन्त्य गर्न कानूनमा परिवर्तन मात्र पर्याप्त हुँदैन। शोषण गर्ने प्रवृत्ति नै समाप्त गर्न आवश्यक छ। राणाशासन कालमा जनतालाई कमारा जस्ता बनाई नेपालीको देशमा नेपालीहरूमा नै शोषण गरिएको थियो। २००७ सालपछि शोषकको रूपमात्र फेरियो, तर शोषणको अन्त्य हुन सकेन। राजनीतिक दलका नेताहरूले जनतालाई हतियार बनाई मन्त्री बन्ने, घर खेत जोड्ने काम गर्न थाले। यसको मुख्य कारण जनचेतनाको अभाव थियो। ग्रामीण समाजमा जनचेतना वृद्धि नभएसम्म शोषणको अन्त्य हुन पाउँदैन। तसर्थ श्री ५ महेन्द्रबाट भ्रष्टाचार, अन्याय र अत्याचारको अन्त्य गर्न "गाउँ फर्क राष्ट्रिय अभियान" चलाइबक्स्यो। यस अभियानमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखिएको थियो। पञ्चहरू मात्र होइन, जनता पनि सजग हुनुपर्दछ भन्ने सन्देश बराबर हामीले पाएका छौं। हामी आफ्नो कर्तव्य र अधिकारप्रति सजग नभएसम्म शोषणको अन्त्य हुनसक्दैन। साथै शोषणको अन्त्य नभैकन प्रजातन्त्रको विकास हुनसक्दन। तसर्थ स्वर्गीय श्री ५ महेन्द्रबाट शोषण प्रवृत्तिको अन्त्य गर्न जनजागृतिको मूल ढोका खोलिबक्सेको थियो।

४. पञ्चायती प्रजातन्त्रको निम्ति शोषणरहित समाजको आवश्यकता

पञ्चायती प्रजातन्त्रको उद्देश्य नेपालीहरूको सर्वाङ्गीण विकास हो। सबै वर्गको शोषण दमनबाट मुक्त भै आफ्नो विकास गर्न पाउने यो व्यवस्था हो। आर्थिक विकास गर्नलाई सामाजिक र राजनीतिक विकास पनि साथसाथै हुनुपर्दछ। जुन समाजमा कुरीति, कुप्रथाहरू विद्यमान हुन्छन्, त्यस समाजमा विकासको मूल फुट्न पाउँदैन। तसर्थ शोषणरहित समाज विकासमूलक पञ्चायती प्रजातन्त्रको निम्ति अनिवार्य छ।

अभ्यास

१. शोषण केलाई भनिन्छ। शोषणको अन्त्य गर्न पञ्चायती व्यवस्थाले अपनाएका मौलिक तरीकाहरू वर्णन गर्नहोस्।

२. हाम्रो समाजमा विद्यमान शोषणहरूको छोटकरीमा वर्णन गर्नुहोस् र शोषणको अन्त्य गर्न स्वर्गीय श्री ५ महेन्द्रबाट के कदम उठाइबक्सेको थियो? लेख्नुहोस्।

३. पञ्चायती प्रजातन्त्रको निम्ति शोषणरहित समाज किन आवश्यक छ? उदाहरणसहित लेख्नुहोस्।

४. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिह्न र बेठीक भनाइको निम्त यस्तो (×) चिन्ह दिनुहोस्

(क) अर्काको परिश्रम र पसीनाबाट आफ्नो निजी लाभ उठाउनु शोषण गर्नु हो। ( )

(ख) पञ्चायती व्यवस्था प्रजातान्त्रिक व्यवस्था हो । यो व्यवस्था विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याउने व्यवस्था हो। ( )

(ग) हाम्रो समाजमा चलिरहेको शोषणलाई अन्त्य गर्न कानूनमा परिवर्तन गर्नु मात्र पर्याप्त छ, शोषण गर्ने प्रवृत्ति समाप्त गर्नु आवश्यक छैन । ( )

(घ) २००७ सालपछि शोषकको रूप फेरियो र शोषणको अन्त्य हुन गयो । ( )

५. खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुरा भर्नुहोस्

(क) शोषणरहित समाजको स्थापना गर्नलाई.....अन्त्य गर्नुपर्दछ ।

१. शोषक २. शोषण ३. राजनीतिक दल ४. कुप्रथा

(ख) शोषणको अन्त्य नभैकन प्रजातन्त्रको विकास हुन सक्तैन, तसर्थ स्वर्गीय श्री ५ महेन्द्रबाट शोषण प्रवृत्ति अन्त्य गर्न.....मूल ढोका खोलिबक्सेको थियो।

१. विकासको २. सामाजिक क्रान्तिको ३. औद्योगिक क्रान्तिको ४. जन जागृतिको

(ग) आर्थिक विकास गर्नलाई सामाजिक र राजनीतिक विकास पनि साथसाथै हुनुपर्दछ। जुन समाजमा.....विद्यमान हुन्छन्, त्यस समाजमा विकासको मूल फुट्न पाउँदैन ।

१. कुरीति, कुप्रथाहरू २. जातपातको चलन ३. बहु-विवाह ४. बाल-विवाह

(घ) ग्रामीण समाजमा जनचेतना वृद्धि नभएसम्म शोषणको अन्त्य हुन सक्तैन । तसर्थ स्वर्गीय राष्ट्रनायक श्री ५ महेन्द्रबाट भ्रष्टाचार, अन्याय, अत्याचारको अन्त्य गर्न ..... चलाइबक्स्यो ।

१. सुधार अभियान २. मुलुकी ऐनमा सुधार ३. गाउँफर्क राष्ट्रिय अभियान ४. भूमिसुधार अभियान

६. तलका प्रत्येक भनाइअधि खाली कोठामा ठीक उत्तरमा यस्तो (√) चिह्न लगाउनुहोस्

१. आर्थिक शोषणबाट मुक्त गर्न चालिएको हो—

( ) मुलुकी ऐन
( ) गाउँफर्क राष्ट्रिय अभियान
( ) भूमिसुधार

विकेन्द्रीकरण

तलैदेखि प्रजातन्त्रको जग बसाल्ने पञ्चायती व्यवस्थाको उद्देश्य हो । गाउँ, जिल्ला, अञ्चल र राष्ट्रिय स्तरका पञ्चायतलाई जनप्रतिनिधित्त्व गर्न सक्ने बनाउन विकेन्द्रीकरणको सिद्धान्तलाई अपनाइएको छ । वास्तविक प्रजातान्त्रिक प्रणाली जनताबाट अलग रहन सक्तैन । विकेन्द्रीकरणलाई माध्यम बनाएर पञ्चायती प्रजातन्त्रलाई देशको विकास र रक्षा गर्न जनतालाई समर्थवान् बनाउने लक्ष्य लिएको छ ।

आधुनिक युगमा लोककल्याणकारी राज्यको सिद्धान्त सर्वमान्य छ । हाम्रो व्यवस्थाले पनि लोककल्याणकारी राज्यपद्धति अपनाइएको छ । यस्तो व्यवस्थामा शान्तिसुरक्षा मात्र होइन, जनजीवनका आवश्यक अन्य कुराहरू जस्तैः– शिक्षा, स्वास्थ्य, खेलकूद इत्यादि र व्यक्तिको व्यक्तित्त्वका सम्पूर्ण विकासको दायित्त्व पनि राज्यको हुन्छ। तर यी सबै जनताको सक्रिय सहयोगविना राज्यले मात्र पूर्ण गर्न सम्भव हुँदैन । तसर्थ सम्पूर्ण जनतालाई हरेक कार्यकलापमा स्वेच्छाले सम्मिलित गराई जनसहयोग पाउन विकेन्द्रीकरणको सिद्धान्त अपनाउनु आवश्यक हुन्छ ।

हाम्रो निर्दलीय प्रजातन्त्रको आधार नै जनबल हो । त्यसकारण जनतालाई जागृत एवं सक्षम बनाउन विकेन्द्रीकरण आवश्यक छ । यी सबै कारणहरूले गर्दा हाम्रो व्यवस्थाले विकेन्द्रीकरणको सिद्धान्तलाई उपयुक्त माध्यमको रूपमा मानेको छ ।

१. केन्द्रीकरण र विकेन्द्रीकरणमा भेद

केन्द्रीकरण र विकेन्द्रीकरण दुई प्रकारका प्रणाली हुन् । यी प्रणालीहरू प्रशासन, राजनितिक शक्ति र अन्य क्षेत्रहरूमा पनि लागू हुनसक्छन् । साधारणतः केन्द्रीकरण भन्नाले सबै अधिकार वा शक्ति खिचेर राख्नु हो । अर्को शब्दमा केन्द्रबाहेक तल्लो तहको एकाई वा कार्यालयहरूलाई अधिकार वा शक्तिरहित बनाउनु हो । एकरूपता ल्याउने तर्कको आधारमा केन्द्रीकरणमा जोड दिइन्छ ।

विकेन्द्रीकरण केन्द्रीकरणको ठीक उल्टो हुन्छ । सबै तहका एकाई वा कार्यकलापहरूमा अधिकार छरिएको हुन्छ । अधिकार वा शक्तिलाई एकै ठाउँमा जम्मा रहन नदिने प्रणालीलाई साधारणतः विकेन्द्रीकरण गर्नु भनिन्छ । केन्द्रमा रहेको प्रशासकीय अधिकार तल्लो तहमा प्रयोजन गरिन्छ । विकेन्द्रीकरणको मुख्य उद्देश्य स्थानीय समस्या हल गर्न प्रशासन र स्थानीय एकाईलाई सक्षम बनाउनु हो ।

२. केन्द्रित प्रशासनका मुख्य दोषहरू

उपर्युक्त दुई सिद्धान्तहरूको तुलना गर्दा केन्द्रित शासनमा देहायका मुख्य दोषहरू देखिन्छन्–

(क) सबै अधिकार केन्द्रित गरी शक्तिमा रहेका व्यक्तिहरूले शासनलाई आफ्नो स्वार्थपूर्तिको साधन बनाएको हुन्छ । तसर्थ केन्द्रित प्रशासन विकासमूलक हुँदैन । केन्द्रित प्रणालीमा करबलले शासकको इच्छा जनतामा लाद्ने दोष हुन्छ ।

(ख) केन्द्रित प्रशासनमा स्थानीय एकाईहरू केन्द्रहरूको आदेश पालन गर्ने यन्त्रको रूपमा रहन्छन् । जनताको पीरमर्काप्रति कुनै वास्ता रहँदैन । तसर्थ यो प्रणालीमा जनभावना प्रतिकूल दोष हुने हुन्छ ।

(ग) केन्द्रित शासनमा सबै अधिकार केन्द्रमा थुपारिएका हुन्छन्, जसले गर्दा कामको भार बढी हुन्छ । तर कसैले पनि नियन्त्रण गर्न सक्ने क्षमता सीमित हुने हुँदा यस्तो शासनमा स्वभावतः भूलहरू हुने सम्भावना हुन्छ ।

(घ) स्थानीय समस्याहरू समाधान गर्न केन्द्रमा जाहेर गरेर केन्द्रको निर्देशन आउन्जेल बिग्रिने काम बिग्रिन सक्तछ । तसर्थ केन्द्रित शासनमा दक्षताको कमी र ढिला सुस्ती हुने दोष रहन्छ ।

(ङ) केन्द्रमा बस्ने शासकहरूलाई स्थानीय परिस्थिति र समस्याको ज्ञान हुँदैन । उनीहरूले दिएका निर्देशन अव्यावहारिक र वस्तुस्थितिसँग नमिल्ने दोष हुन्छ ।

(च) केन्द्रित शासनमा लिने निर्णय अधिकार केन्द्रमा निहित रहने हुन्छ । तसर्थ केन्द्रमा पुग्न सक्ने व्यक्तिले मात्र शासनको फाइदा उठाउन सक्तछ । साधारण जनताको निम्ति यो प्रणाली लाभदायक हुँदैन ।

(छ) केन्द्रले स्थानीय एकाईहरूलाई कुनै अधिकार नदिई कडा नियन्त्रणमा राख्दछ । तसर्थ स्थानीय एकाईहरूको प्रशासकहरूमा अभिभारा पन्छाउने र निष्क्रिय रहने मनोवैज्ञानिक असर परेको हुन्छ ।

३. नेपालमा शासन व्यवस्था

हाम्रो देशमा जनप्रशासनको श्रीगणेश २००७ सालदेखि भएको हो । त्योभन्दा पहिले राणाकालीन समयमा निरङ्कुश शासन थियो । सबै अधिकार र शक्ति राणा प्रधानमन्त्रीमा केन्द्रित थिए । प्रधानमन्त्रीको हुकुमविना कुनै काम गर्न पाइँदैनथ्यो । सम्पूर्ण अधिराज्यलाई ३२ जिल्लाहरूमा विभाजित गरी प्रत्येक जिल्लामा एक एक-जना बडाहाकिम राणा

परिवारबाट नियुक्ति गरिन्थ्यो । बडाहाकिमहरूको मुख्य काम राजस्व उठाउनु र जनतामाथि कडा निगरानी राख्नु थियो । त्यस समयमा विकास भन्ने कुराको प्रशासनसँग कुनै सम्बन्ध थिएन । २००७ सालको क्रान्तिपछि प्रशासनलाई प्रजातन्त्र अनुरूप बनाउन केही सुधारहरूको थालनी भयो । राणा परिवारले एकलौटी गरेको शासन अधिकार जनताको हातमा आयो । कामको प्रकृति हेरी विभिन्न मन्त्रालय तथा विभागहरू गठन भए । बडाहाकिमहरूको नियुक्ति र काम, कर्तव्यमा सुधार गरियो । तर राजनीतिक अस्थिरताले गर्दा शासन विकासमूलक हुन-सकेन । शासन अनुसार नारा मात्र लाग्न थाल्यो । २०१७ सालको क्रान्तिकारी परिवर्तन पछि विकेन्द्रीकरणको महत्त्व र प्रयोग वास्तविक रूपमा हुनथाल्यो ।

४. पञ्चायती व्यवस्था र विकेन्द्रीकरण

पञ्चायती व्यवस्थाले यस व्यवस्थाका प्रवर्तक स्वर्गीय श्री ५ महेन्द्रको सदिच्छानुसार विकेन्द्रीकरणको सिद्धान्त अपनाएको छ। तसर्थ मौसूफबाट हाम्रो संविधानको प्रस्तावनामा "विकेन्द्रीकरणको सिद्धान्त अँगाल्ने" पञ्चायती व्यवस्थाको उद्देश्यको घोषणा गरिबक्स्यो । साथै "क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई" जनकल्याणकारी राज्यको सृजना गर्ने लक्ष्य पनि हाम्रो संविधानमा उल्लेख गरिएको छ । तसर्थ विकेन्द्रीकरण हाम्रो संविधान र व्यवस्थाको अभिन्न अङ्ग भएको छ ।

जनबल नै हाम्रो दलविहीन पञ्चायती व्यवस्थाको आधार हो । तसर्थ तमाम नेपाली-हरूमा "नेपालीको विकास नेपालीले नै गर्नुपर्दछ" भन्ने भावना जागृत गर्न राजनीतिक विकेन्द्रीकरणको महत्त्वपूर्ण भूमिका छ । प्रत्येक तहको पञ्चायतमा जनप्रतिनिधिहरूलाई सम्मिलित गराई जनबल परिचालन गर्ने उद्देश्य रहेको छ । राष्ट्र निर्णाणको काममा जनतालाई स्वेच्छाले अग्रसर गराउन पञ्चायतहरूलाई स्थानीय सरकारको रूपमा विकास गरिनेछ। यसरी अनावश्यक झै-झगडाबाट ह्रास भैरहेको जनबललाई राष्ट्र निर्माणको काममा उपयोग गर्न विकेन्द्रीकरण गरिएको हो ।

उपर्युक्त लक्ष्य हासिल गर्न प्रशासन यन्त्रलाई पनि सोही अनुरूप परिवर्तन गर्नुपर्दछ । प्रशासन विकासमूलक र जनमुखी नभएसम्म विकास कार्यमा कठिनाई पर्दछ । तसर्थ प्रशासन-यन्त्रमा जनसेवाको भावना उत्पन्न गराउन विकेन्द्रीकरण गरिएको छ । स्थानीय प्रशासकीय एकाईहरू पञ्चायतको तह अनुसार मिलाइएका छन् । अञ्चलाधीश तथा प्रमुख जिल्ला अधिकारीहरूमा आवश्यक अधिकारहरू प्रत्यायोजन गरिएका छन् ।

संविधानको घोषित लक्ष्य अनुसार पञ्चायतको गठन विकेन्द्रीकरणको आधारमा गरिएको छ । सबभन्दा माथिल्लो तहमा राष्ट्रिय पञ्चायत रहेको छ । त्यसपछि जिल्ला र सब-

भन्दा तल्लो तहमा गाउँ वा नगर पञ्चायत रहेका छन् । यी सबै तहहरू एक अर्कासँग विकेन्द्रीकरणको सिद्धान्तको आधारमा गठन गरिएका छन् ।

५. पञ्चायती व्यवस्थामा क्रमिक विकेन्द्रीकरण योजना

२०२२ साल पौष १ गते श्री ५ को सरकारले अधिराज्यभरि क्रमिक विकेन्द्रीकरण योजना लागू गर्ने निर्णय गरयो । हाल जिल्ला पञ्चायतलाई विकेन्द्रीकरणको मुख्य आधार मानिएको छ ।, जिल्ला पञ्चायतहरूलाई स्थानीय प्रशासन र विकास कार्यहरू सञ्चालन गर्न बढी अभिभारा तथा अधिकार क्रमशः सुम्पिदै लैजाने कदमहरू चालिदै छन् । स्थानीय विकासको निमित्त शिक्षा, कृषि, भूमि इत्यादि जिल्ला स्तरीय सबै कार्य र अधिकारहरू जिल्ला पञ्चायतद्वारा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । नवीन प्रणाली एकै चोटी लागू गर्दा अन्योलको वातावरण आउन सक्ने हुनाले विकेन्द्रीकरणको कार्यान्वयन योजनाबद्ध तरीकाले क्रमशः लाग गरिने व्यवस्था छ । विकेन्द्रीकरणका तीन चरण छन् । ती देहाय अनुसारका हुन्:–

(क) प्रारम्भिक चरण

यस चरणमा ७५ जिल्ला पञ्चायतहरूमा एकएक जना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गरिएको छ । यसभन्दा पहिले चलिआएका ३२ जिल्लाहरूमा रहेका बडाहाकिमहरूको व्यवस्था अन्त गरी प्रशासनिक र पञ्चायती क्षेत्रमा समन्वय गरिएको छ । प्रमुख जिल्ला अधिकारीलाई जिल्लाको शान्तिसुरक्षा कायम गर्ने अधिकारहरू दिइएका छन् । जिल्ला पञ्चायतहरूलाई केही विकास कार्यहरूको अभिभारा दिइएको छ । साथै जिल्ला पञ्चायतका निर्णयहरू कार्यान्वयन गर्नमा श्री ५ को सरकारको तर्फबाट आवश्यक सहयोग दिने कर्तव्य प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

(ख) सङ्क्रमणकालीन चरण

विकेन्द्रीकरणको अन्तिम चरणको लागि आवश्यक तयारी गर्ने कार्यहरू यस चरणमा गरिन्छन् । यस चरणमा जिल्लास्तरीय विभिन्न विकास कार्यहरू सञ्चालन गर्ने अभिभारा जिल्ला पञ्चायतलाई सुम्पिएको छ । साथै सम्बन्धित केन्द्रीय विभागहरूमा जिल्लास्तरीय सबै कर्मचारीहरू जिल्ला कार्यालयको मातहतमा राखिएका छन् । अन्तिम चरणको लागि आवश्यक पर्ने तालीम दिने व्यवस्था पनि छ ।

(ग) अन्तिम चरण

यस चरणमा अन्तिम रूपमा सुव्यवस्थित जिल्ला प्रसासनको सृजना हुनेछ । शान्तिसुरक्षा कायम राख्ने जिम्मेवारीबाहेक अरू सबै जिल्ला स्तरीय कार्यभार सञ्चालन गर्ने अभिभारा पञ्चायतलाई सुम्पिइने छ । राष्ट्रिय नीति निर्देशन अन्तर्गत रही स्थानीय नीति सम्बन्धी

निर्णय गर्ने अधिकारसमेत जिल्ला पञ्चायतलाई हुनेछ । प्रमुख जिल्ला अधिकारी शान्तिसुरक्षा कायम गर्ने श्री ५ को सरकारको प्रमुख प्रतिनिधि हुनेछन् ।

यसरी जम्मा पाँच वर्षभित्र ७५ जिल्लाहरूमा प्रारम्भिक चरण लागू गरिनेछ। पञ्चायतको जिम्मेवारी बहन गर्न सक्ने क्षमता अनुसार दोस्रो र तेस्रो चरण लागू हुनेछन् ।

अभ्यास

१. केन्द्रीकरण र विकेन्द्रीकरणको परिभाषासहित केन्द्रीय प्रशासनका दोषहरू छोटकरीमा लेख्नुहोस् ।

२. "जनतालाई जागृत एवं सक्षम बनाउन विकेन्द्रीकरण आवश्यक छ" यस कथन अनुसार पञ्चायती व्यवस्थामा विकेन्द्रीकरणको आवश्यकता र महत्त्वबारे स्पष्ट लेख्नुहोस् ।

३. नेपालमा प्रशासन व्यवस्थाको विकासको झलकसहित क्रमिक विकेन्द्रीकरण योजनाको वर्णन गर्नुहोस् ।

४. तलका दुई समूहका उपयुक्त जोडा मिलाएर सार्नुहोस्

(क) .....केन्द्रीकरण हो ।	१. अन्तिम चरणको लागि तयार गर्ने काम
(ख) .....विकेन्द्रीकरण हो ।	२. लोककल्याणकारी राज्य
(ग) .....सङ्क्रमणकालीन चरण गरिनेछ ।	३. वास्तविक प्रजातान्त्रिक प्रणाली
(घ) .....पञ्चायतहरूलाई स्थानीय सरकारको रूपमा विकास गरिनेछ ।	४. अधिकार वा शक्ति सबै तहमा छर्नु
(ङ) .....जनताबाट अलग रहन सक्तैन ।	५. ७५ जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी नियुक्ति
	६. सबै अधिकार वा शक्ति केन्द्रमा खिचेर राख्नु
	७. राष्ट्र निर्माणको काममा जनतालाई
	८. प्रशासन सुधार ल्याउने
	९. विकेन्द्रीकरणको आधार

५. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको खाली कोठाभित्र ठीक भनाइको निम्त यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस् ।

(क) केन्द्रीकरण र विकेन्द्रीकरण दुई प्रकारका प्रणालीहरू प्रशासनमा मात्र होइन, राजनीतिक शक्ति र आर्थिक क्षेत्रमा पनि लागू हुन सक्तछन् ।

(ख) पञ्चायती व्यवस्थाको लक्ष्य प्राप्त गर्ने प्रशासन यन्त्रलाई विकासमूलक र जनमुखी बनाउनु आवश्यक छ। प्रशासन दक्षतापूर्ण नभएसम्म व्यवस्थाको लक्ष्य प्राप्त गर्न गाह्रो हुनेछ ।

(ग) पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य अनुरूप दुई चार जना अर्थ सामन्तीहरूको नियन्त्रण रहेको अर्थतन्त्रलाई सर्वसाधारण जनताको हातमा ल्याउने आर्थिक विकेन्द्रीकरण अनिवार्य छ ।

(घ) सम्पूर्ण अधिराज्यलाई ७५ जिल्लाहरूमा विभाजित गरी प्रत्येक जिल्लामा एक-एक बडाहाकिम नियुक्ति गरिन्छन् ।

खण्ड तीन

आर्थिक पक्ष

नेपालको अर्थतन्त्रका प्रमुख विशेषता

कुनै पनि देशको अर्थतन्त्र त्यस देशको आर्थिक बनावट र वस्तुस्थितिमा आधारित हुन्छ । हाम्रो आर्थिक बनावट कृषिमा आधारित छ । तसर्थ हाम्रो अर्थतन्त्रको मूल आधार कृषि हो । हाम्रो आर्थिक अवस्था पिछडिएको छ । राष्ट्रिय आय र प्रतिव्यक्ति आय साह्रै न्यून छ। बहुसङ्ख्यक जनता दिनको दुई पकट हात मुख जोड्ने समस्यामा परेका छन् । राणाकालीन युगमा सामन्ती अर्थ व्यवस्था थियो । कृषकहरूमाथि चर्को शोषण हुन्थ्यो । त्यस्ता दीनहीन आर्थिक अवस्थामा २००७ सालको क्रान्तिपछि पनि कुनै ठोस सुधार हुन सकेन । हाम्रो आर्थिक अवस्थामा वास्तविक सुधार २०१७ सालको ऐतिहासिक परिवर्तनपछि प्रारम्भ भयो ।

पञ्चायती व्यवस्थामा आर्थिक विकासको विशेष महत्त्व छ । गरीबीमाथि विजय पाउन सम्पूर्ण नेपालीहरूको आकाङ्क्षाको यो प्रतीक हो । पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि हाम्रो आर्थिक अवस्थामा सुधार पार्न ठोस कार्यहरूको थालनी भयो । तर शयौं वर्षदेखिको हाम्रो गरीबी पाँच सात वर्षमै समाप्त हुन सक्तैन । हाम्रो अर्थतन्त्रका अन्य विशेषताहरू तल लेखिएबमोजिम छन् ।

१. कृाष प्रधान अर्थतन्त्र

हाम्रो देशको आर्थिक गतिविधि कृषिमा आधारित छ। यहाँका करीव ९३ प्रतिशत जनता कृषिमा निर्भर रहन्छन्। देशको निर्यात व्यापारमा कृषिजन्य वस्तुहरूका प्रमुख स्थान रहेको छ । खाद्यवस्तुको निर्यात मात्र कुल निर्यातको करीब ७० प्रतिशत रहेको छ । कुल राष्ट्रिय उत्पादनको दुई तिहाई कृषि क्षेत्रबाटै उपलब्ध हुन्छ। आर्थिक, सामाजिक र राजनीतिक दृष्टिकोणबाट कृषि एक केन्द्रबिन्दुको रूपमा रहेको छ । हाम्रो उन्नति कृषि विकासमा निर्भर गर्दछ । यसर्थ कृषकहरूमाथि भैरहेको शोषणको अन्त्य गर्न र परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी उत्पादनमा वृद्धि गर्न भूमिसुधार कार्यक्रम लागू गरिएको छ । कृषिलाई खाद्यान्न बालीमा मात्र सीमित नराखी व्यावसायिक रूपमा विकास गर्न कृषिजन्य उद्योगहरू स्थापना गर्ने लक्ष्य रहेको छ । तसर्थ नेपालको अर्थतन्त्र कृषिप्रधान अर्थतन्त्र हो ।

२. योजनाबद्ध अर्थतन्त्र

हाम्रोजस्तो विकासोन्मुख राष्ट्रमा छिटोछरितो आर्थिक विकास योजनाबद्ध विकास कार्यक्रमबाट मात्र सम्भव हुन्छ । हाम्रो आर्थिक बनावट असन्तुलित छ । कृषिमा मात्र आर्थिक

बोझ परेको छ । उद्योगधन्दा थोरै मात्रामा छन् । यस्तो अवस्थामा योजनाबद्ध तरीकाले मात्र सर्वाङ्गीण विकासको हाम्रो सपना पूरा हुन सक्छ । हाम्रो व्यवस्थाले आर्थिक विकासको साथै सामाजिक न्यायको सिद्धान्तलाई पनि अँगालेको छ । आर्थिक दवावको रोकथामको लागि आर्थिक गतिविधिमा आवश्यक नियन्त्रण तथा निर्देशनको जरूरी पर्दछ । यी सबै कारणले गर्दा हाम्रो व्यवस्थाले योजनाबद्ध विकास कार्यक्रम लागू गरेको छ । २०१३ सालदेखि आवधिक योजनाहरू तर्जुमा गरी चौतर्फी विकास कार्यको काम आजसम्म रहेको छ । तसर्थ अर्थतन्त्रको विशेषता योजनाबद्ध अर्थतन्त्र हो ।

३. निर्यातमूलक अर्थतन्त्र

हाम्रो देशको आम्दानीको मुख्य स्रोत कोरा वस्तुको विदेशी निर्यात हो । आफ्नै देशको कच्चा पदार्थबाट तयारी माल उत्पादन गर्ने उद्योगहरू पूर्णतया विकसित भैसकेका छैनन् । यसकारण हामी आफ्नो देशको कच्चा पदार्थहरू विदेशमा बेच्छौं र आवश्यक तयारी माल-सामान खरीद गर्दछौं । विकासोन्मुख राष्ट्रहरू प्रायः कच्चा पदार्थहरू निर्यात गर्दछन् । कच्चा पदार्थ निर्यात गर्ने राष्ट्रको जनतन्त्रलाई निर्यातमूलक अर्थतन्त्र भनिन्छ । हाम्रो देशबाट विदेश जाने कच्चा पदार्थ जूट, धान, जडीबूटी इत्यादि हुन् । यसप्रकारको व्यापारमा परिवर्तन ल्याई स्वदेशमै आवश्यक तयारी मालसामान उत्पादन गर्ने नीति रहेको छ ।

४. विकासमूलक अर्थतन्त्र

हाम्रो आर्थिक अवस्था पिछडिएको छ । तसर्थ हामी गरीबीमाथि विजय पाउन प्रयत्न-शील छौं । पञ्चायती व्यवस्थाले दिग्दर्शन गरेको स्वालम्बीको बाटो अनुसरण गर्ने नेपालीहरू आर्थिक उन्नतिको निम्ति अघि बढिरहेका छन् । आर्थिक विकासका लागि आवश्यक आधारहरू तयार गर्ने योजना चालू भैरहेका छन् । नयाँ उद्योगहरूको स्थापना यातायात, विकास, कृषि, उत्पादनमा वृद्धि इत्यादिबाट यस क्षेत्रमा भएको प्रगति झल्किन्छ । आर्थिक योजना र आर्थिक प्रशासन मात्र होइन, सबै पञ्च र जनता आर्थिक पुनरुत्थानमा लागेका छन । यसरी हाम्रो अर्थ नीति विकासमूलक रहेको हुँदा हामीले आफ्नो क्षमता अनुसार प्रगति गर्न सकेका छौं । तर यी प्रगतिहरू हाम्रो आवश्यकताभन्दा थोरै छन् ।

५. मिश्रित अर्थतन्त्र

पञ्चायती व्यवस्थाको आफ्नै मौलिक आर्थिक सिद्धान्त छ । हाम्रो अर्थतन्त्र पूँजीवाद वा साम्यवादीको नक्कल होइन । परम्परा विरोधी पूँजीवाद र साम्यवादी अर्थतन्त्रका गुणहरू मात्र हाम्रो व्यवस्थामा मिसिन आएका छन् । तर ती दुवैका अवगुणहरूबाट हाम्रो अर्थ व्यवस्था चोखो रहेको छ । यसकारण हाम्रो अर्थतन्त्र मिश्रित अर्थतन्त्र हो ।

हाम्रो आर्थिक लक्ष्य शोषणरहित समाज सृजना गर्नु हो । शोषण अन्त्य नभै समाजमा शान्ति कायम हुँदैन । तसर्थ यो लक्ष्य अति उच्च छ । साम्यवादीहरू यही लक्ष्य प्राप्तिको लागि वर्ग सङ्घर्षको बाटो अपनाउँछन् । हामी वर्ग सङ्घर्ष होइन, समन्वयको आधारमा शोषणरहित समाजको स्थापना गर्दछौं । तसर्थ हाम्रो व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाज साम्यवादीको नक्कल होइन ।

हाम्रो अर्थतन्त्रमा साझा र निजी क्षेत्रलाई देशको आर्थिक विकासमा शरीक हुन उत्साहित गरिन्छ । हाम्रो व्यवस्थाले प्रदान गरेको व्यक्तिगत आर्थिक स्वतन्त्रता कुनै वर्ग वा व्यक्ति माथि अनुचित आर्थिक दवाव दिन पाउने छूट होइन । आर्थिक विकासको निम्ति निजी क्षेत्र र सरकारी क्षेत्र दुवै सक्रिय रहन्छन् । पूँजीवादी व्यवस्थामा व्यक्तिगत स्वतन्त्रताले शोषण गर्ने प्रवृत्तिलाई मौका दिए झैं हाम्रो व्यवस्थामा त्यस्तो दिइँदैन । तसर्थ हाम्रो अर्थतन्त्र पूँजीवादी अर्थतन्त्रको नक्कल पनि होइन ।

हाम्रो अर्थतन्त्र पञ्चायती प्रजातान्त्रिक दर्शनमा आधारित मिश्रित अर्थतन्त्र हो, जो तीनमुखे छ– सरकारी क्षेत्र, निजी क्षेत्र र पञ्चायत अथवा साझा क्षेत्र, यही नै मिश्रित अर्थतन्त्रको रूप पनि हो ।

६. हाम्रो अर्थतन्त्रका अन्य विशेषता

उपर्युक्त विशेषताहरू आर्थिक सिद्धान्तको दृष्टिकोणबाट देखिएका विशेषता हुन् । यसबाहेक हाम्रो अर्थतन्त्रको केही अन्य विशेषताहरू पनि छन् । हाम्रो अर्थतन्त्र हाम्रो व्यवस्थाको मूलभूत दर्शनसँग सम्बन्धित छ ।

हाम्रो अर्थतन्त्रले सबै नागरिकलाई समान अवसर प्रदान गर्दछ । वर्ग समन्वयको सिद्धान्तमा यो व्यवस्था भएकोले कुनै वर्गलाई थिचोमिचो होला कि भन्ने डर वा त्रास रहँदैन । **श्री ५** को गतिशील नेतृत्वमा हुर्केको यस पञ्चायती अर्थतन्त्रका सामाजिक र राजनीतिक विषेषताहरू पनि छन् ।

७. हाम्रो राष्ट्रिय आय र प्रतिव्यक्ति आय

हाम्रो अर्थतन्त्रको सफल सञ्चालनको परिणामस्वरूप हाम्रो राष्ट्रिय आय र प्रतिव्यक्ति आयमा केही वृद्धि भएको छ । हुनत हालको हाम्रो प्रतिव्यक्ति आय जीवननिर्वाहको निम्ति पर्याप्त छैन, तर विगत केही वर्षको तुलनामा यसको वृद्धि भएको छ । विकासोन्मुख देशमा भविष्यको लागि विकासको गतिमा तीव्रता ल्याउने दीर्घकालीन योजनामा विशेष जोड दिनु वाञ्छनीय हुन्छ । यसरी विकासको आधार तयार गर्ने सिलसिलामा गरिने दीर्घकालीन लगानीको फल तुरुन्तै प्राप्त हुँदैन । तसर्थ लगानीको अवधिमा प्रतिव्यक्ति आयमा ठोस वृद्धि

नहुनु स्वाभाविक हो। यही कुरा राष्ट्रिय आयको तहमा पनि लागू हुन्छ । तसर्थ हाम्रो राष्ट्रिय आय र प्रतिव्यक्ति आयमा वृद्धि दर न्यून छ । हाम्रो पञ्चवर्षीय योजनाहरू पनि प्रतिव्यक्ति आय बृद्धि गर्ने र दीर्घकालीन विकासको आधार स्थापित गर्ने लक्ष्यमा उपयुक्त सन्तुलन कायम गर्ने प्रयत्न गरिएको छ ।

अभ्यास

१. हाम्रो अर्थतन्त्रको प्रमुख विशेषताहरू छोटकरीमा लेख्नुहोस् ।

२. "हाम्रो अर्थतन्त्र पूँजीवाद र साम्यवादको नक्कल होइन" यस कथनलाई स्पष्ट गर्दै हाम्रो अर्थतन्त्रलाई किन मिश्रित अर्थतन्त्र भनिन्छ ? व्याख्या गर्नुहोस् ।

३. हाम्रो अर्थतन्त्रमा तलका कुनै चार विशेषताहरूको याख्या गर्नुहोस्

(क) विकासोन्मुख अर्थतन्त्र (ख) निर्यातमूलक अर्थतन्त्र (ग) योजनाबद्ध अर्थतन्त्र
(घ) कृषिप्रधान अर्थतन्त्र (ङ) राष्ट्रिय आय र प्रतिव्यक्ति आय

४. तलका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्

(क) हाम्रो अर्थतन्त्र कृषिप्रधान अर्थतन्त्र हो, किनभने –
( ) हाम्रो आर्थिक बनोट कृषिमा आधारित छ ।
( ) ९३ प्रतिशत जनता कृषिमा निर्भर रहन्छन् ।
( ) उपर्युक्त सबै उत्तरहरू ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तरहरू ठीक छैनन् ।

(ख) हाम्रो पञ्चायती व्यवस्थाको आफ्नै मौलिक आर्थिक सिद्धान्त छ । साम्यवाद र पूँजीवादका गुणहरू मात्र समावेश गरी अवगुणहरू हाम्रो अर्थतन्त्रमा हटाइएका छन् । तसर्थ हाम्रो अर्थतन्त्रलाई –
( ) निर्यातमूलक अर्थतन्त्र भनिन्छ ।
( ) विकासमूलक अर्थतन्त्र भनिन्छ ।
( ) योजनाबद्ध अर्थतन्त्र भनिन्छ ।
( ) मिश्रित अर्थतन्त्र भनिन्छ ।

५. खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुरा भर्नुहोस्

(क) विकासोन्मुख राष्ट्रहरू प्रायः कच्चा पदार्थहरू निर्यात गर्दछन् । कच्चा पदार्थ निर्यात गर्ने राष्ट्रहरूको अर्थतन्त्रलाई.....अर्थतन्त्र भनिन्छ ।

१. कृषिप्रधान २. निर्यातमूलक ३. योजनाबद्ध ४. विकासोन्मुख

(ख) हाम्रो आर्थिक बनोट अनुसार कृषिमा मात्र बोझ परेको छ । उद्योगधन्दा नगण्य मात्रामा छन् । यस्तो अवस्थामा....मात्र सर्वाङ्गीण विकासको हाम्रो सपना पूरा हुन सक्तछ

१. कृषि विकासले २. योजनाबद्ध तरीकाले ३. आर्थिक विकासले ४. प्रतिव्यक्ति आयमा वृद्धिले

(ग) हाम्रो विकास तथा उन्नति कृषिमा निर्भर गर्दछ । यसर्थ कृषकहरूमाथि भैरहेको शोषणको अन्त्य गर्न र परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्न.....लागू गरिएको छ ।

१. नयाँ मुलुकी ऐन २. गाउँफर्क ३. राष्ट्रिय अभियान ४. विकास ५. भूमिसुधार कार्यक्रम

(घ) हामी वर्ग संघर्ष होइन, समन्वयको आधारमा शोषणरहित समाजको स्थापना गर्दछौं । तसर्थ हाम्रो व्यवस्थाले परिकल्पना गरेको शोषणरहित समाज..... नक्कल होइन ।

१. पूँजीवादको २. साम्यवादको ३. मिश्रित अर्थतन्त्रको ४. योजनाबद्ध अर्थतन्त्रको

योजनाबद्ध अर्थतन्त्र

आर्थिक विकासजस्तो महत्त्वपूर्ण कार्य सम्पन्न गर्न योजनाको आवश्यकता पर्दछ । देशको स्थितिलाई ध्यानमा राखी सबैको हितको उद्देश्यको तर्जुमा गरिएका आर्थिक योजनाले मात्र विकास सम्भव हुन्छ । पञ्चायती व्यवस्थाले कुनै पनि व्यक्ति वा वर्गलाई अनुचित आर्थिक दबाव हुन नदिने र गरीबीबाट मुक्त गर्ने लक्ष्य लिएको छ । यो लक्ष्य अनुसारको योजना बनाई आर्थिक गतिविधि परिचालन गर्नु आवश्यक हुन्छ । विकास कार्यमा तीव्रता ल्याउनको लागि पनि योजना अति प्रभावकारी सिद्ध भएको छ । विकासोन्मुख राष्ट्रहरूमा विकासको योजना तर्जुमा गरिन्छ । यति वर्षमा यस्तो किसिमबाट उन्नति गर्ने भन्ने कुरा योजनाबद्ध तरीकाले मात्र हासिल गर्न सकिन्छ । हाम्रो व्यवस्थाले परिकल्पना गरेको आर्थिक लक्ष्य हासिल गर्न सोही अनुरूपले आर्थिक योजना हुनुपर्दछ । यी सबै कारणहरूले गर्दा हामीले योजनाबद्ध तरीकाले विकास गर्ने मार्ग अपनाएका छौं । तसर्थ हाम्रो अर्थतन्त्रलाई योजनाबद्ध अर्थतन्त्र भनिन्छ ।

१. योजनाबद्ध अर्थतन्त्रका लक्ष्यहरू

योजनाबद्ध अर्थतन्त्र अन्य प्रकारहका अर्थतन्त्रभन्दा फरक हुन्छ । पूंजीवादी मुलुकहरूले योजनाबद्ध अर्थतन्त्र अपनाएका हुँदैनन् । आर्थिक गतिविधिलाई स्वतन्त्र रूपमा सञ्चालन हुन दिनुपर्छ भन्ने उनीहरूको धारणा रहेको हुन्छ । यस्तो अर्थतन्त्रलाई स्वतन्त्र अर्थतन्त्र भनी नामकरण गरिएको छ ।

योजनाबद्ध अर्थतन्त्रमा देशको आवश्यकता हेरी कस्तो चीज (वस्तु) उत्पादन गर्ने आवश्यक छ र कसरी सर्वसाधारणको आर्थिक हितको रक्षा हुन्छ भन्ने कुरामा ध्यान दिइन्छ । त्यसकारण देशको आर्थिक गतिविधिमा नियन्त्रण र निर्देशन गरिन्छ । आर्थिक गतिविधिलाई अनियन्त्रित रूपले छोडिएमा धनी झन धनी र गरीब झन गरीब हुन जाने सम्भावना हुन्छ ।

उत्पादकहरू त्यस्ता वस्तु उत्पादन गर्न खोज्दछन् जसबाट उनीहरूलाई नाफा धेरै हुन्छ । तर आर्थिक विकासको निम्ति अरू नै वस्तुहरूको उत्पादन हुनु आवश्यक हुनसक्तछ । त्यसकारण योजनाबद्ध अर्थतन्त्रमा आर्थिक विकासको निम्ति आवश्यक वस्तुहरू सरकारी क्षेत्रबाट उत्पादन गरिन्छ । अन्य नाफा हुनसक्ने खालका उत्पादनहरूलाई निजी क्षेत्रमा स्थापना गर्ने व्यवस्था गरिन्छ । स्वतन्त्र अर्थतन्त्रमा झैं उद्योग वा अन्य व्यवस्थामा सरकारी क्षेत्रले हात हाल्नु हुन्न भन्ने कुरा योजनाबद्ध अर्थतन्त्रले स्वीकार गर्दैन ।

योजनाबद्ध अर्थतन्त्रको अर्को लक्षण राष्ट्रिय आर्थिक विकासको योजना तर्जुमा गर्न एउटा केन्द्रको स्थापना हुनु हो । देशको सम्पूर्ण क्षेत्रमा सर्वेक्षण गरी राष्ट्रव्यापी आर्थिक योजना

बनाउने काम केन्द्रले गर्दछ । उपलब्ध साधन, श्रमशक्ति इत्यादिलाई परिचालन गर्ने नीति र कार्यक्रम तर्जुमा गरिन्छ । योजना अनुसार निर्माण र विकास कार्य गरिन्छन् ।

हाम्रो अर्थतन्त्र पनि यही ढाँचाको भएकाले हाम्रो देशमा विद्वान् अर्थशास्त्रीहरू सदस्य भएको "राष्ट्रिय योजना आयोग" स्थापना भएको छ । यस आयोगले कस्तो नीति, कार्यक्रम हाम्रो देशलाई सुहाउँदो छ र छिटो विकास हुन्छ भन्ने कुरामा विचार गर्दछ । यसले आर्थिक योजनाहरू तर्जुमा गर्दछ र आवश्यक भएमा सुझाव माग्दछ । यस आयोगले तयार गरेको योजना श्री ५ बाट स्वीकृत बक्सेपछि लागू गरिन्छ । योजनालाई कार्यान्वयन गर्नु सरकारी कार्यालय, पञ्चायत र सम्बन्धित सबैको कर्तव्य हो ।

राष्ट्रिय योजनालाई वास्तविक जन आकाङ्क्षा र स्थानीय आवश्यकतामा आधारित गर्न श्री ५ महाराजाधिराज सरकारको अध्यक्षतामा "राष्ट्रिय विकास परिषद्" को गठन भएको छ । यस परिषद्ले खास गरी योजनाको लक्ष्य अनुसार समयमा काम तामेल गर्नेतर्फ विशेष ध्यान दिन्छ । योजना तर्जुमा गर्दा अपनाउनुपर्ने नीतिहरू, खास प्राथमिकता दिनुपर्ने क्षेत्रहरूबारेमा राष्ट्रिय योजनालाई यसले निर्देशन दिन्छ ।

योजनाबद्ध अर्थतन्त्र अपनाइएको हाम्रो देशमा श्री ५ महाराजाधिराज स्वयं आर्थिक विकासको निम्ति अग्रसर भइबक्सेको छ ।

२. नेपालमा योजनाबद्ध अर्थतन्त्रको विकास

हाम्रो देशमा योजनाबद्ध तरीकाले विकास कार्य सञ्चालन भएको धेरै वर्ष भएको छैन । २००७ सालपूर्व राणाकालीन युगमा जनतालाई भुलाएर राख्न केही कदमहरू चालिएका थिए । उद्योग, कृषि, वाणिज्य इत्यादिमा सुधार ल्याउन भनी प्रचार गरिएको थियो । हुनत त्यसबेला दुई चार ठाउँमा बाटो बनाउने, कलकारखाना खोल्ने इत्यादि काम भएका थिए । तर त्यति खेर कुनै ठोस काम हुन सकेन ।

२००७ सालको क्रान्तिपछि पनि केही वर्षसम्म देशमा आर्थिक विकासको नारा मात्र चल्न थाल्यो । कुनै योजना बन्न सकेन । स्वर्गीय राष्ट्रनायक श्री ५ महेन्द्रबाट २०१३ सालमा "योजना मण्डल" को गठन गरिबक्स्यो । त्यसपछि मात्र नेपालमा योजनाबद्ध विकास कार्यको श्रीगणेश भयो । २०१३ सालदेखि २०१८ सालसम्म पञ्चवर्षीय योजना, २०१९ देखि २०२२ सम्म दोस्रो त्रिवर्षीय योजना, २०२२ देखि २०२७ सम्म तेस्रो पञ्च वर्षीय योजना, २०२७ देखि २०३२ सम्म चौथो पञ्चवर्षीय योजना, २०३२ देखि २०३७ सम्म पाँचौं पञ्चवर्षीय योजना र २०३७ देखि २०४१ सम्म छैटौं पञ्चवर्षीय योजना लागू भएको छ।

३. योजनाबद्ध अर्थतन्त्रको आवश्यकता र महत्त्व

योजनाबद्ध अर्थतन्त्र हाम्रोजस्तो विकासोन्मुख राष्ट्रको निम्ति आवश्यक छ । यस प्रणालीको आवश्यकताको केही प्रमुख कारणहरू देहायमा उल्लेख गरिएका छन् –

(क) आर्थिक विकासको गति तीव्र गर्न

विकासोन्मुख राष्ट्रहरूको आर्थिक स्थिति पिछडिएको हुन्छ । थोरै समयमा धेरै उपलब्धि हासिल गरी आर्थिक स्वाधीनता प्राप्त गर्नु आवश्यक छ । यस लक्ष्य प्राप्तिको निम्ति सुनियोजित आर्थिक योजना तार्जुमा हुनु अनिवार्य छ । दीर्घकालीन आर्थिक पुनरुत्थानको योजनाविना यो काम पूरा गर्न सकिदैन । तसर्थ सबै विकासन्मुख राष्ट्रहरूले योजनाबद्ध अर्थतन्त्रलाई अपनाउँदछन् ।

(ख) वर्ग समन्वयको आधारमा शोषणरहित समाजको सृजना गर्न

हाम्रो पञ्चायती व्यवस्थाले वर्ग समन्वयको सिद्धान्तको आधारमा शोषणरहित समाजको सृर्जना गर्ने लक्ष्य लिएको छ । यस लक्ष्यको परिपूर्तिको निम्ति आर्थिक शोषणको अन्त्य गर्ने योजना बनाइनुपर्दछ । कुनै वर्ग वा व्यक्तिले अर्को व्यक्ति वा वर्गउपर शोषण गर्न नदिने हाम्रो योजनाको उद्देश्य छ । यसको लागि अनुकूल स्थिति तयार गर्न भूमिसुधार कार्यक्रम, राष्ट्रिय शिक्षा पद्धतिको योजना इत्यादि अपनाइएका छन् ।

(ग) आर्थिक असमानता हटाउन

विकासोन्मुख देशहरूमा आर्थिक असमानता नै सबभन्दा ठूलो समस्या हो । देशको साधन तथा शक्तिको उपयोग, गरीब जनताको आर्थिक स्तर उठाउनको निम्ति गरिनुपर्दछ । विना योजनाको अर्थतन्त्रमा धनी अझ धनी र गरीब अझ गरीब हुने सम्भावना हुन्छ । तसर्थ यस समस्या समाधान आर्थिक समानतामा कायम गर्ने लक्ष्य रहेको योजनाद्वारा मात्र सम्भव हुन्छ ।

(घ) औद्योगिकीकरणको निम्ति

हाम्रो देश कृषिप्रधान देश हो । देशको करीब ९३ प्रतिशत जनता कृषिमा निर्भर गर्दछन् । यसरी जनभार कृषिमा असन्तुलित रहनाले विकासको लक्ष्य पूर्ण हुन सक्तैन । अर्कोतर्फ उद्योग-धन्दा नगण्य रूपमा छन् । हाम्रो देशको यस्तो आर्थिक स्थितिलाई ध्यानमा राखी कृषि र उद्योग समन्वयको आधारमा योजना तर्जुमा नभएमा हाम्रो विकास सम्भव हुँदैन । साथै औद्योगिकीकरण उद्योगपतिको लाभको निम्ति मात्र होइन, सर्वसाधारणको हितको निम्ति हुनु-

पर्दछ । यसको निमित्त आवश्यक नियन्त्रण गरी सन्तुलन कायम गर्नु पर्दछ । योजनाबद्ध अर्थ तन्त्रमा मात्र यो सम्भव हुन्छ ।

(ङ) विकासको मूल फुटाउन

आर्थिक विकास नै प्रमुख विकास हो । हाम्रो देशमा कृषिलाई अनुत्पादक अर्थात् खाद्यान्नको रूपमा मात्र प्रयोग गर्ने चलन छ । देशको बाटोघाटोमा कमी छ, शिक्षाको कमी छ यी सबै कुरा एक अर्कासँग सम्बन्धित छन् । विकासको मूल फुटाउन विकासका आधारहरूको विकास गर्नुपर्दछ । यातायात, विद्युत् आदि विकासका आधारहरू हुन् यस्ता आधारभूत कुराहरूको विकास गर्ने योजना नभएमा विकासको मूल फुट्न कठीन पर्दछ । तसर्थ योजनाबद्ध अर्थतन्त्र यसको निमित्त आवश्यक छ ।

(च) मूल्य नियन्त्रणको निम्ति

आर्थिक विकासको निमित मूल्य स्थिरता र आर्थिक स्थिरता कायम राख्नु आवश्यक हुन्छ । आर्थिक स्थिरता विकासको बाटोमा एक प्रकारको तगारो हो । चीज (वस्तु) लुकाई कृत्रिम अभाव पैदा गरी भाउ बढाउने व्यापारी प्रवृत्ति हुन सक्दछ । त्यसकारण योजनाबद्ध अर्थतन्त्रमा यी कुराहरू नियन्त्रण गर्न आवश्यक कुरा उठाएको हुन्छ । तसर्थ आर्थिक स्थिरता र महंगी रोक्न योजनाबद्ध अर्थतन्त्र महत्त्वपूर्ण छ ।

अभ्यास

१. योजनाबद्ध अर्थतन्त्र कस्तोलाई भनिन्छ ? यसका लक्षणहरू वर्णन गर्नुहोस् ।
२. योजनाबद्ध अर्थतन्त्रको आवश्यकता र महत्त्वबारे चर्चा गर्नुहोस् ।
३. हाम्रो अर्थतन्त्रलाई किन योजनाबद्ध अर्थतन्त्र भनिन्छ ? नेपालमा योजनाबद्ध अर्थतन्त्रको विकासबारे संक्षेपमा वर्णन गर्नुहोस् ।

४. खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुरा भर्नुहोस्

(क) श्री ५ महाराजाधिराज को अध्यक्षतामा. . .. .गठन भएको छ ।
१. राष्ट्रिय योजना आयोग २. राष्ट्रिय विकास परिषद् ३. आर्थिक योजना परिषद्
४. योजना विकास आयोग

(ख) २००७ सालको क्रान्तिपछि पनि केही वर्षसम्म देशमा आर्थिक विकासको नारामात्र चल्न थाल्यो । .....सालदेखि मात्र नेपालमा योजनाबद्ध विकास कार्यक्रमको थालनी भयो
१. २०१३, २. २०१७, ३. २०१९, ४. २०२७

(ग) आर्थिक विकासजस्तो महत्त्वपूर्ण कार्य सम्पन्न गर्न.....आवश्यकता पर्दछ ।
१. योजना २. विकास ३. कलकारखाना ४. आर्थिक उन्नति

(घ) योजनाबद्ध अर्थतन्त्रमा देशको आवश्यकता हेरी कस्तो चीज (वस्तु) उत्पादन गर्न आवश्यकता छ र कसरी सर्वसाधारणको आर्थिक हितको रक्षा हुन्छ भन्ने कुरामा ध्यान दिइन्छ । त्यसकारण देशको आर्थिक गतिविधिमा.....र निर्देशन गरिन्छ ।
१. स्वतन्त्रता २. अनियन्त्रण ३. नियन्त्रण

५. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको खाली ठाउँमा ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्

(क) निजी उत्पादकहरूले विकासको निम्ति आवश्यक वस्तुहरू उत्पादन गर्न खोज्दछन्। त्यसकारण योजनाबद्ध अर्थतन्त्रमा आर्थिक विकासको निम्ति आवश्यक वस्तुहरू निजी क्षेत्रबाट उत्पादन गरिन्छन् .....

(ख) योजनाबद्ध अर्थतन्त्रको एक लक्षण राष्ट्रिय आर्थिक विकासको योजना तर्जुमा गर्नु एउटा केन्द्रको स्थापना हुनु हो । हाम्रो देशमा विद्वान् अर्थशास्त्रीहरू सदस्य भएको "राष्ट्रिय योजना आयोग" स्थापना भएको छ.....

(ग) विकासोन्मुख राष्ट्रको आर्थिक स्थिति पिछडिएको हुन्छ। थोरै समयमा धेरै उपलब्धि हासिल गरी आर्थिक स्वाधीनता प्राप्त गर्न आवश्यक छ । यस लक्ष्य प्राप्तिको निम्ति नियोजित आर्थिक योजना तर्जुमा हुनु आवश्यक छ .....

(घ) द्रुत गतिले आर्थिक विकास गर्ने स्वतन्त्र प्रभावकारी सिद्ध भएको हाम्रो व्यवस्थाले स्वतन्त्र अर्थतन्त्र अँगालेको छ .....

छैटौं योजना २०३७–२०४२

हामीले देशको अर्थ व्यवस्था र योजनाबद्ध अर्थतन्त्रको बारेमा माथि नै जानिसक्यौं । यसको साथै योजनाबद्ध अर्थ व्यवस्थाको महत्त्व र विशेषताबारे पनि जानिसक्यौं । वि. सं. २०१३ साल अघि हाम्रो देशमा योजनाबद्ध कुनै योजना लागू भएका थिएनन् । २०१३ सालदेखि मात्र हाम्रो विकास कार्यमा योजनाहरू योजनाबद्ध रूपमा देखा परे । तर पहिलो पञ्चवर्षीय योजना पूरा सफल हुन सकेन । योजनामा उल्लिखित केही योजनाहरू मात्र केही रूपमा सफल भए । किनभने देशको यो पहिलो योजना थियो र अरू धेरै कुराहरूका त्रुटी यसमा थिए । पहिलो पञ्चवर्षीय योजना सकिएको एक वर्ष पछि मात्र वि. सं. २०१९ सालमा दोस्रो त्रिवर्षीय योजना शुरू भयो । यो योजना केवल प्रारम्भिक योजना मात्र थियो । आगामी योजनाहरूको लागि तयार गर्नुपर्ने मूलभूत कुराहरू जस्तोः– सर्वेक्षण, अनुसन्धान, तालीम आदि कार्यका लागि तर्जुमा गरिनु नै यस योजनाको मुख्य उद्देश्य थियो । त्यसपछिको मात्र हाम्रो देशमा खास योजनाको रूप शुरू भयो भन्न सकिन्छ । हाल छैटौं योजनासमेत हाम्रो देशमा लागू भइरहेको छ । दोस्रोत्रिवर्षीय योजनादेखि बाहेक अरू सबै योजनामा यातायात सञ्चारलाई पहिलो प्राथमिकता दिइएको थियो । किनभने यातायात र सञ्चार जस्तो आधा-रशिला (Infra structure) तयार नभई कुनै पनि विकास कार्य सम्भव देखिदैन । झन त्यसमाथि हाम्रो जस्तो कृषि अर्थ व्यवसाय भएको देशमा कृषिको विकास न सर्वोपरि भएकोले यातायातको सुविधाविना कृषि विकास हुन सक्तैन । यस कुरालाई महसूस गरेर नै हाम्रो योजानाले यातयातलाई पहिलो प्राथमिकता दिएको हो । प्राथमिकता दिए अनुसार यातायातको विकास पनि अहिलेसम्ममा निकै भैसकेको छ ।

पाँचौं योजनादेखि भने कृषिलाई पहिलो प्राथमिकता दिइएको छ । कृषि उत्पादनमा वृद्धि गरी नेपालीहरूको आर्थिक स्तर माथि उठाउने उद्देश्य यस योजानाले लिएको छ । योजनामा उल्लिखित कृषि विकास कार्यक्रमलाई सफल पार्न योजनाको पहिलो वर्षमा देशव्यापी रूपमा कृषि वर्ष पनि मनाइएको थियो । हाल छैटौं पञ्चवर्षीय योजना शुरू भइसकेको छ ।

१. छैटौं योजनाको मुख्य उद्देश्य

१. उत्पादनमा बढी दरले वृद्धि गर्ने

देशमा विद्यमान व्यापक गरीबी, बेरोजगारी तथा अर्द्ध बेरोजगारी समस्या समाधान गर्न उत्पादनमा वृद्धि गर्न आवश्यक छ । उत्पादनमा वृद्धि भएमा जनताको आवश्यक खाँचो पूर्ति गर्नुको साथै आर्थिक गतिविधिहरूमा स्फूर्ति आई बढी रोजगारीको अवरसरहरूको सृर्जना गर्न सकिने हुन्छ । यसको लागि सृर्जना गरी सकिएका पूर्वाधारहरूको अधिकतम उपयोग गर्ने तथा

उत्पादनमा छिटो वृद्धि गर्न सोझै सहायक हुने कार्यक्रमहरू सञ्चालन गर्नमा जोड दिइएको छ।

२. उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने

राष्ट्रको उत्पादन र आयको न्यायोचित ढंगबाट वितरण गर्न रोजगारीको सृर्जना हुन आवश्यक छ। यसबाट खेर गइरहेको अपार श्रम शक्तिको प्रभावकारी उयोगद्वारा उत्पादनमा वृद्धि गर्न सकिन्छ । बेरोजगार र अर्द्ध बेरोजगार भइरहेकालाई रोजगार उपलब्ध गराउन मद्दत मिल्ने छ तसर्थ छैटौं योजनामा उत्पादनशील रोजगारीको अवसर व्यापक रूपले जनतालाई उपलब्ध गराउने उद्देश्य कायम गरिएको छ ।

३. जनताको न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने

अर्को मुख्य उद्देश्य जनताको न्यूनतम आधारभूत आवश्यकताहरू खाद्यान्न, इन्धन (दाउरा) पिउने पानी, स्वास्थ्य सेवा, शिक्षा तथा न्यूनतम यातायात सुविधाहरू परिपूर्ति गर्नु हुनेछ । छैटौं योजनामा खास गरी कम आय हुने ग्रामीण जनसमुदायलाई फाइदा पुऱ्याउन यी आधारभूत आवश्यकता र सुविधाहरूसँग सम्बन्धित कार्यक्रमहरूको सञ्चालन सरकारी वा सामूहिक स्तरमा गर्ने प्रयास गरिएको छ । माथि उल्लिखित तीनै उद्देश्यहरू एक अर्काका पूरक छन् । यी उद्देश्यहरू प्राप्त गर्न छैटौं योजनामा राष्ट्रको संपूर्ण उपलब्ध वित्तीय तथा भौतिक साधन र जनशक्ति प्रयोगमा ल्याइने छ ।

छैटौं योजनाका आधारभूत विकास नीतिहरू

छैटौं योजनाका निर्धारित उद्देश्यहरू प्राप्त गर्न राष्ट्रिय उत्पादन वृद्धि गर्नुको साथै व्यापक रूपमा रोजगारीका अवसरहरू सृर्जना गर्न तथा विकासको फल निम्न आय वर्गका जनताले पनि उपभोग गर्ने अवसर दिलाउन निम्न आधारभूत विकास नीतिहरू अपनाइएका छन् –

१. कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिने

कृषि नै अधिकांश जनताको प्रमुख व्यवसाय भएको तथा राष्ट्रको उत्पादन क्रियाको प्रमुख भौतिक सम्पत्ति भएको र अर्थतन्त्रको उत्पादन र बहुसंख्यक जनताको निमित्त आय र रोजगार छिटो बढाउन सकिने क्षेत्र देखिएकोले छैटौं योजनामा कृषि क्षेत्रको विकासलाई सर्वोपरि प्राथमिकता दिइएको छ ।

छैटौं योजनामा पहाडी क्षेत्रमा खाद्यान्न उत्पादनमा विशेष जोड दिइएको छ । साथै तराइमा कृषि विकासको निमित्त सृर्जना गरी सकिएका आधारशिलाहरूको पूर्ण उपयोग गरी कृषि उत्पादनमा वृद्धि गर्ने नीति लिइएको छ ।

२. घरेलु तथा साना उद्योगको विकासमा जोड दिने

कम आय वर्गका जनतालाई व्यापक रूपमा रोजगार उपलब्ध गराई तिनीहरूको आयमा वृद्धि गर्न घरेलु तथा साना उद्योगको विकासलाई छैटौं योजनामा प्राथमिक स्थान दिइएको छ ।

३. निकासी व्यापार र पर्यटन विकासमा जोड दिने

कृषि वस्तुहरू र घरेलु तथा साना उद्योगहरूबाट प्रशोधित तथा उत्पादित श्रममूलक वस्तुहरूको मात्र निकासी बजारमा प्रतिस्पर्धा गर्न सक्ने हुनाले छैटौं योजनामा उत्पादन र रोजगारीमा वृद्धि, गर्ने, निकासी व्यापारको विकासलाई जोड दिएको छ । पर्यटन विकासबाट विदेशी मुद्रा आर्जनमा वृद्धि हुनुको साथै पर्यटनसँग सम्बन्धित उद्योगहरूको विकासबाट बढी रोजगारका अवसरहरू सृर्जना हुनु तथा दुर्गम क्षेत्रहरूको विकासमा सघाउ पुग्ने हुँदा छैटौं योजनामा पर्यटन उद्योगको विकासमा जोड दिइएको छ।

४. प्राकृतिक स्त्रोत र सम्पदाको संरक्षण र जलस्त्रोतको विकासमा जोड दिने

देशको वन जंगल अनियमित तरीकाबाट फँडानी भइरहेको हुँदा वन जंगल ह्रास देशको निमित्त ठूलो समस्या बन्न पुगेको छ । यसैले प्रकृति, जन संख्या र वातावरण बीच उचित सन्तुलन कायम गर्न छैटौं योजनामा भू–क्षय नियन्त्रण, वन तथा वन सम्पदाको संरक्षण र विकास गर्नुको साथै जलस्त्रोतको अधिकतम प्रयोग गरी सिंचाइ, विद्युत् र खाने पानी उपलब्ध गराउने तर्फ जोड दिइएको छ ।

५. सृर्जना गरी सकिएका आधारशीलाहरूको पूर्ण उपयोग गर्ने तर्फ जोड दिने

अर्थतन्त्रको उत्पादन क्षमता बढाउन र जनतालाई सेवा सुविधाहरू पुर्‍याउन विध्यमान आधारशीलाहरूको क्षमताको दक्षतापूर्वक अधिकतम उपयोग हुनु आवश्यक छ। यसैले छैटौं योजना अवधिमा नयाँ आधारशीलाहरू खडा गर्न थप साधन लगाउनुभन्दा खडा गरी सकिएका आधारशीलाहरूको दक्षता पूर्वक अधिकतम उपयोग गरी उत्पादनमा छिटो वृद्धि गर्न सहायक हुने किसिमको पूरक लगानीमा जोड दिइएको छ ।

६. अर्थतन्त्रलाई बढी साधन उपयोग गर्न सक्षम तुल्याउने

आर्थिक समृद्धिको लागि अर्थतन्त्रमा बढी साधन परिचालन गर्न साधनहरूको प्रभावकारी ढंगले उपयोग गर्न सक्षम हुनु आवश्यक छ।

७. जनसंख्या वृद्धि दर नियन्त्रण गर्ने

प्रमुख समस्याको रूपमा रहेको जनसंख्या वृद्धि दरलाई समयमा नै नियन्त्रण गर्न नसकिएमा जनताहरूलाई न्यूनतम आधारभत आवश्यकताहरू उपलब्ध गराउन कठिन हुँदै जाने हुनाले योजना अवधिमा जनसंख्या दरलाई नियन्त्रण गर्न व्यापक रूपमा कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

छैटौं योजनाको प्राथमिकता

हाम्रो छैटौं योजनामा जम्मा ३३ सय ९४ करोड (३३.९४) खर्च हुने अनुमान गरिएको छ । त्यसमा आधाभन्दा बढी खर्च (५५ प्रतिशत) आफ्नै देशको आन्तरिक साधनबाट

व्यहोरिने छ र बाँकी आधाभन्दा थोरै मात्र (४५ प्रतिशत) विदेशी सहायता र ऋणबाट प्राप्त हुनेछ । तर यस अघिका योजनाहरूमा भने जम्मा खर्चको धेरै भाग विदेशी सहायता र ऋणबाट प्राप्त हुन्थ्यो । अहिलेको योजनामा यसपट्टि कटौती गरिएको छ । कारण सधैं विदेशी सहायता र ऋणको भरमा योजना चलाउनु राम्रो देखिदैन । फेरि देशलाई सधैं ऋणको भार परिरहन्छ र हाम्रो उन्नतिमा यसले तगारो हाल्दछ । यसैले आफ्नै देशको साधनबाट विकास कार्यहरूको परिचालन गर्नु राम्रो देखिन्छ । यस कुरालाई ध्यानमा राखी हालको योजनाले यस दिशातर्फ राम्रो कदम चालेको छ र यस योजनाको प्रमुख विशेषता पनि यही हो ।

उपर्युक्त नीति र उद्देश्य अनुरूप योजनामा देहाय बमोजिम प्राथमिकता दिइएको छ –

(क) कृषि र सम्बन्धित अन्य क्षेत्र

नेपालका ९३ प्रतिशत जनता कृषि व्यवसायमा लागेका छन् । कृषि उत्पादनमा वृद्धि गरिएमा मात्र बहुसंख्यक जनताको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । देशमा रहेका उद्योग-हरूलाई चाहिने कच्चा पदार्थ पनि कृषि पैदावार नै हुन् । खाद्य उत्पादनमा वृद्धि भएमा विकास-को गतिमा आइपर्ने अवरोधहरूलाई हटाउन सहयोग हुनेछ । कृषिलाई खाद्यान्न उत्पादनका साथै व्यावसायिक रूप दिन पनि जरूरी छ । कृषिलाई यस योजनामा प्राथमिकताको क्रममा पहिलो स्थान राखिएको छ । योजनाको जम्मा खर्चको ३० प्रतिशत कृषिको लागि छुट्ट्याइएको छ ।

(ख) उद्योग, वाणिज्य, विद्युत् र खानी

उद्योगहरूको विकास कृषिको साथसाथै हुनु आवश्यक छ । उद्योगहरूको विकास गर्ने मुख्य अभिभारा निजी क्षेत्र हो । तर केही खास आधारभूत उद्योगहरूको विकासमा श्री ५ को सरकारले हात हाल्छ । यस्तै सरकारी क्षेत्रमा स्थापना भैसकेका उद्योगहरूको सुदृढीकरण गर्ने दिशातर्फ ठोस कदम उठाइने छ । यस क्षेत्रको लागि योजनाको कुल लगानी यस योजना-कालमा २६ प्रतिशत खर्च छुट्ट्याइएको छ ।

(ग) पञ्चायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवा

यस योजनामा तेस्रो प्राथमिकता पञ्चायत, शिक्षा आदि सामाजिक सेवाहरूलाई दिइएको छ । विकास कार्यको लागि यस्ता सामाजिक सेवाहरूको विकास हुनु अति आवश्यक छ । त्यसको लागि जम्मा खर्चको २५.६ प्रतिशत खर्च व्यहोरिने छ ।

(घ) यातायात, सञ्चार

भविष्यमा आर्थिक विकासको गतिमा तीव्रता ल्याउन सकिने आधारभूत स्थिति तयार पार्न यातायात र सञ्चारजस्ता विकासको आधारलाई चौथो प्राथमिकता दिइएको छ । हाम्रो योजनामा अल्प समयमा उत्पादनमा अधिकतम वृद्धि गर्ने उद्देश्य अनुसार यातायातको विकास अत्यावश्यक छ । आर्थिक विकासको निम्ति यातायातको अभाव एउटा प्रमुख अवरोधको रूपमा

देखा परेको छ । पाँचौं योजनाकालमा प्रारम्भ गरिएका तर पूरा भै नसकेका आयोजनाका साथै क्षेत्रीय विकासको लागि आवश्यक नयाँ आयोजनाहरू समावेश गरिएका छन् । छैटौं योजना अन्तर्गत यस क्षेत्रको विकासलाई चौथो प्राथमिकता दिइएको छ । यसमा हुने खर्च जम्मा खर्चको १७.३ प्रतिशत राखिएको छ।

अभ्यास

१. छैटौं योजनाको उद्देश्यहरू छोटकरीमा लेख्नुहोस् ।
२. छैटौं योजनाको नीतिहरू छोटकरीमा लेख्नुहोस् ।
३. छैटौं योजनाको प्राथमिकताको क्रमको वर्णन गर्नुहोस् ।
४. छैटौं योजनामा कृषिलाई किन पहिलो प्राथमिकता दिइएको छ र यसमा कति रकम खर्च हुने अनुमान गरिएको छ? छैटौं योजनाको नीतिको प्रसंगमा व्याख्या गर्नुहोस ।

५. तलका दुई समूहहरूका उपयुक्त जोड मिलाएर सार्नुहोस्

(क) छैटौं योजनामाखर्च हुने छ ।	(१) उत्पादनशील रोजगारीको अवसर
(ख) जनतालाई उपलब्ध गराउने उद्देश्य काबम गरिएको छ ।	(२) उद्योग, वाणिज्य, खानीलाई
(ग) दोस्रो प्राथमिकता दिइएको छ ।	(३) कृषि, भूमिसुधारलाई
	(४) यातायातलाई
	(५) रू. ३३९४ करोड
	(६) रू. ३२९५ करोड

६. तलका प्रत्येक भनाइको अन्यमा दिइएका खाली कोठा भित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति (×) यस्तो चिन्ह दिनुहोस्

(क) छैटौं योजनामा उत्पादनमा बढी दरले वृद्धि गर्ने उद्देश्य राखिएको छ। ( )
(ख) छैटौं योजनामा यातायात र सञ्चारलाई दोस्रो प्राथमिकता दिइएको छ । ( )
(ग) विदेशी मुद्रा आर्जन गर्नमा पर्यटन विकासबाट सहायता हुने हुनाले छैटौं योजनामा पर्यटन उद्योगको विकासमा जोड दिइएको छ । ( )
(घ) छैटौं योजनामा सिर्जना गरी सकिएका आधारशीलाहरूको पूर्ण उपयोग गर्ने तर्फ जोड दिइएको छैन । ( )
(ङ) प्रकृति, जनसंख्या र वातावरण बीच उचित रूपले सन्तुलन कायम गर्न भू–क्षय नियन्त्रण वन तथा वनजन्य संपदाको संरक्षण र विकास गर्ने लक्ष्य राखिएको छ । ( )

शोषणरहित समाज

युगौंदेखि मानव समाजमा शोषण विद्यामानै रहिआएको छ । साथै शोषणलाई अन्त्य गर्ने अभियान पनि मानव समाजमा निरन्तर चलिरहेको छ । शोषणको अन्त्य गर्ने विभिन्न उपाय, सिद्धान्त र अभियानहरू प्रारम्भ र विकसित भएका छन् । अठारौं शताब्दीतिर प्रजातान्त्रिक पश्चिमी मुलुकहरूमा व्यक्तिगत स्वाधीनता प्राप्त गरी शोषणमाथि विजय पाउन प्रजातान्त्रिक सिद्धान्तको सूत्रपात भयो । यो सिद्धान्त व्यक्तिवादी स्वाधीनतामा केन्द्रित भएकोले धनी र गरीबको अन्तरलाई यसले झन फराकिलो पारिदियो । अठारौं शताब्दीको मध्यतिर साम्यवादी सिद्धान्तको सूत्रपात भयो । यस सिद्धान्तमा आर्थिक समानता मुख्य लक्ष्य भएकोले व्यक्तिगत स्वाधीनताको स्थान थिएन । शोषित वर्गको शोषणमाथि आधिपत्य जमाएर शोषणको अन्त्य

गर्ने सिद्धान्तल वर्गसङ्घर्षलाई मुख्य आधार मान्यो । यसरी विश्वमा शोषणको अन्त्य गर्ने स्वाधीनता वा आर्थिक समानतामध्ये एक कुरा मात्र ग्रहण गर्नुपर्ने वातावरण आयो । तर हामीले व्यक्तिगत स्वाधीनता र आर्थिक समानता दुवैलाई मान्यता दिएर शोषणरहित समाजको स्थापना गर्ने नयाँ सिद्धान्त अपनाएका छौं ।

१. शोषणरहित समाजको स्थापनामा पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य

हाम्रो पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य हाम्रो संविधानको प्रस्तावनामा र पञ्चायती प्रणालीको निर्देशक सिद्धान्तमा उल्लेख भएका छन्, जस अनुसार हाम्रो आर्थिक लक्ष्य चार कुरामा आधारित छन् ।

(क) शोषणरहित समाज
(ख) वर्गसमन्वय
(ग) साझा र निजीक्षेत्रलाई आर्थिक गतिविधिमा प्रश्रय
(घ) बढीभन्दा बढी जनतालाई आर्थिक विकास कार्यमा सम्मिलित गराउने

शोषणरहित समाजको सृजना गर्ने हाम्रो लक्ष्य वर्गसमन्वयको सिद्धान्तको आधारमा हुन्छ । साथै देशको आर्थिक विकासमा साझा र निजी उद्योगपतिहरूलाई पनि स्वतन्त्रता दिइनेछ । हामी आर्थिक समानताको नाउँमा वर्गसङ्घर्ष गरी एक वर्गको अर्को वर्गमाथि अनुचित आर्थिक दवाव कायम गर्ने पक्षमा छैनौं । हाम्रो व्यवस्था सबै वर्गको समान हितको पक्षमा छ । तर कसैले कसैमाथि शोषण गर्न भने दिइने छैन । साथै व्यक्ति वा वर्गको आर्थिक स्वतन्त्रतालाई उचित कदर गरिन्छ । तर त्यस्तो व्यक्ति वा वर्गको आर्थिक गतिविधिको शोषणको निम्ति प्रयोग हुनबाट रोक्न आवश्यक नियन्त्रण गरिन्छ । यसरी हाम्रो आर्थिक लक्ष्य पञ्चायती प्रजातन्त्रको मूल सिद्धान्तमा आधारित छ ।

२. कृषक मुख्य शोषित वर्ग

वर्गसमन्वयको सिद्धान्तको आधारमा शोषणरहित समाज सृजना गर्ने लक्ष्य अनुरूप पञ्चायती व्यवस्थाले हाम्रो देशमा प्रचलित आर्थिक शोषणको जरामै पहिलो प्रहार गरेको छ । हाम्रो देश ९३ प्रतिशत किसान भएको कृषिप्रधान देश हो । त्यति मात्र होइन, हाम्रो सम्पूर्ण आर्थिक स्रोत नै भूमिबाट हुने हुँदा भूमि नै शोषणको केन्द्र थियो । भूमिमाथि मुख्य गरी तीन प्रकारका शोषण हुन्थे ।

(क) उत्पादनको उचित हिस्सा पाउनबाट कृषकलाई वञ्चित गरेर,
(ख) जमीनमाथि किसानलाई कुनै हक दिनबाट वञ्चित गरेर,
(ग) मोहीको नाताले सामाजिक तथा अन्य शोषणहरू गरेर,

किसानको पसिनाले मात्र खेतमा हरियो धानको बाला लहलहाउँदैन, । तर त्यसरी घामपानी, गर्मी, जाडोको पर्वाह नगरी मिहिनेत गर्ने किसानले जग्गाधनीले निर्धारित गरे-बमोजिम कूत तिर्नु पर्दथ्यो । कूत ठेक्ने सर्वाधिकार भूमिपतिको भएकोले हुनाले किसानलाई पैदावारको उचित हिस्सा नदिई आर्थिक शोषण गरिन्थ्यो ।

तर भूमिपतिलाई खुशी तुल्याउनेबाहेक किसानसित अरू उपाय थिएन । किनभने मोहीलाई आपनो पसिनाले मलिलो पारेको खेतमा कुनै प्रकारको अधिकार थिएन । जग्गाधनीले आफ्नो इच्छामा मोही फेर्न पाउँदथ्यो । त्यसैकारण भूमिपतिले किसानलाई शोषण गर्ने प्रथा बढ्दै गयो ।

उपर्युक्त कारणले गर्दा भूमिपतिले किसानलाई अन्य शोषणहरू पनि गर्ने प्रथा चल्यो । त्यसमध्ये किसानलाई दासको रूपमा व्यवहार गर्ने, विना ज्याला तल्सीङको घरपरिवारको काम अनिवार्यरूपमा गर्नुपर्ने आदि सामाजिक शोषणहरू पनि प्रचलित भए ।

३. भूमिमाथिको शोषणका अन्य प्रभावहरू

भूमिको माध्यमबाट हुने शोषणबाट कृषकमा बाहेक समाजमा अन्यत्र पनि कुप्रभाव परेको देखिन्छ । किसानहरू आफ्नो गरीबी अवस्थाको कारणबाट सदैव उदासीन रहनु स्वाभाविक थियो । यसले गर्दा खेती गर्ने तरीकामा कुनै सुधार भएन र कृषि पैदावार यथावत रह्यो । राष्ट्रिय उत्पादनमा धक्का लाग्न गयो । अर्कोतर्फ जमीनमा मालिकहरूले शोषण गरी जेजति कमाउँथे, त्यो धनराशी मोजमज्जामा खर्च गरिन्थ्यो वा फेरि शोषण गर्ने उद्देश्यले अनुत्पादक काममा लगानी गरिन्थ्यो । गरीब किसानलाई सापट दिई अनेक युक्तिले शोषण नै गरिन्थ्यो ।

यस आर्थिक शोषणको परिणामस्वरूप अन्य शोषणहरू पनि बढ्दै गए । भूमिमाथिको शोषण प्रथालाई कायम राख्न शासन व्यवस्था पनि शोषक पक्षको हुनु आवश्यक हुन्छ । राणाकालीन निरङ्कुश शासन राजनीतिक शोषणको उदाहरण थियो । आर्थिक शोषणबाट धनी भएका र राजनीतिक शोषणबाट सुरक्षित शोषकहरूले समाजमा घृणित कुरीतिहरूको प्रचलन गर्दछन् । त्यसकारण अन्य शोषणहरूको मूल कारण पनि आर्थिक शोषण नै हो ।

४. शोषणको अन्त्य गर्न भूमिसुधार योजना

भूमिसुधार कार्यक्रम शोषणको अन्त्य गर्ने क्रान्तिकारी कदम हो । राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले स्वर्गीय श्री ५ महेन्द्र बाट "भूमि सम्बन्धी ऐन २०२१" जारी गरिबक्स्यो ।

भूमिसुधार ऐनमा शोषणको अन्त्य गर्नुको साथै कृषकहरूको जीवनस्तर उठाउने समेत लक्ष्य रहेको छ । भूमि सम्बन्धी ऐनबाट शोषणको अन्त्य गर्न उठाइएका केही मुख्य व्यवस्थाहरू क्रमशः बयान गरिन्छ ।

(क) कूत निर्धारण

जग्गाबाट हुने उत्पादनको आधारमा जग्गाको किसिम छुट्ट्याइएको छ । मुख्य वार्षिक बालीको आधाभन्दा बढ्ता इत लिन रोक लगाएको छ । काठमाडौं उपत्यकाको निम्ति छुट्टै कूत निर्धारण भएको छ । यसरी कानूनद्वारा कूत निर्धारण भएपछि मनोमानी तरीकाले कूत लिई गरिएको शोषणको अन्त्य हुनगयो । यसबाट हाम्रो व्यवस्थामा उत्पादनको न्यायोचित भाग दिलाउने लक्ष्यको परिपूर्ति हुन गएको छ । कूत निर्धारणको व्यवस्थाबाट एकातिर शोषणको अन्त्य भएको छ भने अर्कातिर किसानहरूमा अधिकतम उत्पादन गर्ने प्रोत्साहन स्वभावतः भएको छ ।

(ख) मोहियानी हकको संरक्षण

भूमिसम्बन्धी ऐनले ल्याएको अर्को क्रान्तिकारी परिवर्तन मोहियानी हकको सुरक्षाको कानूनी व्यवस्था हो । जग्गाधनीको जग्गामोहिको हैसियतले कसैले कमाई आएको रहेछ भने सो व्यक्तिलाई सो जग्गामा मोहियानी हक प्राप्त हुन्छ । मोहिलाई कानूनी तरीका बाहेक मोहियानी हकबाट निष्कासित गर्न पाइँदैन । यसरी वास्तविक जोताहालाई मोहियानी हक प्रदान गरेर भूमिसुधारले तिनीहरूलाई शोषणमुक्त गरेको छ । मनोमानी तरीकाले मोही निष्कासनमा प्रतिबन्ध लाग्नाले जग्गाधनीको शोषणको मनोवृत्ति क्षीण हुन्छ ।

(ग) जग्गाको हदबन्दी र वितरण

यस ऐनले व्यक्ति वा निजको परिवारले राख्न पाउने जग्गाको हद निश्चित गरी दिएको छ। सोभन्दा बढी भएको जग्गा श्री ५ को सरकारले कानून बमोजिम मुआवजा दिई लिनेछ । त्यस्तो हदभन्दा बढी भै प्राप्त हुन आएको जग्गा मोही र भूमिहीन किसान-हरूमा बिक्री वितरण गरिने व्यवस्था छ । यसप्रकार निश्चित हदसम्म मात्र जग्गा राख्न पाउँदा जग्गाधनी सामन्ती हुन पाउने छैनन् । नयाँ प्रकारको शोषणप्रथा पनि अन्त्य हुनेछ । अर्कोतर्फ जग्गा वितरणमा रहेको असमानतालाई घटाई सामाजिक न्यायको लक्ष्य प्राप्त गर्न समेत सकिनेछ ।

(घ) कृषकको जीवनस्तर उठाउन

भूमिसुधार कार्यक्रममा किसानलाई शोषणबाट मुक्त गर्नुको साथै उनीहरूको जीवनस्तर उठाउने लक्ष्य रहेको छ । कृषकहरूलाई उत्पादनको न्यायोचित भाग दिलाउनको साथै उत्पा-दनमा वृद्धि गर्न आधुनिक बीउ, मल आदिको सुविधा उपलब्ध गराएको छ । कृषकहरूलाई जग्गा किन्न दीर्घकालीन ऋण तथा खेतीपातीको निम्ति ऋण प्रदान गर्ने व्यवस्था पनि भूमि-सुधार कार्यक्रमको अभिन्न अङ्ग हो । यसरी कृषकहरूको जीवनस्तर उठाउन भूमिसुधारले महत्त्वपूर्ण काम गरेको छ ।

५. शोषणको अन्त्य गर्ने कदम

भूमिसुधार योजनाको प्रभाव कृषकहरूमा मात्र होइन, सर्वत्र परेको छ । शोषणको अन्त्य गर्ने सामाजिक कुरीतिहरू उन्मूलन गर्नु अनिवार्य छ। तसर्थ नयाँ मुलुकी ऐन लागू भयो । अल्पसङ्ख्यक भए तापनि मजदूरमाथि शोषण हुन नदिन मजदूर सङ्गठन स्थापना भयो । आफ्नो आफ्नो वर्गको हितको रक्षा गर्न वा शोषण गर्न नदिन कानूनको सहारा मात्र पर्याप्त हुँदैन, जनता आफैं पनि आफ्नो हितको रक्षा गर्न जागरूक हुनु आवश्यक छ । तसर्थ हाम्रो संविधानमा वर्गीय सङ्गठनको व्यवस्था गरिएको छ ।

६. वर्ग समन्वयको सिद्धान्त

भूमिसुधार कार्यक्रम पञ्चायती व्यवस्थाको वर्गसमन्वयको सिद्धान्तको आधारमा शोषणको अन्त्य गर्ने लक्ष्यको एक ज्वलन्त उदाहरण हो । किसानमाथिको शोषण प्रथा समाप्त गर्दा यस कार्यक्रमले अन्य वर्गलाई कुनै बाधा पुऱ्याएन । भूमिसुधार कार्यक्रम अन्तर्गत शोषकलाई शोषण गर्न रोकथाम गऱ्यो, तर कुनै दबाब दिने काम भएन । उदाहरणको निम्ति हदबन्दीभन्दा बढी भएको जग्गा श्री ५ को सरकारले उचित मुआवजा दिएर अधिग्रहण गरेको छ । अन्य वर्गमाथि किसानले आधिपत्य स्थापित गर्ने उद्देश्य यस कार्यक्रममा थिएन । किसान र अन्य वर्गका भूमि-सुधार कार्यक्रमले सौहार्दपूर्ण वातावरणको सृजना गऱ्यो । जग्गाधनी र किसानमा झैझगडा कम हुनगयो । तसर्थ शोषणरहित समाज स्थापना गर्ने काममा वर्गसमन्वयको सिद्धान्त स्पष्ट-रूपले सफल भएको छ ।

अभ्यास

१. शोषणरहित समाज स्थापना गर्न पञ्चायती व्यवस्थाले के कस्तो आर्थिक लक्ष्यहरू अप-नाएको छ ? वर्णन गर्नुहोस् ।

२. किसानवर्गलाई शोषणबाट मुक्त गर्न भूमिसुधार योजना अन्तरगत गरिएका व्यवस्थाका मुख्य कुराहरूको व्याख्या गर्नुहोस् ।

३. "हामीले व्यक्तिगत स्वाधीनता र आर्थिक समानता दुवैलाई समानता दिएर शोषणरहित समाजको स्थापना गर्न नयाँ सिद्धान्त अपनाएका छौं ।" यस कथनको व्याख्या गर्नुहोस् ।

४. तलका प्रत्येक भनाइको अन्तमा दिइएको खाली कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्

(क) पञ्चायती व्यवस्थाको आर्थिक लक्ष्य चार कुरामा आधारित छन् –

१. शोषणरहित समाज २. वर्गसमन्वय ३. साझा र निजी क्षेत्रलाई आर्थिक गतिविधिमा प्रश्रय र ४. बढीभन्दा बढी जनतालाई आर्थिक विकासमा सम्मिलित गराउने । ( )

(ख) मोहीयानी हकको संरक्षण र कूत निर्धारण गरेर भूमिसुधार ऐनले कृषकमाथि शोषणको अन्त्य गरेको छ । ( )

(ग) २०२० साल मार्ग १ गते राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले स्वर्गीय श्री ५ महेन्द्रबाट "भूमिसम्बन्धी ऐन" जारी गरिबक्सियो। ( )

(घ) भमिमाथि मुख्य गरी तीन शोषण हुन्थे —

१. उत्पादनको उचित हिस्सा कृषकलाई दिएर २. जमीनमाथि किसानलाई पूर्ण हक दिएर र ३. मोहीको नाताले सामाजिक तथा अन्य अधिकार दिएर । ( )

५. तलका प्रत्येक भनाइ अधिरहेका खाली कोठामा ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्

(क) भूमिसुधार कार्यक्रम पञ्चायती व्यवस्थाको वर्गसमन्वयको सिद्धान्तको आधारमा शोषणको अन्त्य गर्ने लक्ष्यको ज्वलन्त उदाहरण हो, किनभने भूमिसुधार कार्यक्रमले —

( ) मोहीयानी हकको सुरक्षा गरेर कृषकको जीवनस्तर उठाएको छ ।
( ) किसानलाई शोषणबाट मुक्त गरयो, तर यसले अन्य वर्गमाथि कुनै अनुचित दबाब दिएको छैन ।

( ) उपर्युक्त दुवै उत्तर ठीक छन् ।
( ) उपर्युक्त कुनै पनि उत्तर ठीक छैनन् ।

(ख) शोषणरहित समाज स्थापना गर्न कृषकलाई शोषणहरूबाट मुक्त गर्नुपर्दछ । हाम्रो देशमा कृषकवर्ग मुख्य शोषित वर्ग हो, किनभने —

( ) ९३ प्रतिशत जनसंख्या कृषिमा निर्भर गर्दछन् ।
( ) हाम्रो सम्पूर्ण आर्थिक स्रोत नै भूमि हो ।
( ) उपर्युक्त सबै उत्तर ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तर ठीक छैनन् ।

घरेलु उद्योग

थोरै पूँजी, बढी श्रम तथा सीपका आधारमा उत्पादन गर्ने व्यवस्थालाई घरेलु उद्योग भनिन्छ । कताइ, बुनाइ, माटाका भाँडाकुँडा बनाउने जस्तो सानासाना कामहरू घरेलु उद्योग हुन् । हाम्रो देशमा खास गरी गाउँघरतिर आफ्नो दैनिक उपभोगका वस्तुहरू घरमै बनाउने चलन छ । साथै फुर्सदको बेलामा डोको, नाम्लो पाखी, सुकुलहरू बनाई त्यसलाई बेचेर आफ्नो खर्च चलाउने चलन पनि छँदैछ । पञ्चायती व्यवस्थाले परिकल्पना गरेको गाउँगाउँको विकास-बाट देश विकास गर्ने लक्ष्य घरेलु उद्योगको आधुनिकीकरणबाट प्राप्त हुनसक्तछ ।

१. नेपालमा घरेलु उद्योगको अवस्था

हाम्रो देशमा घरेलु उद्योगको हजारौं वर्ष पुरानो इतिहास छ । हाम्रो देशमा भौगोलिक बनावटले गर्दा गाउँ, बस्ती, नगरहरूमा बस्ने प्रत्येक परिवारलाई आफ्नो दैनिक आवश्यकताका सामानहरू आफ्नै गाउँबाट उत्पादन गर्नु पर्दथ्यो । त्यसकारण आफलाई चाहिन लुगा, कपडा आफैं बुन्दथे । खेतीको लागि चाहिने कुटो, कोदालो गाउँमै बनाइन्थ्यो । घिउ, तेल आदि खानेकुराहरू घरघरमै तयार गरिन्थ्यो । घरेलु उद्योगमा नेपालीहरू स्वावलम्बी थिए ।

त्यति मात्र होइन, हाम्रा पूर्वजहरू निपुण शिल्पकार, हस्तकलाकार र प्रख्यात कालीगढ थिए । काठमाडौं उपत्यकाका काठ, धातुका मूर्ति, देवालय आदि विश्वका प्रसिद्ध प्राचीन कला मानिएका छन् ।

किराँतीहरूको राज्यकालमा पनि घरेलु उद्योगहरूको प्रचार थियो । प्राचीनकालदेखि नै नेपालमा घरेलु उद्योगहरूमा आधारित व्यापारको पनि निकै विकास भएको देखिन्छ । धातुका मूर्तिहरू, भाँडाकुँडा, हातले बनाइएका नेपाली कागत आदि सामानले निर्यात व्यापारमा वृद्धि गरेको थियो ।

यसरी घरेलु उद्योग नेपालमा आत्मनिर्भरताको साधन र आम्दानीको स्रोत दुवै थियो । घरेलु उद्योग विकास हुनाका कारणहरूमध्ये त्यस बेलाका शासकहरूको नीति पनि एक हो । किराँती, लिच्छवी, मल्ल राजाहरूको र शाहवंशी राजाहरूको घरेलु उद्योगको विकासको दिव्य उपदेशबाट सो कुरा स्पष्ट हुन्छ ।

तर पछि परिस्थितिले कोल्टो फेरयो । इस्ट इण्डिया कम्पनीको भारतमा दबदबा चल्यो । राणा शासकहरूले उनीहरूको बहकाउमा नेपालमा मेशीनबाट उत्पादित वस्तुहरू स्वतन्त्र रूपले पैठारी गर्न दिए । मेशीनबाट बनेका सामान स्वभावतः छाँट परेका, सस्ता र बलिया हुन्छन् ।

मेशीनबाट बनेका चीजसँग हाम्रो घरेलु उद्योगले प्रतिस्पर्धा गर्न सकेन । यसरी राणाहरूको अदूरदर्शी नीतिले गर्दा आफ्नो घरेलु उद्योग नाश हुँदै गयो । साथै हाम्रो आर्थिक बनोटमा ठूलो आघात परयो ।

२. घरेलु उद्योगको आवश्यकता र महत्त्व

२००७ सालपछि नेपाल बाह्य संसारको सम्पर्कमा आउँदा हाम्रो आर्थिक अवस्था पिछडिएको थियो । घरेलु उद्योग गतिहीन भएको थियो । हाम्रो देशको आर्थिक स्थिति तथा भौगोलिक बनोटको ढाँचाको विचार गर्दा घरेलु उद्योग साह्रै महत्त्वपूर्ण देखिन्छ ।

हाम्रो जस्तो कृषिप्रधान मुलुकमा घरेलु उद्योगको ठूलो आवश्यकता हुन्छ । धेरैजसो किसानहरू वर्षको केही महीनामात्र खेतीमा व्यस्त हुन्छन् । अरू समयमा उनीहरूको श्रमशक्तिको सदुपयोग गर्न घरेलु उद्योग लाभदायक छ । यसले कृषकहरूको आयस्रोत बढाउनको साथै राष्ट्रिय आयमा वृद्धि हुन्छ । घरेलु उद्योगको परिचालनद्वारा कृषि क्षेत्रमा देखापरेका निष्क्रिय जनशक्तिलाई उत्पादनमा लगाउन सकिन्छ।

खाद्यान्न प्रशोधन, बुनाइ, भाँडाकुँडा बनाउने काम इत्यादि आवश्यकताका सामानहरू उत्पादन कार्यमा घरेलु उद्योगको ठूलो योगदान छ । यसले हामीलाई स्वावलम्बी बनाउँछ । स्वदेशमा बनेका यस्ता सामानहरूले हाम्रो आवश्यकता पूरा गर्न सकेमा विदेशी आयत घट्न गै राष्ट्रिय धनको सञ्चय हुन जान्छ । अर्कोतिर हाल हाम्रो देशको वंश परम्परागत शिल्पकारहरूको निपुण कालीगढी सीपले परिपूर्ण मूर्ति, गलैंचा इत्यादि सामानहरूले विश्वबजारमा ठूलो अभिरुचि पैदा गरेको छ । यी सामानहरूको निर्यातबाट विदेशी मुद्राको आर्जनमा ठूलो मदत गर्दछ । पर्यटकहरू यस्ता चीजबीज किन्नमा ठूलो अभिरुचि लिन्छन् ।

घरेलु उद्योग खासगरी श्रम र सीपमा आधारित हुन्छन् । तसर्थ कम पूँजीको लगानी र श्रमको उपयोगबाट उत्पादन हुने घरेलु उद्योग हाम्रो देशको परिस्थितिमा अति उपयुक्त छ । यसले गर्दा बेरोजगारीको समस्या हट्न जान्छ र आयशक्तिको वृद्धि हुनेछ ।

हाम्रो देशमा शहरी क्षेत्रका आइमाईहरूलाई उत्पादन श्रम गर्ने मौका थोरै छ । मध्यम वर्गीय महिलाहरू सामाजिक रीति आदि कारणहरूले गर्दा प्रायः बेकार रहन्छन् त्यसरी खेर गएको जनशक्तिले गर्दा परिवारमा आयस्रोत कम हुने हुन्छ । बुनाइ, सिलाइ र यस्तै घरेलु उद्योगमा लागेमा पारिवारिक आर्थिक बोझ घटाउन तथा राष्ट्रिय आय वृद्धिमा ठूलो योगदान हुन्छ ।

पञ्चायती व्यवस्थाले परिकल्पना गरेको सर्वाङ्गीण विकासको निम्ति घरेलु उद्योगको ठूलो महत्त्व छ। स्थानीय साधन र श्रम परिचालन गरी स्थानीय विकास कार्य–सञ्चालन गराई देशमा उत्पादनको काम पूरा गर्न घरेलु उद्योग उपयुक्त छ । हाम्रो पञ्चायती व्यवस्थामा

गाउँ विकासको अभिभारा स्थानीय पञ्चायतलाई सुम्पेको हुन्छ । गाउँको विकासको निम्ति घरेलु उद्योग नै आधारभूत तथ्य हो ।

३. घरेलु उद्योग विकासको नीति र कार्यक्रम

घरेलु उद्योग विकास र प्रवर्द्धनलाई श्री ५ को सरकारले महत्त्वपूर्ण स्थान दिएको छ । २०१० सालमा फोर्ड फाउण्डेशन र श्री ५ को सरकारका बीच घरेलु उद्योग विकासको निम्ति सम्झौता भएको थियो । घरेलु उद्योगको विकासको संभाव्यता, तथ्याङ्क इत्यादि सङ्कलन कार्य सम्पन्न गरिएको थियो । २०१३ सालदेखि घरेलु उद्योगलाई योजनाबद्ध रूपले विकास गर्न श्री ५ को सरकारले विभिन्न कदमहरू चाल्दै आएको छ ।

प्रथम पञ्चवर्षीय योजनादेखि घरेलु उद्योग विकास गर्न विभिन्न कार्यक्रम सञ्चालन भैरहेको छ । त्यसमध्ये १. घरेलु उद्योग व्यावसायमा प्रोत्साहन दिने, २. घरेलु उद्योग तालीम केन्द्रको स्थापना गर्ने, ३. घरेलु उद्योगलाई आर्थिक सहायता उपलब्ध गराउने र उद्योग विकासको निम्ति आवश्यक तालीम दिने, तालीम प्राप्त व्यक्तिहरूलाई रोजगारी दिने; साधारण जनतालाई यस व्यवसायमा लाग्न प्रोत्साहन दिन ठाउँठाउँमा तालीम र उत्पादन केन्द्रहरू खोल्ने कार्यक्रम गर्दै आएको छ । जेल कारखाना र ठाउँठाउँमा असहाय कल्याण केन्द्रहरू स्थापना गरी स्वावलम्बी बनाउने योजना कार्यान्वयन गरिएका छन् ।

घरेलु उद्योग विकासको निम्ति श्री ५ को सरकारले लिएको औद्योगिक नीतिहरू निम्न प्रकारका छन् ।

१. कृषिमा निर्भर बढी कृषक जनशक्ति तथा पूंजीलाई शरीक गराई त्यस क्षेत्रमा उपलब्ध स्थानीय सीप र कोरा मालहरूको सदुपयोग तथा स्थानीय आवश्यकतालाई पूर्ति गराउने खालका उद्योगहरूको विकास गर्ने,

२. दुर्गम क्षेत्रलाई स्वावलम्बी बनाउने,

३. बसोबास गराएका ठाउँमा ग्रामीण तथा घरेलु उद्योगलाई प्रोत्साहन गन ।

उपर्युक्त नीति अनुसारका कार्यक्रमलाई पूर्णरूपले सफल बनाउन विभिन्न प्रकारका आयोजनाहरू तयार पारिएका छन् । जस्तोः– औद्योगिक सेवा आयोजना, हस्तकला प्रवर्द्धन आयोजना, प्राविधिक प्रशिक्षण आयोजना, उत्पादन आयोजना इत्यादि ।

हाम्रा पञ्चवर्षीय आयोजनाहरूमा पनि घरेलु उद्योगलाई महत्त्व दिइएको छ। यस्ता उद्योगलाई निम्न प्रकारले प्राथमिकता दिइएको छ :–

१. घर–घर जसो काम दिन सक्ने र मागको दृष्टिबाट पनि उपयुक्त देखिएकोले सूती र ऊनी कपडा उद्योगलाई प्राथमिकता दिने ।

२. हिमाली क्षेत्रजस्तो यातायातको असुविधा भएको क्षेत्रमा स्थानीय कोरा मालको उपयोग गरी स्थानीय आवश्यकतालाई पूर्ति गर्ने राडी, पाखी उद्योगलाई प्राथमिकता दिने ।

३. बेकारी र अर्ध बेकारी समस्याग्रस्त मध्य पहाडी क्षेत्रमा स्थानीय कोरा मालको उपयोग गर्ने । घरेलु तथा ग्रामीण उद्योगको अतिरिक्त बाहिरबाट कच्चा पदार्थ ल्याएर उत्पादन गर्नुपर्ने भए तापनि स्थानीय खपत हुने कपडा जस्तो उद्योगलाई प्राथमिकता दिने ।

४. पर्यटकहरूलाई चाख लाग्ने घरेलु र हस्तकला वस्तुहरूको विकास गर्न काठमाडौं उपत्यकामा धातु तथा काष्ठ–मूर्तिकलालाई विशेष जोड दिने ।

अभ्यास

१. नेपालमा घरेलु उद्योगको आवश्यकता र महत्त्वबारे चर्चा गर्नुहोस् ।

२. घरेलु उद्योग विकास गर्न श्री ५ को सरकारले लिएका विभिन्न नीति र कार्यक्रमहरूको उल्लेख गर्नुहोस् ।

३. पाँचौं योजनामा घरेलु उद्योग विकास गर्न के कस्ता नीति र कार्यक्रम राखिएका छन् ? संक्षेपमा लेख्नुहोस् ।

४. तलका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्

(क) हाम्रो देशको आर्थिक स्थिति तथा भौगोलिक बनावटको ढाँचा विचार गर्दा घरेलु उद्योग साह्रै महत्त्वपूर्ण छ, किनभने–

( ) कृषि क्षेत्रमा खेर गएको जनशक्तिको सदुपयोग हुन्छ ।
( ) हामीलाई स्वावलम्बी बनाउँदछ ।
( ) उपर्युक्त सबै उत्तर ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तर ठीक छैनन् ।

(ख) नेपालमा घरेलु उद्योगले दुई रूप लिएको छ । एकातिर यो आत्मनिर्भरताको साधन हो भने अर्कोतिर–

( ) दिन काट्ने उपाय हो ।
( ) शोखको काम हो ।
( ) उपर्युक्त दुवै उत्तर ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तर ठीक छैनन् ।

५. खाली ठाउँमा कोठाभित्र मध्येका उपयुक्त कुरा भर्नुहोस्

(क) घरेलु उद्योगमा विकास हुनाको कारणहरूमध्ये एक त्यस बेलाका शासकहरूको नीति पनि हो । किराँती, लिच्छवी, मल्ल र शाहवंशी राजाहरूले उद्योगको विकासको निम्ति . . . नियन्त्रण गरेका थिए ।

(१) स्वदेशी मालको उत्पादनमा (२) विदेशी मालको आयातमा

(३) सम्पूर्ण व्यापारमा

(ख) घरेलु उद्योग विकास र प्रवर्द्धनलाई श्री ५ को सरकारले महत्त्वपूर्ण स्थान दिएको छ । . . सालदेखि घरेलु उद्योगलाई योजनाबद्ध तरीकाले विकास गर्ने विभिन्न कदमहरू चाल्दै आएको छ ।

(१) २०११ (२) २०१३ (३) २०१७ (४) २०१९

(ग) घरेलु उद्योगको विकासको निम्ति विक्रीको व्यवस्थाको निकै ठूलो महत्त्व छ । खपत हुने खालका वस्तुहरूलाई . . . . गर्ने निःशुल्क गर्ने कार्यक्रम छ ।

(१) निरुत्साहित (२) प्रोत्साहित (३) देशव्यापी वितरण गर्ने ।

(घ) काठमाडौं उपत्यकाको काठ, धातुका मूर्ति, देवालय आदि विश्वका प्रसिद्ध . . . . . कला मानिन्छन् ।

(१) प्राचीन (२) आधुनिक (३) अत्याधुनिक

ठूला उद्योग

उद्योगहरूलाई धेरै प्रकारबाट वर्गीकरण गरिएको हुन्छ । हाम्रो औद्योगिक नीति २०३७ ले पूँजी लगानीको हिसाबमा उद्योगलाई चार तहमा वर्गीकरण गरेको छ। ती यस प्रकारका छन्:– (१) रू. दुई लाखसम्म स्थिर पूँजी लगानी भएमा ग्रामीण तथा घरेलु उद्योग, (२) रू. दुई लाख भन्दा बढी रू. बीस लाखसम्म स्थिर पूँजी लगानी भएकोलाई साना उद्योग, (३) रू. २० लाखभन्दा बढी रू. एक करोड स्थिर पूँजी लगानी भएकोलाई मझौला उद्योग र रू. एक करोड भन्दा बढी पूँजी लगानी भएको उद्योगलाई ठूला उद्योग भनी वर्गीकरण गरिएको छ । यस बाहेक उद्योगको स्वामित्वको आधारमा पनि उद्योगको वर्गीकरण गरिन्छ । जस्तै:– सरकारी क्षेत्र, निजी क्षेत्र, पब्लिक लिमिटेड कम्पनी, प्राइभेट लिमिटेड कम्पनी आदि ।

उत्पादन र सेवाको आधारमा हाम्रो औद्योगिक नीतिले उद्योगहरूलाई मुख्य आठ किसिममा विभाजन गरेका छन्, ती हुन्–

(१) उत्पादनमूलक उद्योग
(२) ऊर्जामूलक उद्योग
(३) कृषिमा आधारित विशेष उद्योग
(४) खनिज उत्खनन र प्रशोधन उद्योग
(५) पर्यटन उद्योग
(६) सेवा उद्योग
(७) मनोरञ्जन उद्योग
(८) जडान (एसम्बलिङ) उद्योग

यी उपर्युक्त आठ किसिमका उद्योगहरूलाई पनि विभिन्न प्रकारका उद्योगमा विभाजित गरिएको छ ।

१. नेपालमा ठूला उद्योगको प्रारम्भ

हाम्रो देशमा ठूला उद्योगहरूको स्थापना भएको धेरै वर्ष भएको छैन । संवत् १९९३ मा नेपालमा कम्पनी कानून जारी भएपछि हाम्रो देशमा ठूला उद्योगहरू स्थापना गर्न पाउने अवसर प्राप्त भएको थियो। त्यसै कानूनअन्तर्गत रू. १६ लाखको पूँजीले विराटनगर जूटमिल स्थापना भयो । त्यस जूटमिलबाट मुनाफा भएको हुँदा धेरै अन्य ठूला उद्योगहरू स्थापना गर्न हौसला बढ्यो । यसरी हाम्रो देशको औद्योगिक इतिहासमा संवत् १९९३ महत्त्वपूर्ण वर्ष हो ।

२. नेपालमा प्रारम्भिक ठूला उद्योग विकासको कारण

(क) दोस्रो विश्वयुद्धको संहारपूर्ण प्रभावले हाम्रा छिमेकी राष्ट्रहरूको आर्थिक व्यवस्था गतिहीन हुन गयो । त्यसको परिणामस्वरूप विश्व बजारमा उपभोगका सरसामानको अभाव

हुँदै गयो । यस्तो अभाव स्थिति नेपालमा ठूला उद्योगहरू स्थापना गर्न सहायक भयो । नेपालमा स्थापित विराटनगर जूटमिलले नाफा गरी उदाहरण पेश गरचो । वीरगञ्जमा मैच फ्याक्टरी आदि अन्य उद्योगहरूको पनि स्थापना भयो ।

(ख) त्यस बेलाको राणा सरकारले यी उद्योगहरूको विकास गर्न प्रोत्साहन दिने नीति लिएको थियो । राणा परिवारहरूले धेरै सङ्ख्यामा शेयरहरू किनेका थिए । भारतीय उद्योग–पतिहरूबाट पनि प्रशस्तमात्रामा पूँजी लगानी भएको थियो । साथै उद्योगलाई आवश्यक मेशीन कलपूर्जा आयात गर्दा पैठारी महसूल छुट दिएको थियो । निकासी भन्सार महसूलमा पनि धेरै प्रतिशत मिनाहा गरिएको थियो । यी सब उदारवादी सरकारी नीतिले गर्दा केही ठूला उद्योग-हरूको त्यस बखत विकास भयो ।

(ग) नेपालमा उत्पादित वस्तुहरूको निम्ति नेपालमा र भारतमा पनि बजार थियो । जूटको निम्ति बाह्य बजार थियो भने सलाई, चुरोटजस्ता वस्तु बाहिरबाट पैठारी हुन नसकेकोले नेपालमा नै यिनको प्रशस्त बजार र खपत थियो । यसकारण पनि उद्योगहरू नाफामा चल्न सक्थे ।

यसरी हाम्रो देशमा दोस्रो विश्वयुद्ध र त्यसबाट सृजना भएको परिस्थितिले औद्योगिक लहर आएको थियो ।

३. युद्धकालीन ठूला उद्योगहरूको असफलताको कारण

(क) तर युद्धको परिस्थिति सधैं रहिरहँदैन । दोस्रो विश्वयुद्ध समाप्त भएपछि सबै राष्ट्रहरूमा पुनर्निर्माण कार्य शुरू भयो । यसले गर्दा हाम्रा उद्योगहरूले पाएका बजार र खपत सुविधा घट्दै गए । त्यसकारण कतिपय ठूला उद्योगहरू नोक्सानमा चल्न थाले । कति उद्योग-हरू बन्द भए र कति उद्योगहरू घाटामा परेर उठ्न सकेनन् । हाम्रा उद्योगहरू असफल हुनुमा यसबाहेक अरू पनि कारणहरू छन् ।

(ख) हाम्रा उद्योगहरूमा प्राविधिक ज्ञानको कमी थियो । उद्योगहरू स्थापना गर्न आवश्यक सर्वेक्षण, लेखाजोखा गरिएका थिएनन् । युद्धबाट उत्पन्न परिस्थितिबाट फाइदा उठा-उन अदूरदर्शी विचारबाट ती प्रभावित थिए । उत्पादित वस्तुको गुण, कलपूर्जा चलाउने सीप, उद्योग सञ्चालन गर्ने क्षमता आदिको अभाव थियो, तसर्थ यी उद्योगहरू विकसित हुन सकेनन् ।

(ग) १९९३ सालको नेपाल कम्पनी कानूनमा कम्पनीको स्वामित्व बारेको गतिलो व्यवस्था थिएन । साथै मिलमा काम गर्ने मजदूरहरूको कुनै बन्दोबस्त थिएन । यसकारण पनि उद्योगधन्दामा मानिसहरूको उत्साह विलीन भएर गयो ।

(घ) ठूला उद्योगहरूलाई आवश्यक कच्चा पदार्थको राम्रो बन्दोबस्त हुन सकेन । बाहिर-बाट झिकाइएका कच्चा पदार्थहरूबाट सञ्चालित उद्योगले बजारमा प्रतिस्पर्धा गर्न सकेनन् ।

४. नेपालमा ठूला उद्योगको विकास

ठूला उद्योगहरूको विकास नभैकन हाम्रो वार्षिक अवस्थामा व्यवस्थाले लक्ष्य गरेको सुधार आउन सम्भव हुँदैन । दोस्रो विश्वयुद्धकालीन ठूला उद्योगहरूमध्ये केही उद्योगहरू अद्यापि चालू रहेका छन् । अरू धेरै उद्योगहरू पनि हालसाल खुलिरहेका छन् । जस्तैः– काठमाडौं सिमेन्ट कारखाना, हेटौंडाको कपडा कारखाना, भैरहवाको चीनी कारखाना आदि ।

२००७ सालको क्रान्तिपछि ठूला उद्योगहरूको बारेमा केही व्यवस्था भएको थियो । त्यसमध्ये १९९८ सालको नेपाल कम्पनी कानूनमा संशोधन, मिलमा काम गर्ने मजदूरहरूको हित, रक्षाको निम्ति कानूनी बन्दोबस्त र प्राइभेट कम्पनी खोल्न पाउने व्यवस्था गरिएको थियो । २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना प्रारम्भ भएपछि चालू उद्योगहरूको पुनरुत्थान र संवर्द्धन गर्ने कामको थालनी भयो । यस "नेपाल औद्योगिक विकास कर्पोरेशन" को २०१६ सालमा स्थापना भएको थियो ।

दोस्रो योजनाकाल अर्थात् २०१८ सालदेखि फेरी औद्योगिकीकरणमा नयाँ प्राण–सञ्चार भयो । हेटौंडा, काठमाडौं, पाटन र नेपालगञ्जमा औद्योगिक क्षेत्र स्थापना गरिए । मित्रराष्ट्रहरूको सहायताद्वारा सरकारी क्षेत्रमा केही प्रमुख ठूला उद्योगहरू स्थापित भए । ती मध्ये (१) वीरगञ्जमा स्थापित भएको वीरगञ्ज चीनी कारखाना, (२) जनकपुरमा स्थापित भएको जनकपुर चुरोट कारखाना, (३) काठमाडौंमा स्थापित भएको छाला जुत्ता कारखाना (४) ईंटा टायल कारखाना, (५) सिमरामा स्थापित भएको कृषि औजार कारखाना आदि छन् । गैर सरकारी क्षेत्रमा जूट, चिया, कपडा, कागत, सिमेन्ट, बिस्कुट आदि ठूला उद्योगहरूलाई प्रोत्साहन दिने नीति रहेको छ । उत्साहवर्द्धक नीति र कार्यक्रम नै कुनै पनि उद्योगको विकासको निम्ति प्रमुख आवश्यक हुन् । तसर्थ हाम्रो देशमा भविष्यमा ठूला उद्योगहरू विकास हुनेछन् भन्ने आशा गर्न सकिन्छ ।

५. राष्ट्रिय अर्थतन्त्रमा ठूला उद्योगको महत्त्व

हाम्रो अर्थतन्त्र कृषिप्रधान रहेको छ । कृषिमा मात्र ९३ प्रतिशत जनभार रहनाले हाम्रो विकासको गतिमा तीव्रता आउन पाउँदैन र पञ्चायती व्यवस्थाको गरीबी हटाउने लक्ष्य पूरा हुन कठिन पर्दछ । आर्थिक विकासको निम्ति कृषि र उद्योगमा सन्तुलन कायम हुनु जरूरी छ । तसर्थ हाम्रो जीवनस्तर उठाउन ठूला उद्योगहरूको महत्त्वपूर्ण स्थान छ । ठूला उद्योगहरूको स्थापनाले रोजगारीको अवसर बढी सुलभ हुन्छ । कृषिमा बढी भएको श्रमशक्तिको यहाँ सदुपयोग हुन्छ । यसरी ठूला उद्योगको विकासले देश विकासको काममा टेवा दिन्छ ।

कृषि पैदावारमा आधारित ठूला उद्योगहरूको स्थापनाले उद्योगको साथै कृषिको पनि विकास हुन्छ । कृषकहरूले नगदे बाली उत्पादन गरी आयस्रोत बढाउन पाउँदछन् । कृषक-

हरूको आयस्रोत बढेपछि क्रयशक्तिमा वृद्धि हुन्छ र ठूला उद्योगहरूद्वारा उत्पादित वस्तुहरूको बजार खपत बढ्दछ । यसरी ठूला उद्योगले राष्ट्रिय आय र प्रति व्यक्ति आयमा प्रभावकारी वृद्धि गर्दछन् ।

तर औद्योगिकीकरण सरल काम होइन । हाल चालू योजनामा स्वदेशी कच्चा पदार्थ र कृषिमा आधारित उद्योगहरूलाई प्राथमिकता प्रोत्साहन दिने नीति अपनाइएको छ । साथै वन पैदावार र खनिज पैदावारमा आधारित उद्योगहरू स्थापना गर्ने नीति लिइएको छ । औद्योगिक विकासको एक प्रमुख आधार यातायात हो । तसर्थ पहिलेको योजनाले यातायातलाई पहिलो प्राथमिकता दिएको थियो ।

ठूला उद्योगहरूले विभिन्न प्रकारका आर्थिक क्षेत्रहरूलाई साथसाथै विकास गर्दछन् । उदाहरणको निम्ति कलकारखानाबाट उत्पादित वस्तुहरूद्वारा व्यापारको वृद्धि हुन्छ । खनिज पदार्थ आदि वस्तुको उपयोग बढ्दछ । साथै ठूला उद्योगलाई आवश्यक सानासाना सामग्रीहरू तथा कच्चा पदार्थहरू उत्पादन गर्ने घरेलु र साना उद्योगहरूको पनि विकास हुन्छ । तसर्थ ठूला उद्योगको हाम्रो अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान छ ।

अभ्यास

१. नेपालमा ठूला उद्योगहरू कसरी प्रारम्भ भए र किन युद्धकालीन ठूला उद्योगहरू असफल भए ? लेख्नुहोस् ।

२. नेपालमा ठूला उद्योगहरूको पुनरुत्थान र विकास कसरी भयो ? वर्णन गर्नुहोस् ।

३. ठूला उद्योगको परिभाषासहित राष्ट्रिय अर्थतन्त्रमा यसको महत्त्वबारे चर्चा गर्नुहोस् ।

४. तलका प्रत्येक भनाइको अन्त्यमा दिइएको खाली कोठाभित्र ठीक भनाइको निम्ति यस्तो (√) चिन्ह र बेठीक भनाइको निम्ति यस्तो (×) चिन्ह दिनुहोस्

(क) आर्थिक विकासको निम्ति कृषि उद्योगमा सन्तुलन कायम हुन जरूरी छ । ( )

(ख) संवत् १९९३ सालमा नेपाल कम्पनी कानून जारी भएपछि हाम्रो देशमा ठूला उद्योगहरू स्थापना गर्न पाउने अवसर प्राप्त भएको थियो । ( )

(ग) हाम्रो देशमा विश्वयुद्ध र त्यसबाट सृजना भएको परिस्थितिले औद्योगिक विकास सम्भव हुन गयो । ( )

(घ) २००७ सालको क्रान्तिपछि नेपाल कम्पनी कानूनमा संशोधन गरियो । मिलमा काम गर्ने मजदूरहरूको हित र रक्षाको निम्ति कानूनको बन्दोबस्त भयो र प्राइभेट लिमिटेड कम्पनी खोल्न पाउने व्यवस्था गरियो । ( )

५. तलका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उत्तरका निम्ति यस्तो (√) चिन्ह लगाउनुहोस्

(क) युद्धकालीन ठूला उद्योगहरू युद्धपछि असफल हुँदै विलीन भएर गए । किनभने–

( ) हाम्रा उद्योगहरू नाफामा चल्न थाले ।

( ) ठूला उद्योगहरू काठमाडौंमा स्थापना भएका थिए ।

( ) हाम्रा उद्योगहरूले पाएका बजार खपत सुविधा घट्दै गए ।

( ) विदेशी उद्योगपतिहरूले नाफा कमाउन थाले ।

(ख) कृषि पैदावारमा आधारित ठूला उद्योगहरूको स्थापनाले उद्योगको साथै कृषिको पनि विकास हुन्छ । किनभने –

( ) कृषकहरूले धेरै पैसा कमाउँछन् ।

( ) ठूला उद्योगहरूका सङ्ख्या बढ्दछ ।

( ) दुवै उत्तर ठीक छन् ।

( ) सबै उत्तर ठीक छैनन्

खण्ड चार

सामाजिक पक्ष

नयाँ मुलुकी ऐन

कानून मानिसहरूको सामाजिक चालचलन रीतिस्थिति व्यवस्थित गर्ने नियम हो । मानव समाजको कानूनले न्यायनिसाफ कायम गर्दछ । कानून भएन भने बलियोले निर्धोलाई जे गरे पनि हुन्छ । तसर्थ हामीलाई कानूनको जरूरत छ । हामीहरूमा नयाँनयाँ कुराहरू सिक्ने बानी छ । नयाँ कुरा जानेपछि हाम्रो चालचलन, रीतिस्थिति र विचारहरूमा परिवर्तन आउँछ । त्यसैल हाम्रो समाजलाई परिवर्तनशील समाज भनिन्छ । कानून पनि समाजमा आएको परिवर्तन अनुसार सुधार हुँदै जानुपर्छ ।

संवत् १९१० मा श्री ५ सुरेन्द्र वीर विक्रम शाहको राज्यकालमा नेपालमा पहिलो मुलुकी ऐन बनेको थियो । त्यही मुलुकी ऐन हाम्रो देशको पहिलो लिखित कानून हो ।

१. पहिलो मुलुकी ऐन र सामाजिक कुरीतिहरू

त्यस मुलुकी ऐनमा धेरै कुरीतीहरूलाई कानूनी मान्यता दिइएको थियो । त्यस बेलामा हाम्रो समाजमा सबैजसो व्यक्तिहरूमा कोही ठूलो हुन्छ, कोही सानो हुन्छ भन्ने जस्ता अन्धविश्वास थिए । राणाहरूको निरङ्कुश शासनले त्यस्तो अन्धतिश्वासलाई झन् बढाई दिएको थियो । त्यसैले पहिलो मुलुकी ऐनमा ती अन्धविश्वासमा आधारित कुराहरू थिए । हामी नेपाली दाजुभाइहरू कोही सानो जात, कोही पानी नचल्ने जात र कोही ठूला जातमा विभाजित गरिएका थियौं । छुवाछुतमा कुरीतिहरू प्रशस्तमात्रामा प्रचलित थिए । त्यतिमात्र होइन, जातभातको आधारमा ठूलो भेदभाव हुन्थ्यो, एउटै कसूरमा ठूलो जातलाई घटी र सानो जातलाई बढी सजायँ हुन्थ्यो । पानी नचल्ने जातलाई छुन अपराध मानिन्थ्यो ।

सानै उमेरमा कन्याहरूको विवाह गरिदिने चलन थियो । ७ वर्षको कन्याको विवाह ६० वर्षको बूढासँग गरिदिए पनि पहिलो मुलुकी ऐनले बाधा पार्दैनथ्यो । त्यतिमात्र होइन, एक जना लोग्ने मानिसले जति पनि स्वास्नी मानिससँग विवाह गर्न पाउने कुप्रथा चलेको थियो । बालविवाह जस्तो कुरीतिले गर्दा धेरै नारीहरूले उमेर छँदै विधवा भएर बस्नुपर्दथ्यो । यसरी मुलुकी ऐनमा छुवाछुत, जातभातका भेदभाव, बालविवाह र बहुविवाह जस्ता सामाजिक कुरीतिहरू व्याप्त थिए ।

२. नेपालमा सामाजिक चेतनाको जागरण

हामी सधैं अन्धविश्वासको शिकार भएर बस्दैनौं । २००७ सालमा स्वर्गीय राष्ट्रपिता

श्री ५ त्रिभुवनको छत्रछायामा नेपालमा प्रजातन्त्रको निम्ति जनक्रान्ति सफल भयो । त्यस क्रान्तिले हाम्रो समाजमा, हाम्रो विचारधारामा ठूलो परिवर्तन ल्यायो । नेपालीहरू प्रजातान्त्रिक विचारधाराले प्रभावित भए । जातले कुनै ठूलो सानो हुँदैन भन्ने कुरा थाहा पायौं । बालविवाह अत्याचार हो भन्ने कुरा जान्यौं । नेपालमा शिक्षाको प्रचार भयो । अन्तरराष्ट्रिय जागरणको मूल ढोका खोलियो ।

३. नयाँ मुलुकी ऐनको प्रारम्भ

२०१९ सालमा स्वर्गीय श्री ५ महेन्द्रबाट पञ्चायती व्यवस्थाको संविधान जारी गरिबक्सियो । उक्त संविधानमा कुनै नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजातिको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक प्रदान गरिएको छ । साथै प्रजातान्त्रिक न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्ने पञ्चायती व्यवस्थाको उद्देश्य रहेको छ । त्यस्तो समाज सृजना गर्ने मार्गमा बाधाहरू हटाउनु आवश्यक भयो । त्यसैले २०२० भाद्र १ गते संशोधित नयाँ मुलुकी ऐन जारी गरिबक्स्यो । सामाजिक जागरणको साथसाथै मुलुकी ऐनको संशोधन हुँदै आयो । वर्तमान श्री ५ महाराजाधिराज सरकारबाट मुलुकी ऐन छैटौं संशोधन २०३२ जारी गरिबक्स्यो । नयाँ संशोधनबाट नेपाली नारीहरूलाई थप हक र सुविधा प्रदान गरिबक्सेको छ ।

४. नयाँ मुलुकी ऐनले ल्याएका सुधारहरू

नयाँ मुलुकी ऐनमा अन्धविश्वासमा आधारित कुरीतिहरू समाप्त गरिएका छन् । जातभातको आधारमा घटीबढी सजायँ गर्ने कुप्रथाहरू रद्द गरिएका छन् । एकै प्रकारको कसूरको निम्ति एकै प्रकारको सजायँ हुने व्यवस्था गरिएको छ । छुवाछुत अर्थात् सानो जातले ठूलो जातलाई छुनसम्म पनि अपराध हो भन्ने कुरालाई कानूनी मान्यता दिइएन । संविधानले दिएको समानताको हकको सबैले उपयोग गर्न पाएका छन् ।

विवाह सम्बन्धी पुराना कुरीतिहरूमा पनि सुधार गरयो । संशोधनको अनुसार संरक्षकको मञ्जूरी भएमा लोग्ने मानिसको उमेर १८ वर्ष र स्वास्नी मानिसको उमेर १६ वर्ष पुगेको हुनुपर्दछ । संरक्षकको मञ्जूरी नभए लोग्ने मानिसको उमेर २१ वर्ष र स्वास्नी मानिसको उमेर १८ वर्षको हुनुपर्दछ । उमेर नपुगी विवाह भएकोमा विवाह बदर हुन सक्दछ । बहु-विवाह गर्ने लोग्ने मानिस र स्वास्नी मानिस दुवैलाई रोक लगाएको छ । वेश्यावृत्तिलाई निर्मूल गर्ने, वेश्यावृत्तिमा लाग्ने लोग्ने मानिस, स्वास्नी मानिस वा मध्यस्थ सबैलाई कडा सजायँको व्यवस्था गरिएको छ । ३५ वर्ष पुगेको अविवाहित छोरीले छोरासरह अंश पाउने व्यवस्था गरिएको छ । स्वास्नी मानिसको राजिखुशीले बाहेक करकापले विवाह गरिदिनेलाई कैदको

सजायँ हुन सक्तछ । स्वास्नी जीवित छँदै कानूनबमोजिम बाहेक अर्को विवाह गर्न पाईँदैन । बहुविवाह गर्ने कुप्रथा नयाँ मुलुकी ऐनले निर्मूल गरेको छ ।

यसरी नयाँ मुलुकी ऐनले हाम्रो समाजमा रहेको कुरीतिहरूमाथि कानूनी रूपबाट प्रतिबन्ध लगाएको छ ।

अभ्यास

१. पुरानो मुलुकी ऐन किन खारेज गर्नु परयो ? कारण बताउनुहोस् ।

२. नयाँ मुलुकी ऐनले ल्याएका सुधारहरूको वर्णन गर्नुहोस् ।

३. कानून भनेको के हो ? कानूनमा समयानुकूल परिवर्तन किन आवश्यक छ ? स्पष्ट गरी लेख्नुहोस् ।

४. खाली ठाउँमा कोठा भित्रमध्येको उपयुक्त कुरा भर्नुहोस्

(क) नयाँ मुलुकी ऐन अनुसार लोग्ने मानिसको उमेरमा .....भन्दा बढी फरक हुनुहुँदैन ।

(१) १८ वर्ष (२) २० वर्ष (३) २५ वर्ष (४) ४० वर्ष

(ख) विवाह गर्दा संरक्षकको स्वीकृति भएमा स्वास्नी मानिसको उमेर....वर्ष हुनुपर्दछ।
(१) १४ (२) १६ (३) १८ (४) २१

(ग) .....मुलुकी ऐनमा छुवाछुत, जातभात , भेदभाव, बालविवाह र बहुविवाहलाई मान्यता दिइएको थियो ।
(१) पुरानो (२) नयाँ (३) दुवै (४) सबै

(घ) नयाँ कुरा जानेपछि हाम्रो चालचलन, रीतिस्थिति र विचारहरूमा परिवर्तन आउँदछ । त्यसले कानूनमा पनि ती परिवर्तन अनुसार.....हुँदै जानुपर्दछ ।
(१) सुधार (२) रीतिस्थिति (३) भेदभाव (४) चलन

(ङ) .....भाद्र १ गते संशोधित नयाँ मुलुकी ऐन जारी गरिबक्स्यो ।
(१) २०१९ साल (२) २०२१ साल (३) २०१५ साल (४) २०२० साल

५. ८० पेजमा दिइएका प्रत्येक भनाइ अघिरहेका खाली कोठामा ठीक उतरका निम्ति यस्तो चिन्ह (√) लगाउनुहोस्

(क) नयाँ मुलुकी ऐनमा जातभातको आधारमा घटीबढी सजायँ गर्ने कुप्रथा रद्द गरियो, किनभने–

( ) हाम्रो संविधानले समानताको हक प्रदान गरेको छ ।
( ) जातभातको भेदभाव सामाजिक कुरीति हो ।
( ) उपर्युक्त दुवै उत्तर ठीक छन् ।
( ) उपर्युक्त सबै उत्तर ठीक छैनन् ।

(ख) बहुविवाह, बालविवाह र अनमेलविवाहहरू सामाजिक कुरीति हुन्, किनभने यिनले–

( ) पारिवारिक जीवनमा अव्यवस्था ल्याउँदछन् ।
( ) समाजमा कलङ्क ल्याउँदछन् ।
( ) समाजमा गरीबी ल्याउँदछन् ।
( ) स्त्रीलाई पुरुषभन्दा कम अधिकार दिन्छन् ।

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ.. २
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिड्छ
खुकुरीको डोबमित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ.. २
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाघ र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ढेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हाम्रो माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनाराको रङ्ग, त्यो पनि त नीलो हुन्छ.
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

पञ्चायत